सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१ भदौ २०८०, शुक्रबार (18 Aug 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

तस्करीको सुनसँगै उदांगिएको राज्यको भुत्ते सूचना संयन्त्र



टोखामा व्यवस्थित ढंगले बनाइएका सुन पगाल्ने गोदाममा तस्कर चिल्ला कारमा आउँथे र निर्वाध ढंगले सुन हालेर लैजान्थे

विस्तृत समाचार पृष्ठ ३

अमेरिकाबाट सिकेर रुसले बनाएको थियो वाग्नर समूह



निजी सैन्य कम्पनीले शक्ति मुलुकलाई हिंसा र अत्याचारको जवाफदेहिताबाट उम्किने चोरबाटो दिएको छ भने युद्धको वास्तविक लागतलाई गलत रूपमा प्रस्तुत गर्ने माध्यम प्रदान गरेको छ।

● इब्राहिम अल-मरासी (पृष्ठ ७)

लगानी जुटाउन नसकेका १०८१ मेगावाटका ६४ आयोजनाको पिपिए खारेज हुँदै

सरकारी प्रतिवेदनको सिफारिस- सय मेगावाटसम्मका आयोजनाले पिपिए गरेको दुई वर्षसम्म लगानी नजुटाए खारेज गर्नू

विस्तृत समाचार पृष्ठ ९

कर्नर किक

● रवि मिश्र



सिंहदरबारमा बेथिति : अर्थ मन्त्रालयमा सवारी सुविधा पाउने कर्मचारी ११, तर गाडी छन् ८०

उच्चस्तरीय तलब सुविधा आयोगलाई अटेर गर्दै १५ मन्त्रालयले सवारीसाधनको संख्या र सुविधा पाउने कर्मचारीको विवरण नै उपलब्ध गराएनन् । विवरण बुझाउने ६ मन्त्रालयमा पनि बेथिति देखियो, सवारी सुविधा पाउने ४३ कर्मचारी मात्रै हुँदा गाडी भने २०७ छन् ।

सुवास भट्ट / नयाँ पत्रिका

संघीय सरकारले हरेक वर्ष फजुल खर्च नियन्त्रण गर्ने घोषणा गरे पनि मन्त्रालयहरूमा सवारी सुविधाको व्यापक दुरुपयोग भएको पाइएको छ। ठूला ६ मन्त्रालयमा सवारी सुविधा पाउने कर्मचारी ४३ जना मात्रै छन्, तर गाडी भने झन्डै पाँच गुणा बढी अर्थात् दुई सय सातवटा छन्। सरकारले ०७९ मा गठन गरेको उच्चस्तरीय तलब सुविधा आयोगले अर्थ, रक्षा, महिला तथा बालबालिका, वन, स्वास्थ्य र गृह मन्त्रालयमा सवारी सुविधाको दुरुपयोग भएको फेला पारेको हो।

अर्थ मन्त्रालयमा सवारी सुविधा पाउने कर्मचारी ११ जना रहेकामा चारपांग्रे सवारी भने ८० वटा छन्, जसमा सवारीचालक ३२ छन्। त्यस्तै, वन मन्त्रालयमा सात कर्मचारीका लागि ३३ गाडी र १० चालक छन्। स्वास्थ्यमा नौ कर्मचारीका लागि २९ गाडी र १७ चालक तथा गृह मन्त्रालयमा सात कर्मचारीका लागि २९ गाडी र ६ चालक रहेको आयोगको प्रतिवेदनमा छ। त्यस्तै, महिला, बालबालिका मन्त्रालयमा चार कर्मचारीका लागि २० गाडी र १० चालक छन् भने रक्षामा सवारी सुविधा पाउने पाँच कर्मचारी रहेकोमा १६ गाडी र तीनजना सवारीचालक छन्।

'सामान्यतः मन्त्रालयहरूमा सवारीसाधनको व्यवस्था कर्मचारी चढ्नकै लागि गरिएको हुन्छ, अन्य प्रयोजनका लागि मन्त्रालयका गाडी खासै प्रयोग हुँदैनन्,' पूर्वसचिवसमेत रहेका उच्चस्तरीय तलब सुविधा आयोगका सदस्य विमल वाग्लेले भने, 'त्यसैले सुविधा पाउने पदाधिकारी-कर्मचारीभन्दा अत्यधिक सवारीसाधन हुनु अस्वाभाविक हो।'

» पृष्ठ ११ मा क्रमशः



तस्बिर : विपेन्द्र डुंगाना / नयाँ पत्रिका

६ मन्त्रालय : तथ्यांकमा सवारी सुविधा पाउने कर्मचारी, गाडी र चालक

मन्त्रालय	सुविधा पाउने कर्मचारी	चारपांग्रे सवारी	सवारी चालक
अर्थ	११ जना	८०	३२ जना
वन	७ जना	३३	१० जना
स्वास्थ्य	९ जना	२९	१७ जना
गृह	७ जना	२९	६ जना
महिला	४ जना	२०	१० जना
रक्षा	५ जना	१६	३ जना
जम्मा	**४३ जना**	**२०७ वटा**	**७८ जना**

कर्मचारीभन्दा अत्यधिक सवारीसाधन हुनु अस्वाभाविक

● **विमल वाग्ले**, पूर्वसचिव तथा उच्चस्तरीय तलब सुविधा आयोगका सदस्य



सामान्यतः मन्त्रालयहरूमा सवारीसाधनको व्यवस्था कर्मचारी चढ्नकै लागि गरिएको हुन्छ, अन्य प्रयोजनका लागि मन्त्रालयका गाडी खासै प्रयोग हुँदैनन्। त्यसैले सुविधा पाउने पदाधिकारी-कर्मचारीभन्दा अत्यधिक सवारीसाधन हुनु अस्वाभाविक हो। सुविधा पाउने कर्मचारीभन्दा धेरै गाडी सिंहदरबारभित्रै छन्। गाडी खरिद गर्ने सम्बन्धमा सरकारी निकायको कुनै स्पष्ट नीति नै भएन। यसको बेथिति नियन्त्रण गर्ने काम पनि भएको छैन।

सात वर्षमा गाडी खरिद, इन्धन र मर्मतमा ४४ अर्ब ७१ करोड खर्च

अर्थ मन्त्रालयको तथ्यांकअनुसार पछिल्ला सात वर्षमा १५ अर्ब ३१ करोडका सवारीसाधन खरिद गरिएका छन्। सोही अवधिमा इन्धनमा १९ अर्ब ३९ करोड र मर्मततर्फ १० अर्ब एक करोड रुपैयाँ खर्च भएको छ। सात वर्षमा यी तीन शीर्षकमा कुल ४४ अर्ब ७१ करोड रुपैयाँ खर्च भएको देखिन्छ। महिनामै एउटा गाडीको एक लाख रुपैयाँभन्दा बढी भाडा तिरेर ठेक्का रकममै समावेश गरिएका सवारीसाधनको खर्च निकाल्ने कुनै स्रोत नभएको, तर त्यस्तो रकम अर्बौंसम्म रहेको प्रतिवेदनमा उल्लेख छ। यसरी गरिएको खर्च सवारीसाधनको कुल खर्चमा समावेश पनि हुँदैन। विकास निर्माणमा कन्टिजेन्सीबाट हुने गाडी तथा इन्धन खर्च पनि कुल खर्चमा समावेश छैन। कतिपय भन्सार जफत गाडीहरू सञ्चालनमा रहे पनि तिनको वास्तविक खर्च पनि यकिन छैन।

फजुल खरिद गरिएका सवारीका नाममा इन्धन र मर्मतको दुरुपयोग उस्तै

फजुल खरिद गरिएका सवारीसाधनको नाममा इन्धन र मर्मतमा पनि उस्तै विकृति रहेको आयोगले औंल्याएको छ। 'सरकारी सवारीसाधन खरिदमा मितव्ययिता कायम नभएको अवस्था एकातिर छ भने सवारीसाधन खरिद भइसकेपछि त्यसको इन्धन, मर्मत र चालकको खर्चमा झन् ठूलो दायित्व थपिने गरेको छ,' प्रतिवेदनमा भनिएको छ। सुविधाधारीले प्रयोग गरेकाबाहेकका गाडीलाई पुलमा राखेर सञ्चालन गरिँदै आएको छ। सरकारले सुविधा पाउनेका हकमा इन्धनको सीमा तोकेको छ। कर्मचारी तथा पदाधिकारीलाई इन्धन सुविधा उपलब्ध गराउने सम्बन्धमा कार्यसञ्चालन निर्देशिका, २०७७ अनुसार सचिवले सय र सहसचिवले ७० लिटर मासिक रूपमा इन्धन पाउँछन्। तर, पुलका सवारीसाधनका हकमा यस्तो सीमा छैन। 'पुलका सवारीसाधनका नाममा सञ्चालन भएका यस्ता सवारीसाधनहरूमा खपत हुने इन्धनको परिमाण पनि नतोकिने हुनाले यस्ता सवारीसाधनको खर्च झन् बढी हुने गरेको छ,' प्रतिवेदनमा उल्लेख छ। हालका वर्षहरूमा सवारीसाधन खरिद, मर्मत र इन्धनमा ठूलो रकम खर्च भइरहेको भन्दै प्रतिवेदनमा आर्थिक वर्ष ०७८/७९ मा इन्धनमा दुई अर्ब ९७ करोड १८ लाख ८२ हजार र मर्मतमा एक अर्ब ८७ करोड ५१ लाख ७४ हजार रुपैयाँ खर्च भएको खुलाइएको छ। एकपटक खरिद गरेपछि सवारीसाधनलाई आवधिक सर्भिसिङबाहेकको खर्च नहुनुपर्नेमा बर्सेनि मर्मत खर्चसमेत उच्चदरमा बढेको प्रतिवेदनमा उल्लेख छ।

रंगशाला स्तरोन्नतिमा भएको भ्रष्टाचारमा राजविराजका मेयर भीमराज यादव दोषी ठहर

■ ०७३/७४ मा गरेको भ्रष्टाचारमा मेयर यादवसहित अर्का ठेकेदार उदय श्रेष्ठलाई जनही दुई लाख ६३ हजार जरिवाना र उति नै बिगो भराउने फैसला, इन्जिनियर श्रेष्ठलाई तीन महिना कैद

नयाँ पत्रिका

स्थानीय राज रंगशाला स्तरोन्नति ठेक्कामा भ्रष्टाचार गरेको मुद्दामा सप्तरीको राजविराज नगरपालिकाका मेयर भीमराज यादव दोषी ठहर भएका छन्। ठेकेदार कम्पनी न्यु गाहिल कन्स्ट्रक्सनका सञ्चालक यादवलाई विशेष अदालतले दुई लाख ६३ हजार चार सय ६८ रुपैयाँ जरिवाना र उति नै बिगो असुलउपर गर्न आदेश दिएको हो।



भीमराज यादव

यसै मुद्दामा उदय निर्माण सेवाका सञ्चालक उदय श्रेष्ठलाई पनि दुई

» पृष्ठ ११ मा क्रमशः

के हुन्छ मेयर पद ?

अख्तियारले अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेलगत्तै मेयर भीमराज यादव निलम्बनमा छन्। अब भने फैसला नै आएको छ। तर, सुरु अदालतबाट भएको फैसलाविरुद्ध प्रतिवादी सर्वोच्च जाने अधिकार रहेकाले तत्काल उनी निर्वाचित तहमा उपनिर्वाचन हुँदैन।

'सुरु अदालतबाट भएको फैसलाविरुद्ध पुनरावेदन जाने अधिकार हुन्छ। अन्तिम किनारा लागेपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पद रिक्त भएको भनी आयोगलाई पत्राचार गरेपछि मात्र उपनिर्वाचनको प्रक्रिया अघि बढ्ने हो,' निर्वाचन आयोगका एक अधिकारीले भने। हाल देशभरका झन्डै डेढ दर्जन स्थानीय तह प्रमुखविहीन छन्।

■ नक्कली भुटानी शरणार्थी प्रकरण

उच्च अदालत गएका सबैको सुनुवाइ एकसाथ गर्न आदेश



हरिप्रसाद पौडेल



किरणकुमार पोखरेल

■ थुनामा रहेका १० अभियुक्तको निवेदनमाथि बिहीबार उच्च अदालत पाटनका न्यायाधीशद्वय हरिप्रसाद पौडेल र किरणकुमार पोखरेलको संयुक्त इजलासबाट भएको आदेशमा भनिएको छ-

यसमा काठमाडौं जिल्ला अदालतको मिति ०८०/३/१ को थुनछेक आदेशले थुनामा राखेउपर अन्य प्रतिवादीहरूको र धरौटी मागेउपर वादी नेपाल सरकारको समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन परेको भन्ने कानुन व्यवसायीहरूले जानकारी गराउनुभएकाले सो निवेदनमा कैफियत प्रतिवेदन प्राप्त भएपछि यसैसाथ राखी नियमानुसार गरी पेस गर्नू।

शिल्पा कर्ण / नयाँ पत्रिका

नक्कली भुटानी शरणार्थी प्रकरणमा थुनामा रहेका सबैको निवेदन एकसाथ राखेर पेस गर्न उच्च अदालत पाटनले आदेश दिएको छ। पाटनको संयुक्त इजलासले उच्च पुगेका १० जनाको निवेदनमाथि बिहीबार आदेश गर्दै यससम्बन्धी सबै निवेदन एकसाथ राख्ने आदेश गरेको हो।

'उहाँहरू १० जनासँगै अरू ६-७ जना पनि निवेदन लिएर आउनुभएको छ,' पाटनका उपरजिस्ट्रार प्रेम खड्काले भने, 'उहाँहरू सबैको मुद्दा सँगै राखेर पेस गर्नू भन्ने आदेश भएको छ।' पाटनका न्यायाधीशहरू हरिप्रसाद पौडेल र किरणकुमार पोखरेलको इजलासबाट यस्तो आदेश भएको हो। कानुन व्यवसायीहरूले यसै प्रकरणसँग सम्बन्धित अन्य निवेदनसमेत परेको जानकारी इजलासलाई गराएपछि यस्तो आदेश आएको हो।

१२ साउनमा पूर्वगृहसचिव टेकनारायण पाण्डे र नरेन्द्र केसी निवेदनसहित

» पृष्ठ ११ मा क्रमशः

क्रिकेटर सन्दीप लामिछानेको मुद्दामाथि अझै सुनुवाइ भएन

आमाको जन्ममिति प्रमाणीकरण गर्न आदेश



नेपाली क्रिकेट टोलीका पूर्वकप्तान तथा क्रिकेटर सन्दीप लामिछानेविरुद्ध लागेको बलात्कारको मुद्दामाथिको सुनुवाइ फेरि पर सरेको छ। सर्वोच्च अदालतले यसअघि फागुनमध्यमा सन्दीपलाई पुर्पक्षका लागि थुनामा पठाउने काठमाडौं जिल्ला अदालतको आदेश बदर गर्दै धरौटीमा छाडेको थियो भने फास्ट ट्र्याकबाट यस मुद्दाको सुनुवाइ गर्न आदेश दिएको थियो।


तर, उक्त आदेशको ६ महिना बित्दा पनि मूल मुद्दामाथिको बहस सकिएको छैन। हालसम्म प्रमाणहरू नै बाझिएका र विवादास्पद देखिएका छन्। यसै क्रममा बिहीबार सुनुवाइका लागि पेसी चढे पनि जिल्ला अदालत काठमाडौंले पीडित किशोरीको आमाको उमेर यकिन गर्न आदेश गरेको हो।

पीडित गौशाला २६ को जन्ममिति सम्बन्धमा पक्ष र विपक्षीका कानुन व्यवसायीको फरक-फरक दाबी रहेकै वेला आमाको उमेरमा समेत भिन्न-भिन्न दाबी

» पृष्ठ ११ मा क्रमशः


■ ललितानिवासको अनुसन्धान अन्तिम चरणमा

सरकारी वकिललाई आइतबार प्रतिवेदन बुझाउने सिआइबीको तयारी



ललितानिवासलाई अन्याय हुन दिन्नौं

● **किरण बज्राचार्य**, निर्देशक, सिआइबी



ललितानिवासको पुरानो केस ब्युँताएर सूक्ष्म रूपमा अनुसन्धान गरिरहेका छौं। आइतबारसम्म अनुसन्धान टुंगोमा पुग्छ। अनुसन्धानमा कुनै सम्झौता हुन्न। ललितानिवासलाई अन्याय हुन दिँदैनौं।

नवराज मैनाली / नयाँ पत्रिका

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उच्चपदस्थहरू जोडिएको ललितानिवास जग्गा हिनामिनाको अनुसन्धान अन्तिम चरणमा पुऱ्याएको छ। आइतबार रायसहितको अनुसन्धान प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालयमा बुझाउने सिआइबीको तयारी छ।

काठमाडौं जिल्ला अदालतले पक्राउ परेकालाई थप पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न बुधबार अन्तिम म्याद दिएको थियो, जुन आइतबार सकिँदै छ। सिआइबीकी निर्देशक एआइजी किरण बज्राचार्यले आइतबारभित्रै अनुसन्धान सक्ने बताइन्।

संगठित अपराध कसुरमा बढीमा ६० दिनसम्म थुनामा राख्न पाइनेमा शुक्रबार ५३ दिन भइसकेको छ। सिआइबीले आइतबार प्रतिवेदन बुझाए पाँच दिन सरकारी वकिल कार्यालयले प्रतिवेदन अध्ययन गरेर मुद्दा दायर गर्नेछ।

संगठित अपराध तथा किर्ते कसुरमा गत १२

» पृष्ठ ११ मा क्रमशः

■ मुद्दाबाट जोगिन थप व्यापारीले दिए जग्गा फिर्ताको निवेदन

ललितानिवासपरिसरका थप जग्गाधनीले मुद्दाबाट जोगिन जग्गा फिर्ता गर्न थालेका छन्। व्यवसायी गोविन्दलाल संघाईले पनि जग्गा फिर्ताका लागि निवेदन दिएका छन्। उनको नाममा ६ आना दुई पैसा दुई दाम जग्गा रहेको छ।

प्रत्यक्ष रूपमा किर्ते र जग्गा हिनामिनामा संलग्न नभएकालाई जग्गा जफतको प्रयोजनका लागि मात्र अनुसन्धानमा तानिएको छ। जग्गा फिर्ता गरेको हकमा उनीहरूलाई मुद्दा नचलाउने सिआइबीको रणनीति छ। यसअघि पक्राउ परेकी सिपिका खेतान जग्गा फिर्ताका लागि निवेदन दिएपछि छुटेकी थिइन्। थप जग्गाधनीले पनि जग्गा फिर्ताका लागि छलफल गरिरहेको स्रोतले बतायो।

यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले न्यायाधीश कुमार रेग्मी तथा नेता विष्णु पौडेलका छोरा नवीनलाई जग्गा फिर्ता गरेकै आधारमा मुद्दा नचलाउने निर्णय गरेको थियो।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.


१७ हजार ३०० पुग्यो श्रमिकको मासिक पारिश्रमिक

मुना कुँवर / नयाँ पत्रिका

सरकारले १ साउनदेखि लागू हुने श्रमिकको न्यूनतम पारिश्रमिक १७ हजार तीन सय पुऱ्याएको छ। सरकारले बिहीबार राजपत्रमा सूचना प्रकाशित गर्दै न्यूनतम पारिश्रमिक १० हजार आठ सय २० र महँगी भत्ता ६ हजार चार सय ८० पुऱ्याएको हो। श्रमिकको न्यूनतम पारिश्रमिक यो वर्ष दुई हजार तीन सय रुपैयाँ बढाइएको हो। त्यस्तै, श्रमिकको दैनिक ज्याला भने ६ सय ६८ पुऱ्याइएको छ। जसमा आधारभूत पारिश्रमिक चार सय १८ र महँगी भत्ता दुई सय ५० कायम गरिएको हो। श्रमिकको प्रतिघन्टाको ज्याला ८९ रुपैयाँ कायम गरिएको छ। जसमा आधारभूत ज्याला ५६ रुपैयाँ तोकेको छ भने महँगी भत्ताबापत ३३ रुपैयाँ तोकेको छ। साथै, आंशिक रूपमा काम गर्ने श्रमिकको प्रतिघन्टा आधारभूत पारिश्रमिक ९५ रुपैयाँ तोकेको छ। साथै, सरकारले तोकेको ज्यालाभन्दा कम हुने गरी कसैले श्रम सम्झौता गर्न नहुने सरकारले बताएको छ। सरकारले तोकेको यो ज्याला चियाबगानका श्रमिकको हकमा भने लागू हुनेछैन।

सरकारले प्रत्येक दुई वर्षमा श्रमिकको पारिश्रमिक परिमार्जन गर्दै आएको छ। दुई वर्षअगाडि नेपाली श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार रुपैयाँ तोकिएको थियो। जसअनुसार आधारभूत पारिश्रमिक नौ

» पृष्ठ ११ मा क्रमशः



● **जनक चौधरी**, प्रतिनिधि, संयुक्त ट्रेड युनियन




यो पूर्ण रूपमा व्यवसायीमैत्री छ। राजपत्रमा राखिएको समायोजन शब्दले पुराना श्रमिकको के हुने भन्ने स्पष्ट छैन। मैले परिमार्जन भन्ने शब्द राख्न भनेको थिएँ। नयाँ श्रमिकको हकमा भए पनि पहिले नै १७ हजारभन्दा बढी पाउनेको हकमा के गर्ने भन्ने छैन। त्यस्तै, साउनको पारिश्रमिक लिएका श्रमिकको हकमा रोजगारदाताले रकम थप गर्नुपर्छ।

● **ज्योत्सना श्रेष्ठ**, उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ



हामीले यो वृद्धि बढी भएको भनेका छौं। अहिले व्यवसाय ठप्प छ। व्यवसायी नै टिक्क नसकेका वेलामा कसरी पारिश्रमिक वृद्धि गर्न सकिन्छ ? पुराना श्रमिकको हकमा रोजगारदाता र श्रमिकबीचको समझदारीमा वृद्धि हुनेछ।

● **डण्डुराज घिमिरे**, प्रवक्ता, श्रम मन्त्रालय



यो वृद्धि समयअनुसार एकदम उचित हो। पुराना श्रमिकको हकमा रोजगारदाता र श्रमिकबीचको समझदारीमा बढाइनेछ। आवश्यक छलफल गरेरै श्रमिकको पारिश्रमिक बढाइएको हो।

महानगरको छात्रवृत्ति कार्यक्रमप्रति निजी विद्यालयका सञ्चालक असन्तुष्ट

शिवहरि घिमिरे/नयाँ पत्रिका

निजी विद्यालयले अनिवार्य छुट्याउनुपर्ने १० प्रतिशत छात्रवृत्ति कार्यक्रम पारदर्शी बनाउन यसपटकदेखि काठमाडौं महानगर आफैंले विद्यार्थी छनोट र सिफारिस गरेको छ। तर, यो प्रक्रियालाई निजी विद्यालय सञ्चालकहरूले 'विभेद' भएको आरोप लगाउँदै आएका छन्। छात्रवृत्तिमा पढ्ने विद्यार्थीबाट पुस्तकालय र प्रयोगशाला शुल्कसमेत नलिन निर्देशन दिएपछि महानगर र निजी विद्यालयका सञ्चालकबीच विवाद बढेको हो। उनीहरूले सरकारी कलेजले समेत पुस्तकालय र प्रयोगशाला शुल्क लिइरहेको अवस्थामा निजी विद्यालयलाई नलिनु भन्नु 'विभेदकारी नियम' लगाएको आरोप लगाएका छन्। साथै, महानगरपालिकाले समयमै विद्यार्थी नपठाएको, १० प्रतिशत कोटाभन्दा घटीबढी विद्यार्थी पठाएको, प्रयोगशाला शुल्कसमेत लिन नपाउने नियम लागू गरेकोलगायत विषयमा निजी विद्यालयले असन्तुष्टि जनाउँदै आएका छन्।

महानगरले जेठमा निजी विद्यालयसँग अघिल्लो वर्षको छात्रवृत्ति कार्यक्रमको विवरण माग गरेको थियो। उक्त विवरणअनुसार अधिकांश विद्यालयले छात्रवृत्ति नै नदिएको, दिएको ठाउँमा पनि आफ्ना नजिकका विद्यार्थीलाई प्राथमिकतामा राखिएको पाइएको थियो। यस वर्ष भने महानगरले विद्यालयलाई छात्रवृत्तिको कोटा खाली राख्न निर्देशन दिँदै आफैंले विद्यार्थी सिफारिस गरेको छ। महानगरपालिकाले कक्षा ११ मा छात्रवृत्तिका लागि २८ असारमा आवेदन माग गरेको थियो। विद्यार्थीले फाराम भरेका आधारमा लिखित परीक्षा लिएर छनोट गरिएको छ। काठमाडौं महानगरपालिकाभित्र कक्षा १२ सम्म पढाइ हुने निजी विद्यालयको संख्या तीन सयभन्दा धेरै छ।

पुस्तकालय र प्रयोगशाला शुल्कसमेत लिन नपाउने भनेपछि विरोध

महानगरले परीक्षाको अन्तिम योग्यताक्रमका आधारमा पहिलो भर्ना सूचीमा परेका विद्यार्थीलाई सिफारिस गरिसकेको छ। अब दोस्रो भर्ना सूचीमा परेकालाई शुक्रबार सिफारिस गर्ने तयारी छ।

महानगरले छात्रवृत्तिमा सिफारिस विद्यार्थीबाट कुनै पनि प्रकारको शुल्क नलिन सम्बन्धित विद्यालयलाई निर्देशन दिएको छ। निर्देशनविपरीत शुल्क लिए कारबाही गर्ने चेतावनीसमेत दिएको छ। तर, विद्यालयहरूले भने केही शीर्षकमा शुल्क लिन पाउनुपर्ने बताउँदै आएका छन्। उच्च माध्यमिक विद्यालय संघ (हिसान)का महासचिव तथा पुरानो बानेश्वरस्थित गोल्डेनगेट कलेजका प्रिन्सिपल रमेश सिलवाललेकेही शीर्षकमा शुल्क लिनैपर्ने बताए। उनले पढाइसँग जोडिएका प्रयोगात्मक विषयका लागि शुल्क लिने जानकारी दिए। तिनकुनेस्थित पेन्टागन कलेजका प्रिन्सिपल लोकन्द्रबहादुर चन्दले महानगरले धेरै विद्यार्थी विज्ञान विषयमा सिफारिस गरेकाले विद्यालयलाई आर्थिक भार पर्ने बताए। 'सरकारले १० प्रतिशत छात्रवृत्तिमा पढाउन भनेकोप्रति सहमत छौं, तर कुनै पनि शुल्क लिन नपाउने भन्नेमा विरोध हो,' उनले भने, 'त्यसमा पनि अझैसम्म विद्यार्थी संख्या पूरा भएको छैन।'

बुद्धनगरस्थित रोजबर्ड कलेजमा कक्षा ११ मा जम्मा २७ जना विद्यार्थी पढ्छन्। कलेजले व्यवस्थापन संकायमा ३० जनाको मात्रै कोटामा एउटा मात्रै सेक्सन सञ्चालन गर्दै आइरहेकाले त्यसको १० प्रतिशत अर्थात् तीनवटा कोटा छात्रवृत्तिका लागि छुट्याएको छ। तर, महानगरले विद्यार्थी अझै पठाएको छैन। प्रिन्सिपल दामोदर ढुंगानाले महानगरका लागि तीनवटा कोटा छुट्याए पनि विद्यार्थी नपठाएको बताए। 'पहिलो चरणमा उहाँहरूले विद्यार्थी पठाउनुभएको छैन,' उनले भने, 'महानगरले छात्रवृत्ति कोटामा जे भन्छ, हामी त्यहीअनुसार पढाउँछौं।'

छात्रवृत्ति दिएकामध्ये अधिकांश विद्यार्थीले चलेका विद्यालय छनोट गरेकाले ती विद्यालयमा कोटा पूरा भइसकेको छ भने विद्यार्थीले छनोट नगरेका विद्यालयको कोटा खेर जाने अवस्था छ। महानगरको शिक्षा विभागका अनुसार दोस्रो चरणमा विद्यार्थी कोटा नपुगेको विद्यालयमा पठाउने तयारी भइरहेको छ। विभागका प्रमुख सीताराम कोइरालाले छात्रवृत्तिमा सिफारिस विद्यार्थीमाथि शुल्क लिए कारबाही गर्ने बताए। 'कुनै पनि बहानामा शुल्क लिन पाइँदैन,' उनले भने, 'यसो भएमा कारबाही हुन्छ।'

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

Central office: Bidur-4 , Battar, Nuwakot. Ph: 010-561746,

Website: www.meromicrofinance.com, Email: corporate@meromicrofinance.com

Unaudited Financial Result (Quarterly)

As on Quarter Ended 31st Ashad 2080

Unaudited Condensed Statement of Financial Position (As per NFRS)

As on Quarter Ended 31st Asadh 2080 — *Amount (NPR)*

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	419,373,139	351,643,868
Statutory Balances and Due from Nepal Rastra Bank	63,557,490	72,556,400
Placement with Banks & Financial Institutions	-	-
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	13,933,260,356	16,358,879,314
Investment Securities	51,347,512	50,593,956
Current Tax Assets	21,768,742	4,887,675
Investment Property	-	-
Property and Equipment	129,173,582	146,099,416
Goodwill and Intangible Assets	1,095,003	1,603,855
Deferred Tax Assets	28,073,343	25,060,574
Other Assets	82,209,850	49,682,357
Total Assets	**14,729,859,017**	**17,061,007,417**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	608,000,000
Derivative Financial Instruments	-	-
Deposits from Customers	3,424,775,872	3,419,084,457
Borrowings	8,605,107,399	10,391,531,784
Current Tax Liabilities	-	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	770,678,131	659,683,411
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**12,800,561,402**	**15,078,299,652**
Equity		
Share Capital	1,320,000,000	1,200,000,000
Share Premium	-	-
Retained Earnings	101,546,604	317,789,542
Reserves	507,751,011	464,918,222
Total Equity	**1,929,297,615**	**1,982,707,764**
Total Liabilities and Equity	**14,729,859,017**	**17,061,007,417**

Condensed Statement of Profit and Loss

For the Quarter Ended on 31st Asadh 2080 — *Amount (NPR)*

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	589,519,277	2,233,463,819	644,552,854	2,336,748,073
Interest Expense	354,860,188	1,471,522,006	404,625,931	1,245,004,879
Net Interest Income	**234,659,089**	**761,941,813**	**239,926,924**	**1,091,743,194**
Fee and Commission Income	26,280,609	103,683,493	16,230,811	186,187,251
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**26,280,609**	**103,683,493**	**16,230,811**	**186,187,251**
Net Interest, Fee and Commisson Income	**260,939,698**	**865,625,305**	**256,157,734**	**1,277,930,445**
Net Trading Income	-	-	-	-
Other Operating Income	-	-	232,488	232,488
Total Operating Income	**260,939,698**	**865,625,305**	**256,390,222**	**1,278,162,933**
Impairment Charge/ (Reversal) for Loans and Other Lossess	(25,245,110)	109,735,417	67,539,647	79,823,471
Net Operating Income	**286,184,808**	**755,889,889**	**188,850,575**	**1,198,339,462**
Operating Expense	**206,421,183**	**662,459,057**	**174,200,331**	**656,683,730**
Personnel Expenses	125,916,194	464,869,680	119,687,726	471,692,953
Other Operating Expenses	70,911,129	157,511,634	53,581,080	145,875,703
Depreciation & Amortisation	9,593,859	40,077,743	931,525	39,115,074
Operating Profit	**79,763,625**	**93,430,831**	**14,650,244**	**541,655,732**
Non Operating Income	(4,000)	5,024,700	55,909	194,119
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**79,759,625**	**98,455,531**	**14,706,152**	**541,849,851**
Income Tax Expense				
Current Tax	23,927,888	29,536,659	37,892,048	196,035,158
Deferred Tax	(3,012,769)	(3,012,769)	(24,493,197)	(24,493,197)
Profit for the Period	**58,844,507**	**71,931,641**	**1,307,301**	**370,307,890**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	58,844,507	71,931,641	1,307,301	370,307,890
Other Comprehensive Income				
Total Comprehensive Income	**58,844,507**	**71,931,641**	**1,307,301**	**370,307,890**
Basic Earning per share:				
Annualized Basic Earing Per Share		5.45		30.86
Diluted Earning per share		5.45		30.86

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		12.66%		11.85%
Non-Performing Loan (NPL) to Total Loan		5.84%		2.94%
Total Loan Loss Provision to total NPL		40.75%		33.36%
Cost of Funds		11.11%		11.18%
Credit to Deposit and Borrowing Ratio		409.62%		479.72%
Base Rate		16.72%		16.69%
Interest Rate Spread		4.18%		3.95%

Details about the Distributable Profit for the Quarter

Particulars	Amount (NPR)
Net Profit for the period end 4th Quarter	**71,931,641**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	**16,544,277**
a. General Reserve	14,386,328
b. Capital Redemption Reserve	-
c. Foreign Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility	719,316
e. Employee Training Fund	-
f. Client Protection Fund	719,316
g. Other	719,316
1.2 Profit required to be transferred to Regulatory Reserve:	**30,891,452**
a. Transfer to Regulatory Reserve	30,891,452
b. Transfer from Regulatory Reserve	-
Net Profit for the period end 4th Quarter available for distribution	**24,495,912**

Notes:

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. The Loans and Advance includes interest receivable & Staff Loans and are presented net of impairment loss.
3. Adjustment of Employee Benefits shall be done after receiving Actuarial Valuation report.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. All Lease contracts have been accounted for as per NFRS 16. Accordingly, Right of Use Assets and Lease Liabilities have been recognised along with Right of Use Assets being depreciated on straight line basis and interest calculated on Lease Liabilities.
7. The above figures are subject to change as per the direction of Regulators and/or External Auditors.
8. Adjustment related to NFRS has been transferred to Regulatory Reserve.
9. The Detailed interim financial report has been published in our website.

Interest Rate

1. Deposit	7.5%-13.69%
2. Loan & Advance	9%-15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम ३६ को उपनियम १ सँग सम्बन्धित)

आ. व. २०७९/८० को चौथो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:

आ.व.२०७९/८० को चौथो त्रैमासिक अवधीको अपरिष्कृत वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरणयोग्य मुनाफा र सो सँग सम्बन्धित वित्तीय परिसूचकहरु यसैसाथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेवसाईट https://www.meromicrofinance.com मा पनि राखिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
रु. ५.४५/-	रु. १२१.३०/-	रु. १४६.१६/-	रु. १,११५.९०/-	४.०१ प्रतिशत

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) लक्ष्य अनुरुप सदस्य संख्या तथा लगानी बढाउँदै लैजानु, खर्चमा मितव्ययिता अपनाउनु र ब्याजदर लघुवित्तको बजार औपत भित्रनै कायम गरी ग्राहक सदस्यहरु आकर्षित गर्न सक्नु यस वित्तीय संस्थाको मुख्य सवल पक्ष रहेका छन्।

(ख) राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरुदेखि नै वित्तीय पहुँच अभिवृद्धि गराई नेपालको गरिबी घटाउने र वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरीनै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढ्दिरहेको छ। हाल देशका ६४ जिल्लमा १४९ वटा शाखा कार्यालय मार्फत १,६०,३५८ विपन्न घरपरिवारहरुमा लघुवित्तीय सेवा प्रदान गरिरहेको छ। नेपालको विभिन्न ७ वटा वाणिज्य तथा १ वटा विकास बैंकको संयुक्त प्रवर्द्धनमा स्थापित यस वित्तीय संस्थाले नवीनतम प्रविधिहरुको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ। संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी उत्तरदायी लघुवित्तीय सेवा उपलब्ध गराउँदै आएको छ। ग्राहकहरुको समय सापेक्ष चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेको छ। आगामी दिनमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा विस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको विस्तार गर्ने लक्ष्य रहेको छ।

(ग) वर्तमान अवस्थामा बैंकहरुले कर्जामा लिने ब्याजदरको उतार-चढाव, आर्थिक सुस्तीको प्रभाव, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थालाई असर पर्न सक्छ। तथापि संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण गम्भीर समस्या व्यहोर्नु परेको छैन।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा वित्तीय संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन।

(ख) वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **वित्तीय संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र विनिमय बजारको खुल्ला बजार कारोबारले यस वित्तीय संस्थाको शेयरको बजार मूल्य निर्धारण हुने हुँदा व्यवस्थापनको यस सम्बन्धमा कुनै टिप्पणी छैन।

(ख) यस त्रैमासको शेयर कारोबार सम्बन्धी विवरण :

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
रू. ७२८/-	रू. ४९३/-	रू. ६६१/-	६२ दिन	३३५,९३७ कित्ता

५. **समस्या र चुनौती :**

अर्थतन्त्रमा देखा परेको तरलता संकुचन, श्रोतको पर्रिनर्भता र लगानीयोग्य रकमको लागत वृद्धिका कारण कर्जा लगानी, आम्दानी र सस्थाको अन्य सामाजिक गतिविधिहरुमा केही असर परेको देखिन्छ। साथै यस वित्तीय संस्थाको कारोबार सदस्यहरुको बढ्दो दोहोरोपनालाई वित्तीय संस्थाले चुनौतीको रुपमा लिएको छ। वित्तीय संस्थामा रहेको दक्ष जनशक्ति तथा यसको उचित व्यवस्थापन, तालिम र समयानुकूल व्यवसायिक योजना तथा रणनीति अपनाई वित्तीय संस्थाले प्रदान गर्ने सेवामा प्रभावकारी र विविधिकरण गर्दै खर्चमा मितव्ययिता अपनाईएको छ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि यस वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको छ। सञ्चालक समितिका काम कारवाहीहरु तथा संस्थाको अन्य सबै क्रियाकलापहरु पारदर्शी रुपमा सञ्चालन गरी संस्थागत सुशासनको विकास गर्न एवं सोको अनुभूती गराउन संस्था सदैव क्रियाशील छ।


(क) यस वित्तीय संस्थाको सञ्चालक समिति तथा व्यवस्थापन, शेयरधनीहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको हित संरक्षण तथा प्रवर्धन गर्न सदैव प्रतिवद्ध रहेको छ। कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा विद्यमान ऐन कानून र अन्य नियमनकारी निकायहरुको निर्देशनको पालना गरी संस्थागत सुशासनको निरन्तर परिपालनाका लागि सञ्चालक समितिले प्रवन्धपत्र, नियमावली, विभिन्न विनियमावली, कार्यविधि, नीति तथा निर्देशिकाहरु तयार तथा अद्यावधिक गरी लागू गरिएको छ।

(ख) संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति लगायतका समितिहरु र जोखिम व्यवस्थापन विभाग, अनुगमन तथा सुपरिवेक्षण विभाग जस्ता स्थायी संरचनाको माध्यमवाट संस्थाभित्र संस्थागत सुशासन कायम गर्न तथा आन्तरिक नियन्त्रण प्रणालीलाई मजवुत वनाउन वित्तीय संस्था प्रतिवद्ध छ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेवुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित हुने र निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

■ सर्वसाधारणका लागि खुल्दै खुलामञ्च



करिब एक वर्षदेखि बन्द अवस्थामा रहेको टुँडिखेलस्थित खुलामञ्च सर्वसाधारणका लागि महानगरले खुला गर्ने भएको छ। खुलाउनुअघि महानगरले उक्त क्षेत्र सम्याउने, वृक्षरोपण गर्नेलगायतका काम गरिरहेको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

बिहीबार उपत्यकामा

नयाँ बसपार्क : फेसबुक ह्याक गरी रकम असुल गर्ने गिरोहका पाँच सदस्यलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्ने बारा जितपुर सिमरा उमनपा-१७, रामनगरका सीमान्त लामा, अमन्त लामा, अनुप श्रेष्ठ, रोहन बस्नेत र कास्की पोखरा मनपा-१० की सुब्बु भनिने शुभेक्षा गुरुङ रहेका छन्। उनीहरूले धन्दाका लागि बसपार्कस्थित रेसुंगा बुटवल गेस्टहाउसमा कार्यालय नै खोलेका थिए। उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले नयाँ बसपार्कबाट पक्राउ गरेको हो।

बल्खु : काठमाडौं मनपा-१४, बल्खुका प्रज्वल श्रेष्ठको घरमा जुवातास खेलिरहेको श्रेष्ठसहित सात जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरीवृत्त कालीमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई बुधबार नगद ७२ हजार रुपैयाँ र १२ बुक ताससहित पक्राउ गरेको हो।

कपन : काठमाडौं मनपा-६, कपन सरस्वतीनगर डेरा गरी बस्ने काभ्रेपलान्चोक धुलिखेल नपा-८ की ४५ वर्षीया लक्ष्मी तामाडको कोठामा जुवातास खेलिरहेका तामाडसहित १५ जुवाडेलाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा प्रहरी प्रभाग कपनबाट खटिएको प्रहरीले उनीहरूलाई नगद एक लाख ४५ हजार चार सय रुपैयाँ र ६ बुक तासहित पक्राउ गरेको हो।

ठिमी : मध्यपुर ठिमी नपा-३, गठ्ठाघरकी सपना बस्नेतको घरबाट मोबाइल, ल्यापटप, नगदसमेत गरी करिब १५ लाख ९४ हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

चाँगुनारायणका विद्यालयमा एक साता पठनपाठन स्थगित

भक्तपुर/ चाँगुनारायण नगरपालिकाभित्रका विद्यालयमा एक साता पठनपाठन स्थगित हुने भएको छ। नगरपालिकाभित्र आँखा पाक्ने रोगको प्रकोप बढेको भन्दै विद्यालयले आवश्यकताअनुसार एक सातासम्म पठनपाठन बन्द गर्न सक्ने निर्णय गरेको हो। नगरपालिकाअन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाले बिहीबार यस्तो निर्णय गरेको हो।

नगरपालिका प्रमुख प्रशासकीय अधिकृत चुरामणि पन्थीका अनुसार नगरभित्रका विद्यालयमा अनुगमनमा जाँदा विद्यालयमा अध्ययनरत ३० देखि ३५ प्रतिशतसम्म विद्यार्थीमा आँखा पाक्ने समस्या देखिएकाले आवश्यकताअनुसार एक साता पठनपाठन स्थगित गर्न सक्ने भएका हुन्।

'नगरपालिकाका केही विद्यालयमा चिकित्सकसहितको टिम लिएर जाँदा ३० देखि ३५ प्रतिशत विद्यार्थीमा आँखा पाक्ने रोगको लक्षण देखिएकाले पठनपाठन स्थगन गर्न सक्ने निर्णय गरेका हौं,' पन्थीले भने, 'विद्यालयले पठनपाठन स्थगन गर्दा विद्यार्थीको सिकाइमा प्रभाव व्यवस्थापन गर्न हिउँदे बिदाबाट समायोजन गर्नेछौं।'

उपत्यकामा गुँला पर्व सुरु

काठमाडौं/ नेवार समुदायले चान्द्रमासअनुसार एक महिना (श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदासम्म) मनाउने गुँला पर्व सुरु भएको छ। यो पर्व काठमाडौं उपत्यकालगायत विभिन्न स्थानमा विशेष रूपमा मनाइन्छ। मानव जीवनलाई राम्रो गर्ने नियम पालना गरेर धर्मकर्मका लागि यो पर्व मनाइन्छ। नेपाल संवत्अनुसार दसौं महिनालाई गुँला भनिन्छ। 'गुँ'को अर्थ गुण गर्ने, राम्रो एवं गुनिलो काम, अरूको उपकार गर्ने कामलाई जनाउँछ। यस पर्वका अवसरमा जुन नियमले जीवनलाई राम्रो गर्छ, त्यसलाई पालना गरिन्छ। पञ्चशीलमा तीन शील थपेपछि अष्टशील हुन्छ। अग्लो खाटमा नसुत्ने, मनोरञ्जन नगर्ने र समयमै भोजन गर्ने यसलाई समेत थपेर अष्टशील भनिन्छ। यसमा दुई विषय थपेपछि दशशील हुन्छ। आभूषण ग्रहण नगर्ने र ब्रह्मचार्यलगायतका नियम पालना गर्नुलाई दशशील भनिन्छ।

यो महिनामा क्षमताअनुसार भित्री मनदेखि दान दिने गरिन्छ। महिनाभर स्वयम्भू महाचैत्यमा विशेष मेला लाग्ने गर्छ। मेलाका लागि शुक्रबार बिहानैदेखि भक्तजन स्वयम्भू मन्दिर पुगेका थिए। राजधानी सहरका विभिन्न भागबाट गुँला बाजा बजाएर स्वयम्भू पुग्ने भक्तजनको प्रत्येक वर्ष यो महिनामा भिड लाग्छ। वर्षभर निधन भएका व्यक्तिको नामबाट शृंगभेदी अर्थात् भैंसीको सिङबाट बनेको बाजा बजाएर स्वयम्भू पुग्ने भक्तजन धेरै हुन्छन्। - रासस

नवदुर्गा मन्दिर पुनः स्थापना गरिँदै

ललितपुर/ ललितपुर महानगरपालिका-२५, भैंसेपाटी चोकमा रहेको नवदुर्गा मन्दिरलाई भैंसेपाटी महिला सामुदायिक वनअन्तर्गतको सञ्जीवनी उद्यानभित्र पुनः स्थापना गरिने भएको छ। मत्स्येन्द्रनाथ मार्गअन्तर्गतको भैंसेपाटी चोकमा रहेको उक्त मन्दिरलाई सडक विस्तारका क्रममा दुई वर्षअघि स्थानीय जनप्रतिनिधिको सहमतिमा अर्को ठाउँमा सार्ने गरी हटाइएको थियो।

अहिले ललितपुर महानगरको आर्थिक सहयोगमा उक्त स्थानमा नवदुर्गा मन्दिर बनाइन लागिएको हो। सञ्जीवनी पार्क तथा मन्दिर निर्माण समितिका अध्यक्ष रवि विष्टका अनुसार भैंसेपाटी महिला सामुदायिक वनको ३७ रोपनी जग्गामध्येमा दुई रोपनीमा मन्दिर तथा उद्यान निर्माणका लागि प्रयोग भएको छ। ठूला रूख रहेको सञ्जीवनी उद्यान निर्माण हुँदा उद्यानभित्र आवतजावतको क्रम बढिरहेको छ।

तस्करीको सुनसँगै उदांगिएको राज्यको भुत्ते सूचना संयन्त्र

टोखामा व्यवस्थित ढंगले बनाइएका सुन पगाल्ने गोदाममा तस्कर चिल्ला कारमा आउँथे र निर्वाध ढंगले सुन हालेर लैजान्थे

टेकराज थामी/नयाँ पत्रिका

काठमाडौंको टोखा नगरपालिका- ३ पञ्चेटारस्थित पाइप कारखानाकी मजदुर सन्ध्या श्रेष्ठको मनभित्र दुई वर्षदेखि दुईवटा जिज्ञासा जबर्जस्त उठ्ने गर्थे- सामुन्ने रहेको गोदाम केका लागि खोलिएका होलान् ? प्रत्येक साँझ रातो र सेतो रङको चिल्लो कार लिएर गोदाममा कस्ता मान्छे आउँदा हुन् ?

राजस्व अनुसन्धान विभागले गत १४ साउनमा गोदामभित्र जब छापा हान्यो, त्यहाँभित्रको कालो धन्दा थाहा पाएर श्रेष्ठ आश्चर्यचकित भइन् । करिब एक रोपनी क्षेत्रफलमा निर्माण गरिएको त्यही गोदाम थियो, जहाँ तस्करले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी गरी ल्याइएका सुन स्टोर गरी राख्दै आएका थिए । सोही गोदाममा रातभर सुन गालिन्थ्यो । आवश्यक आकारमा ढालिन्थ्यो र गोदामभित्रै पार्किङ गरिएको कारमा लोड गरेर ठेगानामा पुऱ्याइन्थ्यो । मजदुर श्रेष्ठका अनुसार प्रत्येक साँझ गोदामभित्र छिर्ने र बिहान झिसमिसेमै बाहिरिने कार त्यही थियो ।

दुई वर्षदेखि गोदामघरको गतिविधि नजिकबाट नियाल्दै आएकी श्रेष्ठले भनिन्, 'गोदम दिनभर सुनसान हुन्थ्यो । साँझ परेपछि रातो र सेतो रङका कार आउँथे । गोदामको गेट खुल्थ्यो । भित्र छिरेपछि गेट पुनः बन्द हुन्थ्यो । कहिले मध्यरात त कहिले बिहान झिसमिसेमै कार बाहिरिन्थ्यो । करिब दुई वर्षदेखि यस्ता गतिविधि निरन्तर चलिरहेका थिए । कारखानाभित्र सुनको काम हुने गरेको तथ्य अहिले पो थाहा पाएँ ।'

कारखानाभित्र प्रवेश गर्न तस्करले निजी लगानीमा पक्की सडक नै बनाएका थिए । सडक गोदामभित्रसम्म लगिएको थियो । रेखदेखका लागि गोदामनजिकै तस्कर बस्न व्यवस्थित आवास कक्ष बनाइएको थियो । पाइप कारखानाकी मजदुर श्रेष्ठका अनुसार गोदाममा कार लिएर आउने व्यक्ति नेपाली र चिनियाँजस्ता देखिन्थे । उनीहरूसँगै कहिलेकाहीं युवती पनि आउने गर्थे । 'गोदाममा कार लिएर आउनेमध्ये कोही चिनियाँजस्ता देखिन्थे, कोही नेपालीजस्ता । कहिलेकाहीं उनीहरू युवती पनि लिएर आउँथे । नजिकै रहेको आवासमा बस्थे । र, बिहान झिसमिसेमै बाहिरिन्थे,' उनले भनिन् ।

पञ्चेटारस्थित करिब एक रोपनी क्षेत्रफलमा जस्तापाताबाट बनाइएको गोदामभित्र करिब दुई वर्षदेखि अनवरत चलेको यी गतिविधिका सूचना मुलुकको सुरक्षा संयन्त्रले समेत पाउन सकेन । जब कि यस्तै सूचना संकलनका लागि नेपाल प्रहरीभित्र विशेष ब्युरो र प्रधानमन्त्री कार्यालयमातहत राष्ट्रिय अनुसन्धान विभाग (राअवि) गठन गरिएका छन् । दुई वर्षदेखि बेपर्वाह कारखाना सञ्चालन गरेका तस्कर यतिमै रोकिएनन् । उनीहरूले गोदाम अन्यत्र पनि विस्तार गरे । यहीमध्येको एक थियो, काठमाडौं महानगरपालिका- १६ बहती पोखरीस्थित गोदाम । दुई हजार दुई सय वर्गफिट क्षेत्रफल भएको गोदामभित्र सुन गाल्ने चारवटा मेसिन जडान गरिएका थिए । प्रतिमहिना ५० हजार रुपैयाँ भाडा दिने सर्तमा खोलिएको गोदामका मालिक चिनियाँ नागरिक थिए ।

गोदाम प्रहरी वृत्त लैनचौरको कार्यालयभन्दा करिब सय मिटर मात्रै टाढा । तर, यसको सुईंको न वृत्तमातहतका प्रहरीले पायो, न सूचना संकलन र विश्लेषणको जिम्मेवारी लिएर बसेको ब्युरो र राअविले पाउन सक्यो । ६०.७१६ किलो सुन तस्करी अनुसन्धान गरिरहेको नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सात दिनको अवधिभित्र यस्ता पाँच गोदाम फेला पारेको छ । चप्पल कारखाना, सुकेधारा, सामाखुसी, बाँसबारी र बौद्धमा भेटिएका गोदाममध्ये केहीमा सुन जोख्ने तराजु र गाल्न प्रयोग हुने मेसिन फेला परेका छन् । तर, यसको सुईंको राज्यको कुनै पनि खुफिया संयन्त्रले पाउन सकेन ।



गिरोहले टोखा नगरपालिका- ३ पञ्चेटारस्थित सुन गाल्न बनाएको गोदाम, जहाँ तस्करीको सुन गाल्ने गरिन्थ्यो ।

फेला परेका यी गोदामभित्र तस्कर गरी ल्याइएका सुन मात्रै 'स्टोर' गरिएका थिए । त्यसको ठाउँमा आरडिएक्स (रोयल डेमोलिसन इक्सप्लोसिभ) वा अत्याधुनिक हातहतियार 'स्टोर' गरी राखिएको भए मुलुकको अन्तर्राष्ट्रिय छवि यतिवेला धुमिल भइसकेको हुने थियो । पूर्वएआइजी राजेन्द्रसिंह भण्डारी यो तथ्य स्वीकार गर्छन् । यो स्थिति आउनुमा राजनीतिक नेतृत्व दोषी रहेको उनको तर्क छ । 'विमानस्थलबाट क्विन्टलका क्विन्टल सुन तस्कर भएको देखियो । स्टोर गर्न तस्करले राजधानीभित्रै गोदाम खोलेको भेटियो । तर, मुलुकको सुरक्षा संयन्त्रले यसको भेउ पाउन सकेन,' उनले भने, 'यसको ठाउँमा हातहतियार तथा विस्फोटक पदार्थ तस्करी भएर आएको भए स्थिति के हुन्थ्यो ? सूचना संयन्त्र सशक्त नहुनु यसको एउटै कारण हो । राज्य संयन्त्रलाई नेतृत्व दिने राजनीतिक दलको चाहना नै यस्तै छ । जसले सूचना संयन्त्रलाई भुत्ते बनाइदिएको छ ।'

पूर्वडिआइजी तथा सुरक्षाविद् हेमन्त मल्ल कमजोर सूचना संयन्त्रकै आडमा तस्कर समूह विमानस्थलबाट सुन मात्र होइन, लागूऔषध र हतियारसमेत तस्कर गर्न सफल हुने गरेको बताउँछन् । 'विमानस्थल अन्तर्राष्ट्रिय तस्करका गिरोह आउजाउ गर्ने महत्त्वपूर्ण 'पोर्ट' हो । यस्ता ठाउँलाई संसारभर संवेदनशील मानिन्छ । र, सुरक्षाको जिम्मेवारी प्रहरीलाई दिइन्छ । तर, नेपाली अन्तर्राष्ट्रिय विमानस्थलको सन्दर्भमा सुरक्षा जिम्मेवारी लिने विषयमा सरकारी निकायबीच नै अन्योल छ । जसकारण न सूचना संयन्त्र एकीकृत हुन सक्छ, न विश्लेषण नै । यही 'लुप होल'मा तस्कर खेल्छन् । र, सुन र लागुऔषधदेखि हतियारसम्म तस्कर गर्न सफल हुन्छन्,' उनले भने ।

■ 'ल्यापसेस' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै

९ पुस ०५६ मा आतंककारी समूह 'हर्कत उल मुजाहिद्दिन'का पाँच कार्यकर्ताले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट इन्डियन एयरलाइन्सको आइसी- ८१४ जहाज अपहरण गरे । जहाजलाई अमृतसार, लाहोर, दुबई हुँदै अफगानिस्तानको कान्धहार पुऱ्याए । जहाज अपहरणको उद्देश्य थियो- भारतीय कारागारमा रहेका इस्लामिक आतंककारी अहद ओमर साइद शेख, मसुद अजहर र मुस्ताक अहमद जार्गिरको रिहाइ । सात दिनदेखि जहाजभित्र एक सय ७६ यात्रु बन्धक थिए । अन्ततः आतंककारीको माग सम्बोधन गर्न भारतीय सरकार बाध्य भयो । भारत सरकारले त्यही दिनदेखि विमानस्थलको सुरक्षामाथि उठाउँदै आएको प्रश्न अहिले पनि कायम छ । यिनै कारणलाई अघि सारेर भारतले कहिले 'ग्राउन्ड हेन्डलिङ' त कहिले 'विशेष सुरक्षा दस्ता'को नाममा विमानस्थलभित्र आफ्नो उपस्थित खोज्दै आएको छ ।

गत १८ साउनमा भारतीय पत्रिका टाइम्स आफ इन्डियामा नेपालको सुरक्षा संयन्त्रलाई चुनौती दिने यस्तै समाचार बाहिरियो । समाचारमा उल्लेख थियो, 'पाकिस्तानी कारखानामा निर्मित 'जिगाना' उल्लेखित अत्याधुनिक पेस्तोल दिल्लीमा बरामद भएको प्रसंग ।' समाचारको विस्तारमा भनिएको थियो, 'विशेष कन्साइनमेन्ट पूरा गर्न आपराधिक समूहले उक्त पेस्तोल पाकिस्तानबाट नेपाल हुँदै दिल्ली पुऱ्याएका थिए । जसमा नेपालस्थित भन्सार कार्यालयको विशेष साथ थियो ।'

यही पृष्ठभूमिमा गत २ साउनमा विमानस्थलको सुरक्षा घेरा पार गरेर सडकमा आइपुगेको ६०.७१६ किलो सुन बरामद भयो । तर, यसको सुईंको दैनिक अप्रेसनमा खटिने प्रहरी, अध्यागमन विभाग, भन्सार कार्यालय र नागरिक उड्डयन प्राधिकरण कसैलाई छैन । न विमानस्थल सुरक्षार्थ खटिएका राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल र नेपाली सेनाका सुरक्षाकर्मीलाई नै छ ।

पूर्वएआइजी भण्डारी राजनीतिक कमजोर सूचना संयन्त्रका कारण यस्ता गतिविधि हुने र यसका पछि राजनीतिक नेतृत्व नै मुख्य दोषी देखिने बताउँछन् । 'मजबुत सुरक्षाको आधार नै सूचना हो । यसका लागि सूचना संयन्त्र चुस्त र मजबुत हुनु आवश्यक छ । यी कार्य 'म्यान्युअल' विधिबाट होइन, प्रविधिबाट गरिनुपर्छ । संसारका विकसित मात्रै होइन, हाम्रै हैसियतका मुलुकले पनि यस्ता प्रविधि प्रयोगमा ल्याएका छन् । तर, हामीकहाँ हुन सकेको छैन । यसो हुनुमा राजनीतिक नेतृत्व नै दोषी छन् । जसको पृष्ठभूमि आपराधिक छ,' उनले भने ।



● हेमन्त मल्ल
पूर्वडिआइजी तथा सुरक्षाविद्

विमानस्थल अन्तर्राष्ट्रिय तस्करका गिरोह आउजाउ गर्ने महत्त्वपूर्ण 'पोर्ट' हो । यस्ता ठाउँलाई संसारभर संवेदनशील मानिन्छ । र, सुरक्षाको जिम्मेवारी प्रहरीलाई दिइन्छ । तर, नेपाली अन्तर्राष्ट्रिय विमानस्थलको सन्दर्भमा सुरक्षा जिम्मेवारी लिने विषयमा सरकारी निकायबीच नै अन्योल छ । जसकारण न सूचना संयन्त्र एकीकृत हुन सक्छ, न विश्लेषण नै । यही 'लुप होल'मा तस्कर खेल्छन् । र, सुन र लागुऔषधदेखि हतियारसम्म तस्कर गर्न सफल हुन्छन् ।

■ 'पर्सनल डेटा किपिङ' निर्माणमा अस्वाभाविक उदासीनता

संसारभर स्वदेशी र विदेशी नागरिकको 'पर्सनल डेटा किपिङ' गर्न दुईवटा तरिका अभ्यासमा छन् । स्वदेशी नागरिकको डेटा किपिङ सम्बन्धित स्थानीय प्रशासनबाट हुन्छ । विदेशी नागरिकको डेटा किपिङ विमानस्थलको 'इन्ट्री प्वाइन्ट'मा हुने गर्छ, जसलाई बायोमेट्रिक (बायोलोजिकल मेजरमेन्ट) विधि भनिन्छ । यसका लागि नागरिकको औंठाछाप र आँखाको रेटिनाको फोटो लिइन्छ । जसले सम्बन्धित नागरिकको सम्पूर्ण विवरण क्षणभरमै सम्बन्धित अधिकारीलाई बताइदिन्छ । सूचना संकलन र त्यसपछिको सुरक्षा सतर्कतामा संसारभर अपनाइने विधि यही हो ।

तर, नेपालमा हालसम्म यस्तो हुन सकेको छैन । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका अनुसार नागरिकलाई एनआइडी (नेसनल आइडेन्टिटी कार्ड) वितरण २५ जेठ ०७३ बाटै सुरु गरिएको थियो । सात वर्षको अवधिमा यस्ता कार्ड एक लाख ६१ हजार आठ सय १५ मात्रै वितरण भएका छन् । जब कि कार्ड लिन भन्दै मुलुकभरबाट हालसम्म एक करोड २८ लाख २९ हजार ४० जनाको आवेदन परिसकेको छ ।

विभागका सूचना अधिकारी नवराज जैसी राष्ट्रिय परिचयपत्र वितरण मात्रै पूर्ण रूपमा कार्यान्वयनमा आउने हो भने सूचना संयन्त्र बलियो हुने मात्र नभई अपराध नियन्त्रणसमेत कम हुने बताउँछन् । 'राष्ट्रिय परिचयपत्रले नागरिकको व्यक्तिगत डेटा मात्रै सुरक्षित राख्ने होइन, सूचना संयन्त्रलाई समेत मजबुत तुल्याउँछ । त्यसैले आपराधिक गतिविधि नियन्त्रणका लागि यो बलियो हतियार साबित हुनेमा द्विविधा रहेन । तर, यसको प्रगति आशातीत छैन,' उनले भने ।

यी कमजोरी जसले तस्करलाई साथ दिन्छ

● अन्तर्राष्ट्रिय टर्मिनलतर्फको आगमन कक्षबाट यात्रु बाहिरिँदा र भित्रिँदा ठोक्किने पहिलो निकाय हो अध्यागमन विभागमातहतको कक्ष । जहाँ प्रत्येक यात्रुको 'बायोमेट्रिक' लिने उद्देश्यले विशेष क्यामेरा जडान गरिएका छन् । क्यामेराले यात्रुको 'बायोमेट्रिक' त लिन्छ, तर विवरण विश्लेषण हुँदैन । त्यसैले को व्यक्ति कतिपटक विदेश गयो र कतिपटक स्वदेश फर्कियो ? यसको जानकारी अध्यागमनसँग हुँदैन । जानकारी भइहाल्यो भने पनि सूचना अध्यागमनभित्रै सीमित हुन्छ । किनकि त्यहाँ प्रहरीको उपस्थिति हुँदैन । यसको फाइदा उठाउँदै तस्कर विनारोकतोक आउजाउ गरिरहन्छ ।

● विमानसस्थल सुरक्षाका लागि नेपाल प्रहरीको डिआइजीको कमान्डमा तीन सय सात प्रहरी कर्मचारी खटिन्छन् । विमानस्थलको प्रत्येक स्थान र जहाजसम्मै पुग्ने अनुमति उनीहरूलाई हुन्छ । उनीहरूको अनुमतिविना अध्यागमन र भन्सार तथा जहाजका कर्मचारी पनि विमानस्थलभित्र प्रवेश गर्न पाउँदैनन् । त्यसबाहेक विमानस्थलको सबै स्थान सिसिटिभीको निगरानीभित्र छन् । त्यसको मोनिटरिङ गर्ने जिम्मा विमानस्थलका प्रहरी कर्मचारीलाई नै छ । तर, प्रहरीले प्राप्त सूचनासँगै काम गर्ने सरकारका अन्य निकायलाई दिन आवश्यक ठान्दैन । त्यसको फाइदा उठाउँदै तस्कर आउजाउ गरिरहन्छ ।

● विमानबाट आएका सामग्रीको हकमा भन्सार जाँच गराउनैपर्ने हुन्छ । यसैका लागि विमानस्थल परिसरमा भव्य भन्सार कार्यालय खोलिएका छन् । कार्यालय भन्सारकै कर्मचारी 'होल्ड'मा रहन्छ । सामग्री 'स्क्रिनिङ'का लागि प्रविधि पनि जडान गरिएका छन् । तस्करले यसका बाबजुद पनि अवैध सामग्री निर्वाध तवरले ओसारपसार गरिरहेका छन् । यसका पछि 'सेटिङ' र लापरबाही मुख्य कारण हो । कार्यालयमा प्रहरी वा सरकारकै अन्य निकायको पनि उस्थिति भइदिएको भए उनीहरूबीच 'चेक एन्ड ब्यालेन्स' हुने थियो । र, तस्करी रोकिन सक्थ्यो । तस्करले यसैको फाइदा उठाउँदै विनारोकतोक अवैध सामग्री तस्कर गरिरहन्छ ।

● विमानस्थल व्यवस्थापनमा नागरिक उड्डयन प्राधिकरण, नेपाल प्रहरी, भन्सार विभाग र अध्यागमन विभागको प्रत्यक्ष संलग्नता छ । त्यसबाहेक नेपाली सेना, राष्ट्रिय अनुसन्धान विभाग र सशस्त्र प्रहरीको दस्ता पनि विमानस्थलभित्र रहन्छन् । तर, उनीहरूबीच आपसी समन्वय छैन । तस्कर यसैको फाइदा उठाउँदै विनारोकतोक आउजाउ गरिरहन्छन् ।

● सूचना संकलनका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीको आ-आफ्नै विशेष संयन्त्र छन् । सूचना संकलनकै लागि मुलुकमा राष्ट्रिय अनुसन्धान विभाग पनि अस्तित्वमा छ । उनीहरूले हैसियतअनुसारका सूचना संकलन पनि गर्छन् । तर, उक्त सूचना एकीकृत गर्ने संयन्त्र मुलुकमा छैन । त्यसो हुँदा सूचनाको वस्तुपरक विश्लेषण हुन सक्दैन । दुई वर्षदेखि राजधानीभित्र तस्करले सुनको गोदाम खोल्नु र राज्यले यसको गन्धसमेत नपाउनुमा मुख्य कारण यही हो ।

बिमाबापतको १२ लाख लिन आफ्नै टिपरमा आगो

काठमाडौं/ टिपरमा आगो लगाउनेविरुद्ध जाहेरी बोकेर गत १३ साउनमा रामेछाप मन्थली नगरपालिका- १२ का ३४ वर्षीय प्रदीपकुमार खत्री प्रहरी वृत्त चापागाउँ पुगे । र, निष्पक्ष छानबिनको माग राख्दै प्रहरीलाई दबाब दिए । प्रहरीले जब अनुसन्धान थाल्यो, टिपरमा आगो उनैले लगाएको रहस्य खुल्यो । कारण थियो- बिमा रकम असुली ।

महानगरीय प्रहरी वृत्त चापागाउँका अनुसार खत्रीले किस्ताबन्दीमा भुक्तानी गर्ने गरी १३ महिनाअघि १३ लाख रुपैयाँमा बा.ख २८९४ नम्बरको टिपर खरिद गरे । टिपरको १२ लाख रुपैयाँमा बिमा गरे । र, भाइ भीमसेन खत्रीलाई चलाउन दिए । चार महिनाअघि टिपर अचानक बिग्रियो । तर, मर्मतका लागि उनले लगानी जुटाउन सकेनन् । चल्दाचल्दैको टिपर गोदावरी नगरपालिका- १२ ठेचोस्थित नख्खुखोला करिडोरमा थन्किन पुगेपछि बैंकको किस्ता तिर्न पनि उनलाई समस्या भयो । तनावमा रहेका उनको दिमागमा नयाँ जुक्ति फुऱ्यो- टिपरमा आगो लगाउने, बिमाबापतको रकम असुल गर्ने र समस्याबाट मुक्त हुने ।



टिपरमा आगो लगाउने, बिमाबापतको रकम असुल गर्ने र समस्याबाट मुक्त हुने योजना बनाएका प्रदीप आफैं प्रहरी नियन्त्रणमा

उनले आफ्नो योजना भाइ भीमसेनलाई भने । दाइको योजनामा भाइ पनि सहमत भए । र, आगो लगाउन सिन्धुली दुधौली नगरपालिका- १४ का २५ वर्षीय रंगबहादुर बुढाक्षेत्रीलाई तयार पारे । नख्खुखोलाको सुनसान सडकखण्डमा राखिएको टिपरमा आगो लगाउन उनीहरूले ११ साउनको मध्यरात तय गरे । योजनाअनुसार तीन भाइ मध्यरातको १ बजे टिपरनजिक पुगे । टिपरको अगाडितर्फ पेट्रोल छर्केर आगो लगाए । पेट्रोल छर्किएको जति भाग आगोले जल्यो । तर, टिपरको बाँकी भाग केही भएन ।

१३ साउनको करिब २ बजे प्रदीप हारगुहार गर्दै प्रहरी वृत्त चापागाउँ पुगे । दोषीविरुद्ध कडा कारबाही गर्न भन्दै जाहेरी लेखे । सँगै बिमा रकम प्राप्त गर्न प्रहरीसँग सिफारिसपत्र पनि मागे । तर, प्रहरीले अनुसन्धानपछि मात्रै दिन सकिने भन्दै सिफारिसपत्र 'होल्ड' गऱ्यो । र, घटनाको अनुसन्धानमा लाग्यो ।

टिपरको 'फ्रन्ट साइड'बाहेक अन्यत्र केही नभएको भेटिएपछि प्रहरीलाई घटनाप्रति शंका लाग्यो । प्रहरीले घटनाको प्राविधिक अनुसन्धान थाल्यो । प्रहरीले घटनाको रात टिपरका मालिक प्रदीपको लोकेसन 'ट्र्याक' गऱ्यो । गतिविधिमा कैफियत देखिएपछि उनलाई निगरानीमा राख्यो । र, अनुसन्धान प्रक्रियालाई निरन्तर अघि बढायो । यही क्रममा प्रहरीले जब रंगबहादुरलाई पक्राउ गऱ्यो, घटनाको गुत्थी सविस्तार खुल्यो ।

प्रहरी वृत्त चापागाउँका प्रमुख डिएसपी कृष्णकुमार चन्दले बिमाबापतको १२ लाख रुपैयाँ असुल्न प्रदीपले आफ्नै टिपरमा आगो लगाएको अनुसन्धानबाट खुलेको बताए । 'टिपर आगो लागेको र बिमाबापतको रकम लिन सिफारिस गरिदिन भन्दै प्रदीप हामीकहाँ आए । उनको हाउभाउ अस्वाभाविक देखिएपछि घटनालाई फरक ढंगले अनुसन्धान गऱ्यौं । नभन्दै बिमाबापतको रकम असुल गर्न उनले आफ्नै टिपरमा आगो लगाएको खुल्यो । उनीहरूविरुद्ध थप अनुसन्धानका लागि अहिले सात दिनको म्याद थपिएको छ,' उनले भने ।

छोराको होटेल पुऱ्याइदिन्छु भन्दै तिलहरी लुटियो

दाङ/ सल्यानबाट छोराको होटेलमा आउँदै गरेकी एक महिला तुलसीपुरमा लुटिएकी छिन् । तुलसीपुर बसपार्कमा नास्ता पसल सञ्चालन गरेका छोरालाई भेट्न आएकी सल्यान कुमाख गाउँपालिका- ३ रागेचौरकी ५१ वर्षीया निर्मला खत्रीको घाँटीबाट तिलहरी लुटेर भाग्दै गरेका युवालाई प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा तुलसीपुर उपमहानगरपालिका- १० बिजौरीका १८ वर्षीय नवीन सुनार रहेको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रहरी नायब उपरीक्षक पुष्पराज मल्लले बताए । सल्यानबाट बसपार्कमा झरेर ती महिलाले छोरा-बुहारीले सञ्चालन गरेको नास्ता पसल खोज्दै गरेको अवस्थामा सुनारले त्यो पसलमा लगिदिने भन्दै बसपार्कको पुलनजिकै लगेर घाँटीमा लगाएको तिलहरी लुटेर भागेका थिए । सोही क्रममा उनले हारगुहार गरेपछि बसपार्कमा खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

संस्कृत विश्वविद्यालयका शिक्षक र कर्मचारीको परीक्षा लोकसेवाले लिने

दाङ/ नेपाल संस्कृत विश्वविद्यालयले कर्मचारी तथा शिक्षक नियुक्तिका लागि लोकसेवा आयोगलाई परीक्षा सञ्चालन गर्न दिने भएको छ । यसअघि सेवा आयोगले लिँदै आएका सबै परीक्ष अब लोकसेवाले लिने भएको हो ।

विश्वविद्यालय र आन्दोलनरत विद्यार्थीबीचको वार्तामा कर्मचारी र शिक्षक नियुक्तिका लागि लिइने परीक्षा र नतिजा प्रकाशन गर्ने जिम्मा लोकसेवा आयोगलाई दिने सहमति भएको हो । सेवा आयोगले परीक्षा लिँदा आफूअनुकूलका कर्मचारी र शिक्षक नियुक्ति हुने गरेको गुनासो आएपछि यस्तो सहमति भएको हो । त्यो सहमतिपछि विद्यार्थीले विश्वविद्यालयमा लगाएको ताला खोलेका छन् ।

विश्वविद्यालको सेवा अयोगको कार्यालय र आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालयमा नेपाल विद्यार्थी संघले लगाएको तालाबन्दी खुलेको हो । गत ९ असारमा सेवा आयोगको कार्यालय र १२ गते आयुर्वेद अध्ययन संस्थान डिनको कार्यालयमा ताला लागेको थियो । विश्वविद्यालयको तर्फबाट गठित वार्ता समिति र विद्यार्थी संगठनबीच बुधबार भएको वार्तामा सहमति जुटेपछि दुईवटै ताला खोलिएको उपप्राध्यापक सुधीरकुमार पोखरेलले बताए । उनका अनुसार आयुर्वेदको पाठ्यक्रम परिमार्जन गर्ने, प्रयोगात्मक परीक्षाको छात्रवृत्ति ०७९ साउनदेखि लागू हुने गरी ५० प्रतिशत वृद्धि गर्ने, परीक्षालाई कोडिङ, डिकोडिङ प्रणालीमार्फत सञ्चालन गर्न एक अध्ययन समिति गठन गर्ने र पठनपाठन नियमित सञ्चालन गर्ने सहमति भएको छ ।

नियन्त्रणमा लिएर यातना दिँदा दुईजना कैदीको मृत्यु भएको इन्सेकको निष्कर्ष

विराटनगर/ अनौपचारिक क्षेत्र सेवा केन्द्र कोसी प्रदेशले संखुवासभा जिल्ला कारागारमा दुई कैदीको यातनाकै क्रममा मृत्यु भएको निष्कर्ष निकालेको छ । बिहीबार विराटनगरमा स्थलगत अनुगमनको प्रतिवेदन सार्वजनिक गर्दै इन्सेकले नियन्त्रणमा लिएर कुटपिटकै क्रममा विनोद तोलांगी र आकाश बलामीको मृत्यु भएको जनाएको छ ।

इन्सेक कोसी संयोजक सोमराज थापाको नेतृत्वमा चारजना अधिकारकर्मीले संखुवासभा घटनाको स्थलगत अनुगमन गरेका थिए । टोलीमा इन्सेक कोसीका अधिकृत पुण्यप्रसाद अधिकारी, पत्रकार तथा अधिकारकर्मी कृष्ण बास्कोटा र इन्सेक संखुवासभा प्रतिनिधि भविन कार्की सहभागी थिए । प्रतिवेदनमा राज्यका निकायले जिम्मेवारीपूर्वक दायित्व निर्वाह गर्नुको साटो जेलबाट भाग्न खोजेका कैदीलाई नियन्त्रणमा लिएपछि राति निर्मम यातना दिँदा मृत्यु भएको उल्लेख गरिएको छ ।

स्थलगत प्रतिवेदनअनुसार नियन्त्रणमा आइसकेका कैदीहरू जेलको बाहिरी पर्खाल तोडेर भाग्न सक्ने अवस्था नभए पनि उनीहरूलाई पहिले जेलबाहिरै सुरक्षाकर्मी र कैदी नाइकेहरूले मरणासम्म यातना दिएर पछि आन्तरिक प्रशासनलाई जिम्मा लगाएको र मृत्यु भइसकेपछि अरोपबाट जोगिन मात्र उपचारका लागि अस्पताल लगेको पाएको छ । 'नियन्त्रणमा लिएका कैदीहरूलाई राज्यकै निकायले बर्बर यातना दिएर हत्या गर्नु गम्भीर मानव अधिकार उल्लंघन हो,' इन्सेक कोसी संयोजक थापाले भने ।

प्रतिवेदनमा भाग्न खोजेका कैदीहरूलाई नियन्त्रणमा आइसकेपछि पनि चरम यातना दिनु, समयमा उपचार गर्न नलैजानु, समयमै प्रशासनलाई कैदी जिम्मा नलगाउनु र पीडित परिवारलाई पनि समयमा घटनाबारे जानकारी नगराउनुले संखुवासभा कारागारमा सुरक्षाकर्मी र आन्तरिक प्रशासनका नाइके र भाइ नाइकेहरूले गम्भीर गल्ती गरेको उल्लेख छ । जघन्य अपराधमा संलग्न भएका कैदीबन्दीलाई खुला जेलमा राख्ने व्यवस्था कार्यान्वयनमा ल्याउन पनि अधिकारकर्मीहरूले सुझाव दिएका छन् ।

गत २४ साउनमा कैद सजाय भुक्तान गरिरहेका संखुवासभा मादी नगरपालिका- ५ का १९ वर्षीय विनोद र नुवाकोट ककनी गाउँपालिका- २ का २८ वर्षीय आकाशको यातनाबाट मृत्यु भएको थियो ।

मुगुको वास, बाजुराको गाँस

मुगुको खत्याड गाउँपालिकाका बासिन्दा एक दिन पैदल खर्चेर मुगुकै श्रीकोट डिपो पुग्दा पनि चामल पाइने ग्यारेन्टी हुँदैन, रित्तो फर्कनुपर्छ । सदरमुकाम गमगडी पुग्न दुई दिन पैदल नाप्नुपर्छ । बरु आधा-एक घन्टाको दूरीमा रहेको सीमावर्ती जिल्ला बाजुराको धुलाचौरमा खाद्यको बिक्रीकेन्द्र छ, त्यहींबाट चामल किन्छन् । त्यहीं सानो बजारबाट दैनिक उपोग्य वस्तु पनि किनमेल गर्छन् ।

हुम्लामा **नरजन तामाङ**

'कलिजुगमा जन्म भयो, विकटमा वास भयो । बाजुराको रासनपानी मुगुको वास भयो..., बाजुराको रासनपानी सिदि मन रुँदैन, हाम्रा ठाउँमा नेता छैनन्, सरसल्लाह हुँदैन...,' मुगुको खत्याड गाउँपालिका- ११ सुकाडिलकी लक्ष्मीदेवी कार्कीले देउडा गीतको लयमा यसरी पीडा पोखिन् । यो लक्ष्मीको मात्र होइन, खत्याड गाउँपालिकाका हरेक नागरिकको वेदना हो ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीबाट उपलब्ध हुने अनुदानको चामलकै लागि उनीहरूले मुगुको नागरिक भएर पनि 'बाजुराको नागरिक हुँ' भन्नुपरेको छ । एक दिन पैदल खर्चेर मुगुको श्रीकोट डिपो पुग्दा पनि चामल पाइने ग्यारेन्टी हुँदैन, रित्तो हात फर्कनुपर्छ । सदरमुकाम गमगडी पुग्न दुई दिन पैदल हिँड्नुपर्छ । बरु आधा-एक घन्टाको दूरीमा रहेको सीमावर्ती जिल्ला बाजुराको धुलाचौरमा खाद्यको बिक्रीकेन्द्र छ, त्यहींबाट चामल किन्छन् । त्यही सानो बजारबाट दैनिक उपभोग्य वस्तु पनि किनमेल गर्छन् । त्यही भएर उनीहरू बाजुरेली हुँ भन्दै चामलकै लागि बाजुरा लाग्छन् । 'बाजुराबाट अनुदानको चामल पाए खान्छौं, मुगुबाट त चामल देखेका नाई (देखेका छैनौं),' कार्कीले भनिन् ।

बाजुरा पुगेर चालम ल्याउन पनि महाभारत छ । 'अर्को जिल्लाबाट आउनेलाई चामल दिँदैनौं भन्छन् । त्यहाँ आफन्तको नागरिकता मागेर डिपो



बाजुराको धुलाचौरस्थित खाद्य बिक्री केन्द्रबाट चामल लिएर घर फर्किँदै मुगुको खत्याड गाउँपालिका- ८ रिगागाउँकी होइजाली ढोली । तस्बिर : नरजन तामाङ/नयाँ पत्रिका

गएर चामल किनेर जोहो गर्छौं,' कार्कीले भनिन् ।

खत्याड गाउँपालिका- ८ रिगागाउँकी ६२ वर्षीया लक्ष्मी सञ्याललाई नुन-तेलका लागि सदरमुकाम मुगु गमगडी पुग्न दुई दिन लाग्छ । 'आउजाउ गर्न चार-पाँच हजार खर्च हुन्छ, त्योभन्दा बाजुरा नै जान्छौं । मुगुको वास भयो, बाजुराको गाँस,' उनले भनिन्, 'अनुदानको नुन किन्न हिमाली गाउँपालिका धुलाचौर (बाजुरा) जान्छौं ।'

खत्याड गाउँपालिका अध्यक्ष अजबहादुर शाहीले पनि खत्याड- ८ र १० का नागरिकका लागि रातापानी डिपो टाढा रहेको स्वीकार गरे । 'खत्याडका सबै नागरिकलाई सहज होस् भनेर रातापानीमा डिपो बनाइएको हो । तैपनि वडा नम्बर ८ र १० का नागरिकलाई असहज छ,' उनले भने, 'टाढा भए पनि चामल नियमित पाइने भए समस्या हुँदैनथ्यो । ठेकेदारको लापरबाहीले डिपोमा चामल हुँदैन ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनी मुगुका कार्यालय प्रमुख पुष्कर भामका अनुसार मुगुमा खाद्यका एक शाखा, तीन डिपो र दुई बिक्रीकेन्द्र छन् । अहिले शाखा कार्यालयमा ६ सय ८० क्विन्टल मात्रै चामल मौज्दात रहेको उनले बताए ।

खत्याड गाउँपालिका- ८ की होइजाली ढोलीका युवाहरू भारतमा मजदुरी गर्छन् । उनीहरू महिनामा १०-१२ हजार रुपैयाँ पठाउँछन्, त्यही पैसाबाट बाजुराबाट नुन, तेल, चामल किनेर खाने गरेको उनले सुनाइन् । 'खेती गर्न जमिन छैन, किनेरै पेट पाल्नुपर्छ,' उनले भनिन् ।

यस क्षेत्रका अधिकांश स्थानीय भारतमा मजदुरी गरेर जीविका चलाउँछन् । 'पाखोको अन्नले दुई-तीन महिनाभन्दा धेरै धान्दैन,' खत्याड गाउँपालिका- ८ का जसपाउ ढोलीले भनिन्, 'छोरा भारत छन् । उनीहरूले पठाएको पैसाले किनेर खान्छौं ।' खत्याड क्षेत्रबाट बर्सेनि ५०-६० युवा मजदुरीका लागि भारत जाने गरेका छन् ।

स्क्रब टाइफसका बिरामी बढे

बाजुरा/ जिल्ला अस्पताल बाजुरामा स्क्रब टाइफसका बिरामी बढ्न थालेका छन् । मौसममा आएको परिवर्तनका कारण बिरामीको संख्या बढ्न थालेको अस्पतालका सूचना अधिकारी नृपराज गिरीले जानकारी दिए । पछिल्लो समय स्क्रब टाइफसका नौजना बिरामी उपचाररत रहेको उनले बताए । गिरीका अनुसार पछिल्लो समयमा स्क्रब टाइफसलगायत मलेरिया, डेंगु, झाडापखाला, आँखा पाक्नेलगायत समस्या लिएर आउने बिरामी बढेका छन् । अस्पतालका निमित्त कार्यालय प्रमुख डा. मिलन जोशीले विशेष गरी मुसाको नियन्त्रणमा ध्यान दिन सुझाव दिए । जिल्लामा मार्तडी र कोल्टीमा डेंगु संक्रमण फैलिन सक्ने भएकाले त्यस क्षेत्रका बासिन्दाले विशेष सावधानी अपनाउनुपर्ने डा. जोशीको भनाइ छ ।

Invitation for Bids

Government of Nepal Ministry of Health & Population

GP Koirala National Center For Respiratory Diseases

Dulegauda, Tanahun, Nepal

Invitation Of Bids for the Purchase and Supply of Medicine Items **at Hospital Pharmacy**

Contract Identification No: GPKNCRD/GOODS/NCB/01/2080-081

Date of publication: 2080/05/01

1. The GP Koirala National Center For Respiratory Diseases Dulegauda, Tanahun Nepal invites electronic bids from eligible bidders for Purchase and Supply of **Medicine Items** at Hospital Pharmacy procedures as specified in Public Procurement Act and Regulations.
2. The bidder may submit the bid for entire package as mentioned in BOQ. Evaluation will be done package by package basis, with contracts awarded based on the award combination that is of least cost to the Purchaser.
3. Bidder have the option of submitting their bid electronically only. Submission of hard copy bid shall not be entertained. Bidder can down load the bidding document for e-submission from PPMO's web site **www.bolpatra.gov.np/egp.** Bidder must submit application attaching copies of company/firm registration certificate, VAT Registration and Tax clearance certificates of FY 078/079 electronically and should deposit the non- refundable fee of **NRs. 5000.00** as the cost of bidding document in **Nepal Bank Ltd. Damauli, Tanahu's Inland Revenue office Damauli (आन्तरिक राजस्व कार्यालय, दमौली)** account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in bank.
   Office Name **: Inland Revenue office Damauli (आन्तरिक राजस्व कार्यालय, दमौली)**
   Name of the Bank**: Nepal Bank Ltd. Damauli, Tanahu**
   Office Account no**.: 00101 000000001001001**
   Revenu Code no**.: 14229**
   If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in **(DHARAUTI KHATA) : 06001000002003000001 Nepal Bank Ltd. Damauli, Tanahu**, Office Code no**.: 370003801,** Office Name **: KA2.3 -KO LE NI KA TANAHU DHARAUTI KHATA (Cash Deposit form of 4 Pages Ko.le.ni.ka vauchar) (G.P Koirala National Centre for Respiratory Disease) and submit bank deposit voucher along with the bid.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security mentioned in the above table which shall be valid for 30 days beyond the validity period of bid.
4. Pre bid meeting NA.
5. Electronic bids must be submitted to GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahun Nepal through PPMO website: **www.bolpatra.gov.np/egp.** before **12:00 PM on 31th days** of publication of the notice**.** Bids received after this deadline will be rejected. Bidders are requested to follow the electronic bid submission procedure as specified in e-GP system Operating Guideline 2073 and user manuals issued by PPMO which are available in e-GP system.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2:00 pm at 31th** days of bid publication notice at the office of GP Koirala National Center for Respiratory Diseases Dulegauda, Tanahu.
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

S. No.	Contract Identification No:	Description of Package	Estimated amount without VAT (Nrs)	Bid Security (Nrs)	Document Form Fee (Non Refundable) Nrs
1.	GPKNCRD/GOODS/ NCB/01/2080-081	Purchase and Supply of **Medicine Items** of Hospital Pharmacy	Rs.2,50,77,755/-	7,55,000/-	5000/-

Hospital Chief
GP Koirala National Center for Respiratory Diseases
Dulegauda, Tanahun

स्थानीय सरकार

हेलम्बु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति : २०८०/०५/०१

यस गाउँपालिकाको देहाय बमोजिमका पदहरु रिक्त भएकोले सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट माग बमोजिमको कागजात र राजश्व बुझाएको रसिद सहित यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र अर्थात २०८०/०५/१५ सम्म दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

क्र.स.	विज्ञापन नं.	पद/तह	माग संख्या	आवश्यक योग्यता	दरखास्त दस्तुर रु.
१	०६-०८०/८१	मेडिकल अधिकृत (आठौं)	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उपाधि प्राप्त गरेको ।	१,०००/-
२	०७-०८०/८१	अ.हे.व. (चौथो)	२ (दुई)	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.हे.व. कोर्स उत्तीर्ण गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको ।	३००/-
३	०८-०८०/८१	अ.न.मी.(चौथो)	१ (एक)	मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको ।	३००/-

१. **संलग्न गर्नुपर्ने कागजातहरू:**
क. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नेपाल बाहिरको प्रमाणपत्र भए समकक्षता निर्धारण गरिएको प्रमाणपत्र),
ख. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ग. कामको अनुभव खुलेको कागजातहरुको प्रमाणित प्रतिलिपि (आवश्यक परेमा) ।

२. **उमेरको हद**: मेडिकल अधिकृत (आठौं) को हकमा दरखास्त दिने अन्तिम मितिले २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र बाँकी पदहरुको लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

३. **दस्तुर बुझाउने स्थान**: हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडमा रहेको हेलम्बु गा.पा. आन्तरिक राजस्व खाताको खाता नं. १७००१४०००००७९ मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्नेछ ।

४. **दरखास्त फारम पाइने स्थान**: हेलम्बु गाउँ कार्यपालिकाको कार्यालयको वेवसाइट https://helambumun.gov.np/sample-forms वा गाउँ कार्यपालिकाको कार्यालयबाट समेत प्राप्त गर्न सकिने छ ।

५. **दरखास्त दिने स्थान**: हेलम्बु गाउँ कार्यपालिकाको कार्यालय, हेलम्बु, सिन्धुपाल्चोक वा ito.helambumun@gmail.com मा पनि पठाउन सकिने छ ।

६. **दरखास्त दिने अन्तिम मिति**: २०८०/०५/१५ गते कार्यालय समय भित्र । (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदा पश्चात कार्यालय खुल्ने पहिलो दिन ।)

७. **परिक्षा मिति**: संक्षिप्त सूची (Short List) प्रकाशित गर्दा जानकारी गराईनेछ ।

८. **छनौटको तरिका**: प्रारम्भिक योग्यताक्रमको सूचीबाट छनौट भएका उम्मेदवारहरुको लिखित र अन्तर्वार्ता लिई अन्तिम योग्यताक्रमको सूची प्रकाशन गरिने छ ।

(पुनश्च: थप जानकारीका लागि सम्पर्क: प्रशासन शाखा ९८५११४२७४५)

प्रमुख प्रशासकीय अधिकृत

मुग्लिन-नारायणगढ सडक निर्माण कछुवा गतिमा

दुई पुल निर्माणको म्याद थप्ने तयारी



मुग्लिन-नारायणगढ सडकअन्तर्गत इच्छाकामना गाउँपालिका- ६ तुइन खोलामाथि खसेको पहिरो । यही खोलामा पुल निर्माणको योजना छ, तर विस्फोटक पदार्थ नहुँदा पहाड फोड्ने काम सुरु भएको छैन । तस्बिर : नयाँ पत्रिका

भरतपुरमा विवेक पोखेल

संघीय राजधानी काठमाडौं प्रवेश गर्ने मुख्य मार्गमा पर्ने मुग्लिन-नारायणगढ सडकमा दुईवटा पुल निर्माणको ठेक्काको म्याद फेरि थप्ने तयारी गरिएको छ ।

नागढुंगा-मुग्लिन सडक आयोजनाका अनुसार मुग्लिननजिकको खहरे खोला पुलको बल्ल जग निर्माण भएको छ । हालै मात्र मुआब्जा दिएर समस्या समाधान भएको छ । तुइन खोलाको पुल निर्माण प्रक्रिया भने अझै सुरु नै भएको छैन, पहाड फोड्नुपर्ने भएपछि अल्झेर बसेको छ ।

'पहिले कोरोना महामारी र डिजाइन स्वीकृतिलगायत कारणले ढिलो काम भयो,' नागढुंगा-मुग्लिन सडक आयोजना पश्चिम खण्ड योजना प्रमुख इन्जिनियर किरण कार्कीले भने, 'खहरे र तुइन खोलामा मुआब्जाको समस्या बल्ल समाधान भएको छ । तुइन खोलामा पहाड फोड्नुपर्ने भएर ढिलाइ भएको हो ।'

निर्माण ठेक्का पाएको अनक कन्स्ट्रक्सनले गत वर्ष नै १५ पुल निर्माण गरिसक्नुपर्नेमा निर्माण नसकिएपछि आगामी ९ पुससम्म थप गरिएको थियो । यो अवधिमा सेती दोभान पुलको मात्र निर्माण भएको छ । बाँकी १४ पुलमध्ये १२ वटाको काम थपिएको म्यादभित्रै सक्ने लक्ष्य लिइएको छ । तर, दुईवटा पुलको म्याद भने थप्न लागिएको हो ।

विश्व बैंकको सहयोगमा एक अर्ब २३ करोड लागतमा ०७६ चैतबाट यो सडकमा नयाँ पुल निर्माणको काम सुरु भएको हो । १५ वटै पुल बनेपछि सडकको दूरी पनि दुई सय मिटर छोटो हुनेछ ।

नारायणगढ-मुग्लिन सडक विश्व बैंकको ऋण सहयोगमा नेपाल-भारत क्षेत्रीय व्यापार तथा यातायात आयोजनाअन्तर्गत ३६ किलोमिटरमध्ये चितवनको आँपटारीदेखि मुग्लिनसम्मको ३३ किलोमिटर स्तरोन्नति गरिएको थियो । ७ वैशाख ०७२ बाट सुरु भई पाँचपटक म्याद थपपश्चात् करिब एक वर्ष ढिला गरेर २४ साउन ०७५ मा दुई लेनमा स्तरोन्नति गर्न तीन अर्ब ४० करोड खर्च भएको छ । आयोजनाको ठेक्का रकम तीन अर्ब रहे पनि ४० करोड लागत बढेको थियो ।

पहाड फोड्नुपर्ने, तर फाइल अड्कियो

तुइन खोलामा पुल निर्माणका लागि पहाड फोड्नुपर्ने भए पनि नागढुंगा-मुग्लिन सडक आयोजनासँग विस्फोटक पदार्थ छैन । कार्कीका अनुसार विस्फोटक पदार्थले पहाड काट्न रक्षा मन्त्रालयबाट स्वीकृति र भारतबाट विस्फोटक पदार्थ ल्याउन प्रक्रिया अगाडि बढेको छ । विस्फोटक पदार्थका लागि फाइल रक्षा मन्त्रालय हुँदै भारतीय दूतावासमा पुगेको छ । 'विस्फोटक पदार्थ आएमा बर्खालगत्तै काम अघि बढाउने तयारी छ,' उनले भने । भौगोलिक हिसाबले पनि यहाँको जमिन कमजोर छ । कमजोर किसिमको भौगोलिक अवस्था, चिरा परेको ठाउँमा पुल निर्माणमा पहाड काट्ने र विस्फोटक पदार्थ प्रयोग हुने भएकाले पहिरोको जोखिम पनि हुन्छ ।

■ १२ पुल अन्तिम चरणमा, पहुँचमार्ग निर्माण हुँदै

फलोअप

१२ वटा पुल निर्माणको काम अन्तिम चरणमा पुगेको छ, ती पुलसम्म पहुँचमार्ग निर्माण भइरहेको छ । आचार्यका अनुसार जुगेडी खोला, खहरे खोला (दासढुंगा), खोर खोला (१४ किलो), काली खोला, चिसेंजी खोलामा बनेका पुलमा पहुँच सडक निर्माणको काम भइरहेको छ । त्यस्तै, लामबलुवा खोला, भोर्ले खोला, डुम्रे खोला, सिमलताल खोला, रिंदी खोला, नाम्सी खोला र तोपे खोलामा बनेका पुलका लागि पहुँच सडक कालोपत्रेको काम बाँकी छ । यी पुलको चौडाइ सात मिटरको छ ।

नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत पर्ने ३६ किलोमिटर सडकखण्डलाई एसियाली मापदण्डमा विकास गने लक्ष्यका साथ डेडिकेटेड डबल लेन बनाएपछि साँघुरो पुललाई फराकिलो बनाउन आयोजना सुरु गरिएको हो । फराकिलो सडकमा पुल साँघुरो हुँदा दुर्घटनाको जोखिम र जीर्ण बनेका पुलमा सवारी जाम हुने समस्या छन् । तत्कालीन समयमा चीन सरकारले बनाईदिएको पुलकै छेउमा बन्दै गरेका नयाँ पुलले घुम्तीलाई सीधा पनि बनाएका छन् । सडक विस्तारकै क्रममा मौरी खोला, दासढुंगा, खानी खोला र जलबिरेमा चारवटा पुल निर्माण भएका थिए । जलबिरेमा पुल बनेपछि सडक दुई सय ६५ मिटर छोटो भएको छ ।

जनतासँग टुटेको सम्बन्ध जोड्दै छौं : प्रधानमन्त्री प्रचण्ड

सामन्तवाद र निरंकुशताविरुद्ध बन्दुक बोकेर लड्दा माओवादी र जनताको सम्बन्ध पानी र माछाको जस्तै थियो । अहिले त्यो सम्बन्ध कायम छैन । अब फेरि जनतासँग टुटेको सम्बन्ध जोड्दै छौं ।



रामेछापमा **दीपक भट्ट**

प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारमा गएपछि जनता र पार्टीबीचको सम्बन्ध टाढिँदै जाने गरेकाले सम्बन्ध सुधार्न नयाँ संकल्प गरेको बताएका छन् । दोरम्बा शैलुङ गाउँपालिकाको डाँडाकटेरीमा बिहीबार आयोजित २०औँ दोरम्बा स्मृति दिवस कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डले विगतमा जनतासँग माओवादीको सम्बन्ध पानी र माछाको जस्तै भएको, तर अहिले फेरिएको बताए ।

'हिजो हामी सामन्तवाद र निरंकुशविरुद्ध बन्दुक बोकेर लडाइँमा थियौँ । त्यसवेला माओवादी र जनताको सम्बन्ध पानी र माछाको जस्तै थियो । अहिले त्यो सम्बन्ध कायम छैन,' उनले भने, 'विगतको जस्तो हाम्रो सम्बन्ध केही अलमलिएकाले फेरि पुरानै बाटोमा ल्याउन नयाँ संकल्प गरेका छौं ।' उनले मुलुकमा स्थायी शान्ति, सुशासन र समृद्धिका लागि अझै धेरै काम गर्न बाँकी रहेको बताए । देशमा आमूल परिवर्तन ल्यायौं भनेर सैद्धान्तिक रूपमा भन्न सकिने अवस्था रहे पनि व्यवहार र जनताको दैनिकीमा अझै परिवर्तन आउन नसकेको उनको भनाइ थियो । त्यसैले जनतासँग जोडिएर प्रतिगमन र भ्रष्टाचारविरुद्ध सरकार दृढ भएर लागेको उनले जिकिर गरे ।


■ दोरम्बा हत्याकाण्ड सुनियोजित थियो

माओवादीको नेतृत्वमा दश वर्षसम्म चलेको जनयुद्धताका सर्वोच्च कमान्डर रहेका प्रचण्डले दोरम्बा हत्याकाण्ड शान्ति प्रक्रिया भाँड्नका लागि गराइएको सुनियोजित र कायरतापूर्ण हत्याकाण्ड भएको बताए । सरकार र माओवादीबीच दाङको हापुरेमा शान्तिवार्ता भइरहेका वेला ३२ साउन ०६० मा दोरम्बामा माओवादीका २१ जना नेता-कार्यकर्ताको हत्या भएको थियो । कार्यक्रममा माओवादी नेता जनार्दन शर्मा प्रभाकरले पनि दोरम्बा हत्याकाण्डलाई शान्तिविरोधी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गिरोहले गराएको निकृष्ट दमनका रूपमा स्मरण गरे ।

आगामी तीन महिनाभित्र नयाँ वातावरण बनाउने र अर्को तीन महिनामा आफ्नो पार्टीलाई जीवन्त रूप दिने बताउँदै उनले आगामी निर्वाचनमा ०६४ को जस्तै परिणाम ल्याउन गाह्रो नहुने दाबी गरे । 'यसपटक म जसरी भए पनि जनताको मन जित्ने गरी काम गर्छु । मुलुकलाई आर्थिक समृद्धिको बाटोमा हिँडाउने गरी काम गर्छु । सरकार शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गर्न दृढ छ । सिंगो पार्टी पंक्तिलाई त्यसैगरी परिचालित गर्न सके हामीले ०६४ कै जस्तो सफलता पुनः प्राप्त गर्न सक्छौं ।'

गदर-२ को राम्रो व्यापार

गदर-२ ले बुधबारसम्म दुई सय ६१ करोड भारु कमाएको छ। बुधबार मात्रै यस फिल्मले ३२ करोड भारुको व्यापार गऱ्यो। फिल्ममा सनी देओल, अमीषा पटेल मुख्य भूमिकामा छन्। यस फिल्मलाई अनिल शर्माले निर्देशन गरेका हुन्।





देवारामा सैफ अली

फिल्म देवाराको फर्स्ट लुक सार्वजनिक भएको छ। यस फिल्ममा सैफ अली खानले भैरा नामक पात्रको भूमिका निर्वाह गर्नेछन्। जुनियर एनटिआर र जान्हवी कपुर मुख्य भूमिकामा रहेको यस फिल्ममा प्रकाश राजको पनि अभिनय छ। यो फिल्म ५ अप्रिल २०२४ मा रिलिज हुनेछ।

कोभिडपछि योगाभ्यासमा पर्यटकको आकर्षण

■ योग प्रशिक्षक कञ्चनसिंह ठगुन्ना भन्छन्- योग पर्यटनको प्रवर्द्धन जरुरी छ

कोभिडका कारण धेरै विदेशी मानसिक तनावमा परे। कतिपय डिप्रेसनमै गए। नेपालभन्दा पनि विदेशमा यसको असर धेरै देखिएको थियो। तनाव र डिप्रेसनबाट उनीहरूले मुक्ति खोजिरहेका छन्। त्यही कारण अहिले योग गर्ने विदेशीको संख्या विगतको दाँजोमा बढेको छ। विश्वले योगका लागि भारतलाई चिनिरहेको अवस्था छ। तर, योगका लागि नेपाल नै उत्तम भूमि हो। प्रकृतिको सान्निध्यमा रहेर यहाँका पहाड तथा हिमालमा योग गर्नुको मज्जा नै बेग्लै छ। पर्यटन क्षेत्रमा लागेकाले योगको प्रवर्द्धनमा ध्यान दिन जरुरी छ।





शारीरिक स्वास्थ्य र तन्दुरुस्तीका लागि योगाभ्यास महत्त्वपूर्ण छ। यससँगै योगले पर्यटकलाई पनि आकर्षित गरिरहेको छ। विशेषगरी, पदयात्राका लागि आउने पर्यटकहरू केही समय योग गर्छन् र त्यसपछि मात्रै यात्रामा निस्कन्छन्।

ठमेलस्थित नेपाल ट्रेकिङ प्लानरका सञ्चालक दीपक लामिछानेका अनुसार योग ट्रेकिङप्रति विदेशी पर्यटकको आकर्षण बढ्दो छ। 'पदयात्रासँगै योग गर्नेको संख्या बढ्दो छ। मार्दी ट्रेक धेरैका लागि उत्तम विकल्प बनेको छ। पदयात्राका लागि र योग गर्न अधिकांश विदेशी पर्यटकले मार्दीलाई रोज्छन्,' उनी भन्छन्, 'अन्नपूर्ण हुँदै घोरेपानी योगा प्याकेज राखेका छौं। काठमाडौंआसपासका ठाउँमा योगासँगै हाइकिङ कार्यक्रम पनि सञ्चालन गर्छौं। अर्को साइलेन्ट योगा रिट्रेन्ट भनेर पनि राखेका छौं। काठमाडौंसँगै पोखरा, बन्दीपुर र चितवनमा योगा टुर राखेका छौं।'

पछिल्लो समय विदेशी पर्यटक योग गर्न लागि नेपाल आइरहेको उनले बताए। उनका अनुसार कोभिड-१९ पछि योगप्रति आकर्षित भएको देखिन्छ। 'योग र ध्यान गर्न आए पनि उनीहरू ट्रेकिङ पनि गर्छन्।

मानसिक स्वास्थ्यका लागि धेरैले योग गर्न थालेका छन्। एक ठाउँबाट अर्को ठाउँ जाँदै बिहान-बेलुका योग र ध्यानमा व्यस्त हुन्छन्,' लामिछानेले भने। तर, तुलनात्मक रूपमा अझै पनि विदेशी पर्यटक नभित्रिएको उनको भनाइ छ।

चरक योग स्टुडियोका सञ्चालक तथा योग प्रशिक्षक कञ्चनसिंह ठगुन्ना नेपाललाई विश्वमै योग पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिने बताउँछन्। नेपालमा विदेशी योग सिक्नकै लागि नेपाल आउँछन्। काठमाडौंका विभिन्न योग केन्द्रले विदेशीलाई मात्र योग सिकाउँछन्,' उनले भने।

चरक योग केन्द्रले दशकअधिदेखि विदेशी पर्यटकलाई योग र ध्यान गराउँदै आइरहेको छ। योग तथा ध्यान गर्दै ट्रेकिङ गर्ने संस्कृति बढ्दै गएको ठगुन्ना बताउँछन्।

'योगाभ्यास गर्न थालेपछि शरीर स्वस्थ र तन्दुरुस्त हुन्छ। यसले फुर्तिलो बनाउँछ, जसले गर्दा मानव शरीरलाई योगाभ्यास अति आवश्यक छ,' उनी भन्छन्, 'मेरो अनुभवमा कोभिड-१९ पछि विदेशीहरू झन् निराश पाएँ। योगको महत्त्व अझै बढेर गएको छ। उहाँहरू योगा गर्नकै लागि नेपाल आइरहनुभएको छ।'

नेपालमा किन छ आकर्षण ?

हिमाल र पहाडमा घुम्नुको अनुभव अद्भूत हुन्छ। यसले प्रकृतिसँग रमाउने अवसर दिन्छ। यात्राअधि वा यात्राका दौरान उच्च पहाडमा पुगेर योग गर्नुको मज्जा नै बेग्लै छ। 'योगको उद्गमस्थल नै पूर्वीय मुलुक हुन्। त्यसमध्ये नेपाल एक हो। नेपालका पहाड र हिमाल प्रचीन समयमा पनि ऋषिहरूले साधना गरेको इतिहास छ। अहिले पनि कतिपय ज्ञात-अज्ञात साधु-सन्तहरूले साधना गरिरहनुभएको सुन्न आउँछ,' सम्बोधी योग केन्द्रका योग प्रशिक्षक विजय सापकोटा भन्छन्, 'भौगोलिक रूपमा पनि नेपालमा निकै सुखद वातावरण छ। यहाँका पहाडमा शान्ति पाइन्छ। त्यस्तै, काठमाडौंलगायतका सहरी क्षेत्र पनि मन्दिर र स्तूपाले सुसज्जित छन्। यसले योग गर्नका लागि अलग्गै भाइब्रेसन बनाउँछ।'

उनी थप्छन्, 'योग ध्यान गर्ने र आफूलाई शान्त राख्ने मानिसलाई यहाँ सम्मानजनक तरिकाले व्यवहार गर्ने दृष्टिकोण र संस्कार हाम्रोमा छ। यी कारणले नै योग गर्न नेपालमा विदेशीहरू आकर्षित छन्।'

दाँत स्वस्थ राख्न के गर्ने ?

दाँत हाम्रो शरीरको महत्त्वपूर्ण अंगमध्ये एक हो। यदि समयमै दाँतको स्याहार गरिएन भने विभिन्न समस्या देखिन सक्छ। दाँतको दुखाइ, गिजामा दुखाइ, उमेरभन्दा पहिल्यै दाँत झर्नु, दाँत पहेँलो हुनु, मुख दुर्गन्धित हुनेलगायत समस्या देखिन्छन्।

दाँतको सुरक्षाका लागि दिनमा दुईपल्ट ब्रस गर्न जरुरी छ। जब कि धेरैजसो मानिस बिहान मात्रै ब्रस गर्छन्। हामीले राति सुत्नुअघि पनि दाँत ब्रस गर्न जरुरी हुन्छ। किनकि, धेरैजसो ब्याक्टेरियाले रातकै समय दाँतमा हमला गर्छन्। राति सुत्नुअघि ब्रस गर्दा मुखभित्र दिनभर जम्मा भएका ब्याक्टेरिया र विषाक्त पदार्थ सफा हुन्छन् र दाँत स्वस्थ रहन्छ।

इनर्जी बढाउन...



नट्स : बदाम, काजु, आल्मोन्ड, ओखर, कटुस नट्सअन्तर्गत पर्छन्। प्रशस्त प्रोटिन र क्यालिसयम पाइने भएकाले स्वास्थ्यका दृष्टिकोणले यो राम्रो मानिन्छ। दिनमा दुई वा तीनवटा नट्स खानु स्वास्थ्यका दृष्टिकोणले राम्रो हुन्छ। तर, अत्यधिक सेवन गर्न भने हुँदैन। हड्डीलाई मजबुत बनाउने कामसमेत यसले गर्छ। रोगप्रतिरोधी क्षमता बढाउँछ। ओखरले दिमागको मेमोरी पावर बढाउँछ।

चकलेट : चकलेटका पनि धेरै फाइदा छन्। यसमा फाइबर पर्याप्त हुन्छ। यसले इनर्जी दिन्छ। तर, चिनीबाट बनेको चकलेट भने स्वास्थ्यका लागि राम्रो मानिदैन। कोकोआ प्लान्टबाट बनेका डार्क चकलेट राम्रा हुन्छन्। केक बनाउँदा पनि यसको प्रयोग गर्ने गरिन्छ।

किसमिस : किसमिस सिट्स फुड हो। यसमा आइरन पोटासियम, क्यालिसयम तथा फाइबर प्रशस्त मात्रामा पाइन्छ। जो स्वास्थ्यका लागि लाभदायक छ।

सिजनल फलफूल : फलफूलका फाइदैफाइदा छन्। हरेक फलफूलका अलग विशेषता हुन्छन्। अम्लीय पदार्थ दिने फलहरू ज्यामिर, मौसम, सुन्तला, भोगटे, कागती, भुइँकटहरमा भिटामिन डी र सी पर्याप्त पाइन्छ।

कुकुर पाल्नुअघि ध्यान दिनुस्



रमेश बस्ताकोटी
अन्नपूर्ण भेट क्लिनिक एन्ड पेट सप
चुच्चेपाटी, काठमाडौं

● पछिल्लो समय कुकुर पाल्ने सहरिया जमात बढ्दो छ। तर, कतिपयले कुन जातको कुकुर पाल्ने भन्ने कुराको ज्ञान नलिई कुकुर पाल्न थाल्छन्। सानोमा कुकुर राम्रो लागे पनि ठूलो हुँदै गएपछि स्याहार गर्न सक्दैनन् र बाटोमा लगेर छाडिदिने गर्छन्। यस्तो हुँदा कुकुरले धेरै दुःख पाउँछ र कतिपय अवस्थामा भोकै त कतिपय अवस्थामा दुर्घटनामा परेर ज्यान गुमाइरहेका हुन्छन्।

● तपाईंले कुकुरको आवश्यक स्याहार गर्न सक्नुहुन्छ भने पाल्दा हुन्छ। तर, केही समय पालेर सडकमा लगेर छाड्नु कुकुर र समाजका लागि पनि राम्रो हुँदैन। त्यसैले कुकुर पाल्नुअघि त्यसलाई आवश्यक वातावरण दिन सकिन्छ कि सकिँदैन भनेर तपाईंले सोच्नुपर्छ।

● तपाईंसँग सानो ठाउँ छ भने सानो जातका कुकुर पाल्दा हुन्छ। सानो स्पेस ठूलो ब्रिडका कुकुरका लागि पर्याप्त हुँदैन।

● सन्तुलित आहार तथा उमेरअनुसार भिटामिन र क्यालिसयमको मात्रा मिलाएर दिनुपर्छ। कुकुरको शरीर वृद्धिविकासका लागि हाइजेनिक खानेकुरा दिनुपर्छ।

● कुकुर बेच्चेले पनि किन्ने मान्छेको घरमा कति ठाउँ छ र त्यो ठाउँ कुन जातको कुकुरलाई ठीक हुन्छ, सोधेर मात्रै बेच्नुपर्छ।

● साना प्रजातिका कुकुरलाई 'रुम' भए पुग्छ। रुमकै स्पेस भए पनि पुग्छ। तर, लार्ज ब्रिड (ठूला प्रजातिका कुकुर) पाल्न कम्तीमा चार-पाँच आना भएको जमिन आवश्यक पर्छ। उसलाई खेल्न र हुर्कन कम्तीमा यति ठाउँ आवश्यक पर्छ।



● कतिपयले कौसीमा कुकुर पालेका देख्छौं। कौसीमा कुकुर पाल्नु राम्रो होइन। यसका थुप्रै कारण छन्। कौसीमा विभिन्न कारणले स्वास्थ्यमा समस्या आउँछ। चराहरूले विभिन्न पोइजनस खानेकुरा ल्याउँछन्। त्यो खायो भने रोग लाग्न सक्छ। त्यसैले कौसी कुकुरका लागि राम्रो होइन। जाडो तथा गर्मीमा लाग्ने सम्भावित रोगबाट जोगाउन तपाईंले विशेष ख्याल गर्नुपर्छ। त्यस्तै, आवश्यक भ्याक्सिनहरू निश्चित समयमा अनिवार्य रूपमा लगाइदिनुपर्छ।

प्रदूषणबाट छालालाई यसरी जोगाउनुस्



डा. ललन खतिवडा
छालारोग विशेषज्ञ
नेपाल स्किन हस्पिटल

छालामा प्रदूषणले विभिन्न असर पुऱ्याइरहेको हुन्छ। तनाव एवं थकानले पनि असर पुऱ्याउँछ। अनुहारमा पनि यसको असर देखिन्छ। त्यसैले छालाको स्याहारमा हामीले ध्यान पुऱ्याउन जरुरी छ।

बिहान मनतातो पानीले मात्रै मुख धुने गर्नुपर्छ, त्यसपछि सनब्लक नियमित लगाउनुपर्छ। यसले घाम र प्रदूषण दुवैबाट बचाउँछ। पर्याप्त पानी र सिजनअनुसारका फलफूल खाने गर्नुपर्छ। बाहिरबाट आएपछि साँझ फेसवास र मनतातो पानीले मुख धुने गर्नुपर्छ।

चिकित्सकसँग परामर्श लिएर आफ्नो छालामा सुहाउँदो मोस्चराइजर लगाउनुपर्छ। धेरै चिसो र धेरै तातो पानीले धुनुहुँदैन। पर्याप्त पानी पिउने गर्नुपर्छ। बाहिर निस्कँदा मोस्चराइजर क्रिम र सनब्लक अनिवार्य लगाउनुपर्छ। फलफूल खाने गर्नुपर्छ। यसले छालाको सुक्खापन सन्तुलनको काम गर्छ।



डार्क स्किनलाई कस्तो स्याहार ?

घर अथवा अफिसको काममा हामी लामो समयसम्म कम्प्युटर, ल्यापटप र मोबाइलमा व्यस्त हुन्छौं। यी विद्युतीय उपकरणबाट आउने प्रकाशले छालालाई असर गर्छ। अफिसमा काम गर्ने अधिकांशको समय कम्प्युटरअगाडि बसेर बित्छ। यसबाट आँखावरपर डार्क सर्कल देखिन्छ। यसका लागि कम्प्युटरमै बसेका बेला दुई-दुई घन्टाको ग्यापमा मोस्चराइजर र सनब्लक लगाउन सकिन्छ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग उद्योग विकास शाखा, सिन्धुपाल्चोकमा प्रा.फ.नं.उ.वि.शा.: १६३९/०७०/७१ अन्तर्गत मिति: २०७०/०९/२५ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि. स. वडा नं. २ हाल मेलम्ची न.पा. वडा नं. ११ स्थित **कमल फेन्सी स्टोर** **प्रोप्राईटर तथा जमानीकर्ता: कमल अधिकारी**	**२) कमल अधिकारी** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं.२ हालको ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं.११ बाबु : केशव अधिकारी बाजे : रेसम बहादुर अधिकारी

धितोको विवरण

१) रेसम बहादुर अधिकारीको नाति, केशव अधिकारीको छोरा सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं.२ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं.११ बस्ने कमल अधिकारीको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची गा.वि.स. वडा नं. ०६ (हाल : मेलम्ची न.पा वडा नं.११) स्थित कित्ता नं. १११९६ र १११९७ को क्षेत्रफल क्रमश ०-२-३-० र ०-२-३-० (रोपनी)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।
२) कमल फेन्सी स्टोरको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

ऋणीको विवरण	धितोको विवरण
३) प्रदेश सरकार, उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकमा प्रा.फ.नं.: ७९/०७६/७७ अन्तर्गत मिति: २०७६/१०/१४ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. ११ स्थित **लोटस होटल एण्ड रेष्टुरेन्ट** **प्रोप्राईटर तथा जमानीकर्ता: सन्तोष अधिकारी**	१) मोति बहादुर अधिकारीको नाति, रेसम बहादुर अधिकारीको छोरा सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गाँउ पञ्चायत वडा नं.२ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं.११ बस्ने केशव अधिकारीको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगतमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं.२ (हाल: मेलम्ची न.पा वडा नं.१०) स्थित कित्ता नं. ५५४ को क्षेत्रफल ६-१४-१-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) लोटस होटल एण्ड रेष्टुरेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१. नानी मैया अधिकारी स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ हालको ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. ११ बाबु : भोज ब. खड्का ससुरा : रेसम बहादुर अधिकारी पति : केशव अधिकारी	**२. सरिता दाहाल (अधिकारी)** स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा. वडा नं. १० हालको ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. ११ बाबु : यतनाथ दाहाल ससुरा : केशव अधिकारी पति : कमल अधिकारी	**३. सन्तोष अधिकारी** स्थायी ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. १० हालको ठेगाना : सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. ११ बाबु : केशव अधिकारी बाजे : रेसम बहादुर अधिकारी
४. केशव अधिकारी स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गाँउ पञ्चायत वडा नं. २ हालको ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. ११ बाबु : रेसम बहादुर अधिकारी बाजे :मोति बहादुर अधिकारी		**५. कमल अधिकारी** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. २ हालको ठेगाना: सिन्धुपाल्चोक जिल्ला, मेलम्ची न.पा वडा नं. ११ बाबु : केशव अधिकारी बाजे : रेसम बहादुर अधिकारी

ऋणीको विवरण	धितोको विवरण
२) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.नं. ५०६५/२०४ अन्तर्गत मिति २०७३/०६/१८ मा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ स्थित **सदाम फर्निचर उद्योग** **प्रोप्राईटर तथा जमानीकर्ता: इसराइल मिया** स्थायी ठेगाना : रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना : रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ६ बाबु : छेकन मिया कवारी बाजे : जुनबली मिया	१) जुनबली मियाको नाती, छेकन मिया कवारीको छोरा, रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ६ बस्ने इसराइल मियाको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल बृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८३ को क्षेत्रफल ०-७-५ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) नसिब मिया कवारीकी छोरी, छेकन मिया कवारीकी बुहारी, इसराइल मिया कवारीकी पत्नी, रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ६ बस्ने अफरिदा खातुनको नाममा मालपोत कार्यालय चन्द्रनिगाहापुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ८ (हाल बृन्दावन न.पा. वडा नं. ६) स्थित कित्ता नं. २६०को क्षेत्रफल ०-११-१५ (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । ३) सदाम फर्निचर उद्योगको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

जमानीकर्ताहरुको विवरण

१) महमद फैजुलाह स्थायी ठेगाना: रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ६ बाबु: इसराइल मिया बाजे: छेकन मिया कवारी	**२) अफरिदा खातुन** स्थायी ठेगाना: रौतहट जिल्ला, बिश्रामपुर गा.वि.स. वडा नं. ७ हालको ठेगाना: रौतहट जिल्ला, बृन्दावन न.पा. वडा नं. ६ बाबु: नसिब मिया कवारी ससुरा: छेकन मिया कवारी पति: इसराइल मिया कवारी

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थिर भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सांकेतिकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

देश प्रहसनको डबली होइन

व्यवस्था सुदृढ गर्न र अवस्था बदल्न अब राजनीतिक दलहरूले स्वयं रूपान्तरित हुनु र पुस्तान्तरणको नयाँ कोर्स अवलम्बन गर्नुको विकल्प देखिँदैन



● रश्मि आचार्य

अग्रलेख

एकतन्त्रीय जहानियाँ राणाशासन ढलेपछि सुदिन आउने परिकल्पना परिवर्तनकामी जनताले गरेका थिए । राणातन्त्र फाल्न राजा र जनताबीच सहकार्य त्यसैको उपज थियो । परिणामतः २००७ सालमा प्रजातन्त्र आयो पनि । दुःखद पक्ष, त्यो प्रजातन्त्र १० वर्षभन्दा बढी टिक्न सकेन । प्रजातन्त्र अपहरण गर्न जनताले शक्तिमा फर्काइदिएका राजा नै अघि सरे । ०१७ मा राजाले आफूलाई राज्यसत्ताको एकल अधिकारी घोषित गरेर जनातालाई पुनः कालकोठरीमै धकेले । ०४६ मा पञ्चायत ढाल्न जनताले निर्णायक संघर्ष छेडेपछि राजा संवैधानिक दायरामा आउन बाध्य भए । त्यो संवैधानिक दायरालाई जब राजाले ०५८ र ०६१ मा किस्ताबन्दीमा तोडेर आफैं सरकार प्रमुख भए तब जनता सिंगो राजतन्त्रविरुद्ध निर्णायक संघर्षमा उत्रिए । परिणामतः ०६२/६३ को आन्दोलनले देशलाई गणतन्त्रसम्म पुऱ्यायो । यसकारण भन्न सकिन्छ, जनता एकाएक र अनायास राजतन्त्र फाल्ने कठोर निष्कर्षमा पुगेका थिएनन् । त्यसका लागि आत्मगत र वस्तुगत दुवै परिस्थिति परिपक्व भएको थियो ।


०६२/६३ को आन्दोलन लोकतन्त्रको पक्षमा गरिने अन्तिम आन्दोलन बनोस् भन्ने जनचाहना थियो । दुःखद पक्ष, तत्पश्चात् पनि जनअपेक्ष पूरा हुन सकेनन् । मूलतः क्रान्तिका विजेता मानिएका दल तथा त्यसयता गठित सरकारले अपेक्षित परिणाम दिन सकेका छैनन् । क्रान्ति गर्न सफल तर तत्पश्चात्को व्यवस्थापन गर्न अर्थात् अवस्था बदल्न क्रान्तिदस्ता पुस्ता असफलजस्तै देखिएको छ । लोकतान्त्रिक व्यवस्थालाई व्यवहारमा चरितार्थ गर्न र सामाजिक जनजीवनमा लोकतन्त्रका मुख्य मानक प्रकटित हुन अझै सकेका छैनन् । नेपाली समाजमा व्याप्त निराशा र आक्रोश त्यसैको उपज हो । विश्वचर्चित 'दि इकोनोमिस्ट'ले विश्लेषण गरेजस्तै 'नेपाल असफल देश' हो कि होइन भनेर विभिन्न प्यारामिटरमा जाँचिन बाँकी छ, तर नेतृत्वको पहिलो तरेलीको भने अब परीक्षण हुन कुनै पाटो बाँकी रहेन । वर्तमान सरकार यही दुःखद अवस्थाको निरन्तरता मात्र हो ।

तथ्यले भन्छ, ०४६ पछिका ३४ वर्षमा २८ वटा सरकार बने । यो कालखण्डमा सरकार बनाउने खेती फस्टायो, तर सरकार चलाउनेहरूको मति र गति भने फिरेन । यसबीचमा बनेका एकाध सरकारबाहेक अरू सरकारले सम्झनलायक काम गर्न सकेनन् । बालुवाटार र सिंहदरबारमा फोटो झुन्ड्याउने, केही आसेपासेलाई पदको पगरी गुथाइदिने, पदासीनहरूले रजगज मच्चाउने र देशलाई क्रमशः खोक्रो बनाउने कुशासनमै उनीहरूले महारथ हासिल गरे । देशमा उत्पादन बढाउने, रोजगारी बढाउने, युवा बिदेसिने क्रम रोक्नेभन्दा पनि बढीभन्दा बढी सरकार कसरी उत्पादन गर्ने ? पार्टीहरू फोरेरै भए पनि सरकारको संख्या कसरी थप्ने ? विदेशीका लागि कम्फर्टेबल सरकार कसरी जन्माउने ? यस्तै रोटेपिङको चक्रमा देश गुज्रियो ।

देश किन बनेन ? भन्ने कुराको उत्तर खोज्न धेरै पर जानैपर्दैन ! पछिल्ला दुई महिनाका सरकार र संसद्का गतिविधि नियाल्दा नै प्रस्ट उत्तर मिल्छ । देशकै साख गिराउने, सिंगो राज्य संरचनालाई प्रयोग गरेर सीमित व्यक्ति पोस्ने तथा देशको अर्थ प्रणाली नै धाराशयी बनाउने अर्थात् वैधानिक अर्थतन्त्र कमजोर बनाउने, तर अवैधानिक अर्थतन्त्र बलियो बनाउने कुकर्ममा सरकार लिप्त देखिन्छ । 'अवैध सुन तस्करी प्रकरण' त्यसको पछिल्लो उदाहरण हो । नक्कली भुटानी शरणार्थी प्रकरणले धमिल्याएको देशको छविलाई सरकारका एकपछि अर्का गैरजिम्मेवार कदमले झनै धुमिल बनाइदिएको छ । प्रधानमन्त्रीको भारत भ्रमणसँग जोडिएका कैयौं गैरकूटनीतिक र अराजनीतिक हर्कतले मर्माहत बनेको देश थप आघातमा परेको छ । देशलाई गति र दिशा दिनुपर्ने सरकार उल्टै दिशाहीन बन्दा देश संगीन अवस्थामा पुगेको छ ।

दिशाहीन अवस्था : धेरै तथ्यले भन्दै छन्, देश यतिबेला कम्पास हराएको जहाजजस्तै दिशाहीन अवस्थामा छ । जता हेऱ्यो, त्यतै भद्रगोल, बेथिति, निराशा र आक्रोश बढ्दो छ । देशको समस्या एकातिर छ, सरकारको ध्यान अर्कैतिर छ । देशले निकास खोजेको छ, तर सरकार भने क्रमशः समस्या थप्दै छ । देशले स्थिरता खोजेको छ, सरकार आफैं अस्थिरता रोप्दै छ । देशले सुशासन खोजेको छ, तर सरकार भने 'आफ्ना मान्छे' जोगाउन भ्रष्टाचार र कुशासनको संरक्षक बन्दै छ । विभिन्न काण्डमा जोडिएका गठबन्धनका नेतालाई जोगाउन 'बालुवाटार बैठक' गम्भीर प्रश्नको घेरामा छ । जसका कारण बालुवाटार देश बनाउनेहरूको संगमस्थल नभई 'देश लुट्नेहरूको छहारी स्थल हो' भन्ने भाष्य आमजनमानसमा स्थापित भएको छ ।

बालुवाटार, सिंहदरबार र बानेश्वरका बैठकहरू आजकल उत्साहप्रद छैनन् । ती बैठकमा युवालाई विदेश पलायन हुनबाट रोक्ने परिणाममुखी योजना कहिल्यै बन्दैनन् । देशमा उत्पादन बढाउने, रोजगारी वृद्धि गर्ने उपायबारे सार्थक छलफल नै हुँदैन । किसान, मजदुर, भूमिहीन, उत्पीडनमा पारिएको समुदायका पीडाले उनीहरूको मन पोल्दैन । राज्यले नै पूर्ण जिम्मेवारी लिनुपर्ने शिक्षा र स्वास्थ्य क्षेत्रमा मौलाएको विकृति,



विसंगतिबारे सरकार बेखबरजस्तै छ । बिग्रिँदो विदेश सम्बन्ध र असन्तुलित विदेश नीतिका पाटामा घनीभूत बहस भएको पाइँदैन । मूलतः राजनीति नीतिगत बहसमा जानै सकेको छैन । उच्च तह र संरचनाका बैठकमा छलफल नगरी नहुने विषय प्रवेश नै हुँदैन । प्रवेश गर्नै नहुने विषय केन्द्रीय विषय बन्छ । यसबाट न त सरकारले आशा जगाएको छ, न त संसद्ले नै । सिंहदरबार र अन्य प्रशासनिक संरचनाबाट हुने डेलिभरीको कछुवा गति अधोगतिमै छ । तर, सरकार भने आरोप-प्रत्यारोपको कारखाना चलाइरहेको छ । के यही तरिकाले देशले समृद्धिको युगीन लक्ष्य पहिल्याउन सक्छ त ? किमार्थ सक्दैन ।

> हाम्रो राजनीति नीतिगत बहसमा जान सकेकै छैन । उच्च तह र संरचनाका बैठकमा छलफल नगरी नहुने विषय प्रवेश नै हुँदैन । प्रवेश गर्नै नहुने विषय केन्द्रीय विषय बन्छ । यसबाट न त सरकारले आशा जगाएको छ, न त संसद्ले नै ।

विडम्बना नै भन्नुपर्छ, नेपाली समाजको मनोविज्ञान रचनात्मक दिशामा जानै सकेन । रचनात्मक दिशामा जाने गरी राजनीति संग्लिनै पाएन । राजनीतिभित्रको अराजनीतिक चरित्र बहुसमय हाबी हुँदा रचनात्मक संस्कार र संस्कृति कोमामा पुगेको छ । रचनात्मक सोचाइलाई निषेध गरेर देश विकास भएको उदाहरण विश्वमा कहीँ पनि भेटिँदैन ।

रचनात्मक सोच खोइ ? : भनिन्छ, निर्माणका लागि रचनात्मक सोच चाहिन्छ । रचनात्मक सोचका लागि सचेत पहलकदमी जरुरी हुन्छ । विगतको सिंहावलोकन गर्दा नेपाली समाजको चरित्र विद्रोही मनोविज्ञानबाट ज्यादा प्रभावित देखिन्छ । यसकारण अब देश बनाउन विद्रोही मनोविज्ञानलाई रुपान्तरण गरेर रचनात्मक सोचको राष्ट्रिय मनोविज्ञान विकास गर्न आवश्यक छ । यसका लागि योजनाबद्ध पहलकदमी मूलतः सरकारले नै लिनुपर्छ ।

समस्या नीतिमा हो कि व्यक्तिमा ? खराबीको स्रोत प्रणालीमा छ कि कार्यशैलीमा ? गहिरिँदो संकट समाधानका लागि कसले के गर्ने ? स्थानीय सरकारले के गर्ने ? प्रदेश सरकारले के गर्ने ? हरेक नागरिकले के गर्ने ? समुदायले के गर्ने ? संस्थाहरूले के गर्ने ? तीनवटै सरकार मिलेर के गर्ने ? सरकार र नागरिक मिलेर के गर्ने ? आदि सवालमा स्पष्ट रोडम्याप बनाउन अब ढिलो भइसकेको छ । सिर्जनात्मक सोचले मात्र त्यस्तो रोडम्याप बन्न सक्छ । कैयौं राम्रा सुझावसमेत नकारात्मक डढेलोको लप्कामा पारेर खरानी बनाउने तरिकाले सिर्जनाको मूल किमार्थ फुट्न सक्दैन । संसद्मा देखिने बेतुकको आरोप-प्रत्यारोपको अनन्त शृंखलाले राजनीतिलाई न त नीतिगत बहसमा लान सक्छ, न त सकारात्मक सोचको विकासमै त्यसले योगदान दिन सक्छ । यस सवालमा दलहरू जिम्मेवार र जवाफदेही बन्नैपर्छ । संसद् र सरकार कसका लागि ? जनताका लागि कि जनतालाई चुस्नेका लागि ? अब बोलीबाट होइन, व्यवहारबाट यसको उत्तर दिनुपर्छ ।

विपक्षी दलले उठाएको सार्वजनिक सरोकारका ज्वलन्त मुद्दालाई गठबन्धनको बहुमतको नाममा पेलेर होइन, समाधान गर्ने इच्छाशक्ति देखाउँदा मात्रै त्यसबाट सकारात्मक नतिजा हासिल हुन सक्छ । देश तथा विदेश सबैको ध्यान खिचेको अवैध सुन तस्करीजस्तो गम्भीर विषयलाई टालटुल पारेर, विपक्षीलाई पेलेर समाधान खोज्ने गठबन्धनको रणनीति नै शतप्रतिशत गलत छ । यसर्थ, समृद्धि, सुशासन जस्ता देशका ज्वलन्त मुद्दामा न्यूनतम साझा अवधारणा बनाउने परिपाटी बसाल्नु नै सकारात्मक सोचको थालनी गर्नु हो । के यो कोर्समा जान सरकार तयार छ ? त्यसैमा धेरै कुरा निर्भर हुनेछ ।

प्रहसनको डबली : पछिल्ला घटनाक्रमले भन्दै छन्, हाम्रा शासक-प्रशासक देश चलाइरहेका छैनन्, केवल प्रहसनको डबलीमा मजाक गरिरहेका छन् । प्रहसन शासनका कारण देशले हरेक दिन अपूरणीय क्षति व्यहोर्नुपरेको छ । दुःखसाथ भन्नुपर्छ उनीहरूले देशप्रतिको युगीन जिम्मेवारीलाई कुनै कोणबाट पनि बोध गरेकै देखिँदैन । उल्लिखित सन्दर्भ र अन्य उपसन्दर्भको विश्लेषण गर्दा उनीहरूको प्रहसन अब पनि रोकिएन भने 'जेलेन्स्की भाग- २' कतै नेपालमै त जन्मँदै छन् ? भन्ने संशय पैदा भएको छ । यसतर्फ आमनागरिकको सचेत पहलकदमी र चनाखोपनको खाँचो छ ।

स्पष्ट छ, देशको मूल स्वत्व जनतासँग रहेको छ । जनताका प्रतिनिधिका रूपमा राजनीतिक दलहरूले काम गर्ने हुनाले आजको सन्दर्भमा नेपालको स्वत्व राजनीतिक दलहरूसँग अभिन्न रूपले जोडिएको छ । राजनीतिक दलहरू त्यसमा पनि जनताले धेरै सिट दिएर संसद्मा पठाएका राजनीतिक दलहरू जसले सरकार चलाइरहेका छन्, उनीहरूले प्रथमतः यो युगीन जिम्मेवारीलाई आत्मसात् गर्नुपर्छ । देश बलियो बन्न बलियो राष्ट्रिय शक्ति आवश्यक छ । जतिसुकै आलोचना र प्रश्न भए पनि दलबाहेक अरू बलियो राष्ट्रिय शक्ति बन्न सम्भव छैन ।

निष्कर्षमा भन्न सकिन्छ, देशमा प्रजातन्त्रको पुनर्वहाली (०४६) र गणतन्त्र (०६३) आइसकेपछि बदलिँदो व्यवस्थाअनुरूप अवस्था बदल्न तयारी नथाल्नु, देशलाई सरकार जन्माउने मोसिनका रूपमा मात्र प्रयोग गर्नु, सरकारलाई जनताका दैनिकी सुधार्ने र देशको समृद्धिमा केन्द्रित गर्नभन्दा पनि आफ्ना स्वार्थपूर्तिको साधन मात्रै ठान्नुले आजको निराशा र दुरवस्था आएकामा दुईमत रहेन । त्यसमा पनि अझ एउटै पुस्ताबाट व्यवस्था बदल्ने र अवस्थामा सुधार ल्याउने अपेक्षा गर्नु व्यर्थ र असम्भव कोर्स रहेछ भन्ने कुरा व्यवहारतः प्रमाणित भएको छ । यसर्थ, व्यवस्था सुदृढ गर्न र अवस्था बदल्न अब राजनीतिक दलहरूले स्वयं रुपान्तरित हुनु र पुस्तान्तरणको नयाँ कोर्स अवलम्बन गर्नुको विकल्प देखिँदैन । यसका लागि प्रहसनको डबलीमा झुमिरहेका के त्यो कोर्स त्यागेर आमजनताका दुःख, पीडा, वेदनामा एकाकार भएर उभिन तयार छन् ? के सरकारमा भएका र सरकार चलाइसकेकाहरूले यो कोर्स करेक्सनको वाचा गर्न सक्छन् ? प्रहसनको डबलीवाला कोर्स नबदली देश किमार्थ बन्दैन ।

---

३ प्रश्न

कृषिविज्ञ
कृष्णप्रसाद पौडेललाई



यसपालि तराई, मधेसमा औसतभन्दा कम वर्ष भएको छ । यसले धान उत्पादनमा कस्तो प्रभाव पार्ला ?

धेरै ठूलो प्रभाव पर्दै छ । कतिपय प्रभाव त देखिइसकेका पनि छन् । गत हिउँदयता हामीले लामो समयपछिको सबैभन्दा ठूलो खडेरी झेल्यौं । हिउँदमा सरदर २०-२१ दिन पानी पर्नुपर्नेमा जम्मा एक दिन पऱ्यो र त्यो पनि निकै कम । यसले गर्दा हाम्रो हिउँद सुक्खा रह्यो । यसले हाम्रो चैतेधान उत्पादनमा ठूलो असर पुऱ्यायो । हाम्रो ५० प्रतिशतभन्दा बढी खेती वर्षाको पानीमा निर्भर छ । हामीकहाँ धैया खेती लगभग हराइसकेको छ । पाखो धानको उत्पादन पनि हुन छाडिसकेको छ ।

विज्ञहरूले यस वर्ष कम पानी पर्ने पूर्वानुमान गरिसकेका थिए । यस्तोमा सरकारले केही पूर्वतयारी गर्न सक्थ्यो कि ?

विज्ञले भने पनि या नभने पनि हिउँदमा कम वर्षा भएको त सरकारले देखिसकेकै थियो । यस्तोमा ऊ संवेदनशील बन्नुपर्थ्यो । उसले समयमै किसानहरूलाई कम पानी चाहिने खेती र बिउबारे जानकारी गराएर सचेत गराउनुपर्थ्यो । सरकारले सतहको पानी सञ्चय गर्ने, पोखरीहरू निर्माण गरेर पानी जम्मा गर्नेलगायतका कार्यक्रम, योजना र बजेट ल्याउन सक्नुपर्थ्यो । तर, उसले केही गरेन ।

यस्तो अवस्थामा धानको उत्पादन बढाउन के गर्न सकिएला त ?

पहिले समय र सम्भावना दुवै थियो । अब समय घर्किसक्यो । अहिलेको जलवायु संकटको समयमा सम्भावित खडेरी टरिसकेको छैन । त्यसैले, सरकारले अबका दिनमा भविष्यका लागि योजना तयार गरी कार्यान्वयन गर्न सक्नुपर्छ ।

प्रेरक प्रसंग

चित्रकारको चलाखी

कुनै एक राज्यमा एक राजा थिए । उनको एउटा मात्र खुट्टा थियो र आँखा पनि एउटै मात्र सट्टे थियो । उनी एउटा आँखाले देख्न सक्दैनथे । तर, उनको राज्यका जनता भने निकै खुसी थिए । किनकि, उनी निकै बुद्धिमान् र प्रतापी थिए । एकपटक राजालाई आफ्नो एक सुन्दर तस्बिर बनाउन लगाएर दरबारको भित्तामा सजाउने विचार आयो । यस्तो विचार आउनासाथ उनले देशभरका नामुद चित्रकारजति सबैलाई दरबारमा बोलाए । सम्पूर्ण चित्रकार जम्मा भइसकेपछि राजाले भने- मलाई थाहा छ, तपाईंहरू सबै दिग्गज कलाकार हुनुहुन्छ । त्यसैले, तपाईंहरूले मेरो एउटा सुन्दर चित्र बनाइदिनुपऱ्यो, जसलाई म मेरो दरबारको भित्तामा सजाएर राख्न चाहन्छु ।



सबै चित्रकारले राजाको प्रस्ताव सुने । तर, उनीहरू राजाले भनेजस्तो चित्र बनाउनबाट हच्किए । यदि चित्र सुन्दर नभएमा राजाले रिसाएर सजाय पनि दिन सक्थे । त्यसैले, उनीहरूले आफूहरूले चित्र बनाउन नसक्ने बताए । चित्रकारको जवाफ सुनेर राजा खिन्न भए । त्यति नै बेला चित्रकारको भिडको पछिल्लो भागबाट एकजनाले हात उठाए र भने- महाराज, म हजुरको सुन्दर चित्र बनाउन तयार छु । म हजुरलाई मनपर्ने चित्र बनाउने कोसिस गर्नेछु । राजाको अनुमति पाइसकेपछि चित्रकार काममा जुटे । बडो तन्मयतासाथ उनी चित्र कोर्ने कार्यमा लागे । केही समयको मिहिनेतपछि उनले चित्र तयार गरे । चित्र देख्दा राजा अत्यन्त प्रसन्न भए । बाँकी चित्रकार पनि उनको कला देख्दा दंग परे ।

चित्रकारले यस्तो चित्र बनाएका थिए, जसमा राजा एउटा खुट्टा खुम्च्याएर जमिनमा बसेका थिए र एउटा आँखा चिम्लेर सिकारमाथि निसाना ताकिरहेका थिए । चित्रकारले बडो चलाखीपूर्वक राजाको शारीरिक कमजोरी छोपिदिएका थिए । चित्र साँच्चै सुन्दर देखिन्थ्यो । यस्तो सुन्दर चित्र देखेर राजाले उनलाई ठूलो इनाम दिएर बिदा गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देशका लागि राम्रो संकेत

अमेरिका भ्रमणपश्चात् असोजमा प्रधानमन्त्री प्रचण्ड चीन जाने र चीनसँग विद्युत् उत्पादन तथा तिब्बतसम्म विद्युत् प्रसारण लाइन विस्तारबारे सम्झौता हुन लागेको समाचार पढ्न पाउँदा खुसी लाग्यो । जलस्रोतको शक्तिका हिसाबले विश्वकै दोस्रो धनी देश नेपालको विकास र समृद्धिका लागि विद्युत् निर्यात गर्नु नै पहिलो आधार हो । नेपालमा हाल उत्पादन भइरहेको विद्युत्मध्ये चार सय मेगावाट विद्युत् खेर गइरहेको अवस्था छ । भारत तथा बंगलादेशसँग विद्युत् निर्यातसम्बन्धी कुरा भए पनि भारतले राखेका विभिन्न सर्तले निर्यात गर्न समस्या भइरहेको अवस्थामा चिनले नेपालको विद्युत् खरिद तथा उत्पादनसम्बन्धी सम्झौता गर्नु हाम्रो देशका लागि ठूलो उपलब्धि हो ।

● **चूडामणि आचार्य**, कालिका- २, चितवन
हाल : बाफल, काठमाडौं
chudamaniparimal@gmail.com

विरोधको विकल्प खोज

'संसद् कार्यसूचीमै प्रवेश नगरी बित्यो साउन' शीर्षकको समाचार पढ्दा दुःख लाग्यो । के संसद् दल, तिनका नेता र सांसदहरूको रत्यौली नाच्ने ठाउँ हो ? के संसद् नेताको सनकमा बन्द गर्न मिल्ने थलो हो ? के संसद् नेताहरूको जुँगाको लडाइँमा मिचिनुपर्ने संस्था हो ? होइन भने दलहरूले केको रमिता देखाएका हुन् ? यसरी जनताले तिरेको करबाट तलब र भत्ता हसुरेर जनजीविकाका सवालमा बहस गर्नुपर्ने थलोलाई चिरकालसम्म अनिर्णयको बन्दी बनाउन कसरी मिल्छ ? विरोधको विकल्प खोज ।

● **रमिता विक**
जावलाखेल, ललितपुर

केसीको राम्रो सल्लाह

'सुधार न्यायाधीश नियुक्तिबाटै देखियोस्' भन्ने पूर्वन्यायाधीश बलराम केसीको सल्लाह एकदम राम्रो लाग्यो । हाम्रा तीनै अदालतमा योग्य, सक्षम र निष्पक्ष व्यक्ति चयन गरी न्यायाधीश नियुक्ति गर्न सकियो भने त्यसको असर दीर्घकालीन रूपमा समग्र देशभर पर्ने निश्चित छ । कुनै पनि तहको न्यायालयमा सक्षम र निष्पक्ष न्यायाधीश भएमा तिनले गर्ने न्याय सम्पादन पनि निष्पक्ष नै हुन्छ । जब देशमा निष्पक्ष न्याय सम्पादन हुन थाल्छ, अदालतमा हुने 'बेन्च सपिङ' बन्द हुन्छ । अनि, मात्र अदालत बलियो हुन्छ ।

● **सम्झना माझी**
गंगाहिटी, चाबहिल

कित्ताकाट खुला ठीक कि बेठीक ?

सरकारले गत वर्ष मंसिरदेखि रोकेको कित्ताकाट फेरि खुला गरेको छ । यसले भूमाफियालाई फाइदा भएको छ । वर्षौंदेखि कित्ताकाट हुन नसकेको जग्गा अब धमाधम कित्ताकाट गरेर खण्डीकरण सुरु हुने भएको छ । कित्ताकाटको निर्णयले नापी र मालपोतका कर्मचारीलाई भने घाटा लाग्ने भयो । उनीहरू घुमाउरो पाराले बढी पैसा लिएर कित्ताकाट गर्थे, अब सीधै गर्नुपर्ने भयो । गतवर्ष सरकारको योजना जमिनको वर्गीकरण गरेर खुला गर्ने गरी कित्ताकाट रोकेको थियो । भूमाफियाको दबाबले हो या सरकारमा सामेल मन्त्रीहरूकै जग्गा खण्डीकरण गर्नुपर्ने भएकाले हो यस्तो निर्णय भएको, नत्र सरकारले जग्गाको वर्गीकरण गरेरै कित्ताकाट खुलाउन सक्नुपर्थ्यो ।

जग्गा कित्ताकाट नहुँदा देशको अर्थतन्त्र धाराशयी भएको भन्दै मन्त्रिपरिषद्को निर्णयले कित्ताकाट खुला गरेको भन्ने समचार आएको देख्दा अचम्म लाग्छ । देशको अर्थतन्त्र बढाउने एक मात्र उपाय जग्गा किनबेच मात्र हो र ? भन्नका लागि कृषिप्रधान देश भन्ने तर कृषियोग्य जमिनलाई खण्डीकरण गरेर बेचबिखन गर्न पाउने नियम कसरी होला र ? जग्गा कित्ताकाट गरेर खण्डीकरण गर्दा देशको आर्थिक अवस्था समृद्ध हुने नत्र नहुने तर्क ठिक होइन । देशको अर्थतन्त्र बलियो बनाउन उद्योगधन्दा, कलकारखाना खोल्नुपऱ्यो, वैदेशिक लगानी भित्र्याउनुपऱ्यो । खेतीयोग्य जमिनको कित्ताकाट गरेर देशको अर्थतन्त्र कहिलेसम्म चलाउने ? कहिलेसम्म जग्गा बेचेर देशको अर्थतन्त्रलाई बलियो बनाउने ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirpuru@gmail.com

अत्याचारको वाहन बन्दै बुलडोजर

बुलडोजर अभियानले गरेको विनाशको सरकारी आँकडा नभए पनि एक अनुसन्धान संस्थाका अनुसार सरकारले हालसम्म कमसेकम ४३ हजार घर भत्काएको छ



देश/विदेश

● आस्था राजवंशी

प्रशासनले सयौं घर र पसलमा बुलडोजर लगाएर ध्वस्त पारेपछि हरियाणाको पिछडिएको जिल्ला नुह अहिले ईंटा-पत्थर र भग्नावशेषको थुप्रो बनेको छ । ध्वस्त बनाइएका अधिकांश घर मुसलमानका हुन् । सन् २०११ को जनगणनाअनुसार नुहको कुल जनसंख्याको ७७ प्रतिशत मुसलमान छन् । ३१ जुलाईदेखि तीन दिनसम्म हिन्दू र मुसलमानबीचको हिंसात्मक झडपमा कम्तीमा ६ जना मारिएका थिए र कैयौं घाइते भएका थिए । हिन्दूको एक कट्टर भिडसहितको धार्मिक यात्रा नुहको मुसलमान बस्तीमा हुँदै गइरहेका भिडमाथि बस्तीका मानिसले पत्थरबाजी गरेका थिए । एक कुख्यात हिन्दू उग्रवादी एवं दुई मुसलमानको हत्या आरोपी सो भिडमा रहेको अफवाहका कारण पत्थरबाजी भएको थियो । लगत्तै परिस्थिति काबुबाहिर गयो र प्रहरी हस्तक्षेपअगाडि दुवै समुदायका क्रुद्ध भिडले सम्पत्ति-संरचनामा तोडफोड र कार जलाउने काम गरे ।

विभिन्न नागरिक समाज समूहका अनुसार भारतमा हुने बुलडोजर अभियान सत्तारुढ हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टी (भाजपा) नेताले मुसलमानका घर, व्यवसाय र धार्मिकस्थल भत्काउन निर्माण गरेको एक गैरन्यायिक संयन्त्र हो । नागरिक समाज समूह नुहमा भएको बुलडोजर अभियानलाई यसैको पछिल्लो कडी मान्छन् । अशोका विश्वविद्यालयका राजनीतिशास्त्री अलि खान महामुदाबाद भाजपा कानुन उल्लंघन गरेर र न्यायिक संस्थालाई पंगु बनाएर हिन्दू राष्ट्रवादी उद्देश्य पूरा गर्न बुलडोजर चलाउने गरेको बताउँछन् । मुसलमानको फरक मत/विरोधका लागि मात्रै सम्पत्ति भत्काउनमा मात्रै बुलडोजर सीमित छैन । बुलडोजर हालका दिनमा हिन्दू राष्ट्रवादको प्रतीक बनेको छ । कतिपय युवा पुरुषले बुलडोजरको ट्र्याटुसमेत बनाउन भ्याएका छन् । महामुदाबादका अनुसार भाजपा समर्थक बुलडोजरलाई उनीहरूले भन्ने गरेको 'द्रुत न्याय'को प्रतीक मान्छन् ।

३ अगस्टका दिन हरियाणाका गृहमन्त्री अनिल विजले 'बुलडोजर उपचारको विधि हो' भनेका थिए । प्रशासनले पछि अवैध ढंगले बनाएका घर-टहरामाथि बुलडोजर चलाएको बताएको थियो । स्थानीय मानिस यो कारणलाई अस्वीकार गर्छन् । ७ अगस्टमा पन्जाब एवं हरियाणाको उच्च अदालतले बुलडोजर अभियानमा रोक लगायो र भाजपा सरकारलाई बुलडोजर अभियान चलाएर नुहका मुसलमानको 'जातीय सफाया गर्न खोजेको हो' भनेर प्रश्न गऱ्यो । दिल्लीस्थित सेन्टर फर पोलिसी रिसर्चका राजनीतिक शोधकर्ता असिम अली अदालतले यसरी गलत भयो भनेर प्रश्न गरेका घटना निकै कम रहेको बताउँछन् । 'यसले हाम्रा संस्थाले सत्तारुढ पार्टीको कानुन उल्लंघनमा हस्तक्षेप गर्न नसकिरहेको देखिन्छ,' अली थप्छन् ।

सन् १९९२ मा अयोध्यास्थित बाबरी मस्जिदलाई धुलोपिठो बनाइएको घटनालाई भारतको सबैभन्दा ठूलो बुलडोजर अभियान मानिन्छ । मुगलकालीन मस्जिद प्राचीन हिन्दू मन्दिरको जगमा खडा भएको भन्दै सन् १९९२ मा हिन्दू राष्ट्रवादीले मस्जिद भत्काएका थिए । यो मामिलाले मुलुकलाई दुई दशकभन्दा बढी समयसम्म ध्रुवीकृत गरेको थियो । सन् २०१९ मा सर्वोच्च अदालतले भत्काइएको मस्जिद भएको भूमिलाई मन्दिर निर्माण गर्न हिन्दूलाई सुम्पेको थियो र सन् २०२० मा विशेष फौजदारी अदालतले मस्जिद भत्काएको आरोप लागेका व्यक्तिलाई उन्मुक्ति दिएको थियो ।

कैयौं विज्ञले बाबरी मस्जिद भत्किनुले वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीसहितका भाजपाका ठूला नेताको राजनीतिक करियरलाई उचाइमा पुऱ्याएको बताउँछन् । त्यसयता स्थानीय हिन्दू राष्ट्रवादी नेताले पनि बुलडोजरलाई



तस्बिर : डेभिड तालुकदार/रोयटर्स

अपनाउन थालेका छन् । अहिले बुलडोजर विनाश दिनानुदिन बढ्दै गयो । बुलडोजरको प्रयोग अत्यधिक विवादित समयमा प्रयोग हुन थाल्यो । सन् २०१९ मा अधिकारकर्मी समूहले मुसलमानमाथि विभेद गर्ने भनिएको विवादित नागरिकता कानुनविरुद्ध प्रदर्शन हुँदा प्रदर्शन दबाउन बुलडोजरको प्रयोग भयो । त्यसैगरी गत अप्रिलमा उत्तर प्रदेशमा अदालतको नभत्काऊ भन्ने आदेशका बाबजुद एक अर्को प्राचीन मस्जिदमाथि बुलडोजर चलाइयो । उत्तर प्रदेशका मुख्यमन्त्री तथा हिन्दू जोगी योगी आदित्यनाथले त 'बुलडोजर बाबा', 'बुलडोजर पिता'को उपनामसमेत पाएका छन् ।

हालसम्म बुलडोजर विनाशले भएको क्षतिबारे कुनै सरकारी आँकडा छैन तथापि शोधकर्ताले अभिलेख राख्ने प्रयास गरेका छन् । दिल्लीको 'द हाउजिङ एन्ड ल्यान्ड राइट्स नेटवर्क'का अनुसार सरकारले कमसेकम ४३ हजार घर भत्काएको छ । त्यसैगरी नेटवर्कको हालै प्रकाशित आँकडाअनुसार मार्च २०२० देखि जुलाई २०२१ सम्ममा प्रत्येक एक घन्टामा २१ जना घरबाट बेदखल भएका छन् ।

बुलडोजर अभियानमा अनुसन्धान गरिरहेको अर्को संस्था 'ल्यान्ड कन्फ्लिक्ट वाच'का अधिवक्ता अनमोल गुप्ता अधिकांश बुलडोजर विनाश कानुनको अवज्ञा गर्न गरिने बताउँछन् । जसलाई बेदखली गरिन्छ वा जसको सम्पत्ति भत्काइन्छ, उसलाई त्यसबारे अग्रिम सूचना दिनैपर्छ । यो अग्रिम सूचना भारतको संविधानले रक्षा गरेको कानुनी अधिकार हो । 'यसको अर्थ बेदखली हुने मान्छेले बेदखली वा सम्पत्ति भत्काउने प्रक्रियाविरुद्ध कानुनी उपचार खोज्ने मौका पाउँछ,' गुप्ता बताउँछन्, 'तर प्रक्रिया नपुऱ्याई बेदखली वा सम्पत्ति भत्काउने कामले संविधानले निर्दिष्ट गरेको अधिकारको उल्लंघन गर्छ ।'

नुह मामिलामा पन्जाब एवं हरियाणा उच्च अदालतले बुलडोजर अभियानले प्रक्रियागत एवं मौलिक अधिकारको उल्लंघन भएको भन्दै अभियानले भिडले खोज्ने तुरुन्तै न्यायको नजिर बसाउने बताएको छ । यस्ता अदालती फैसला निकै दुर्लभ हुन थालेका छन् । गत वर्षकै उदाहरण लिऊँ उत्तर प्रदेश, गुजरात र महाराष्ट्रमा चलाइएको बुलडोजर अभियानविरुद्ध सुनुवाइमा अदालतले सरकारी अभियानलाई सघायो । अदालतले 'अनधिकृत' संरचना भत्काउने-नभत्काउने अधिकार नगरपालिकाकै रहेको फैसला गरेको थियो । अदालतको निर्णयअनुकूल नै हुने हो भने पनि फैसला आउन्जेल निकै क्षति भइसक्छ र कैयौं मुसलमानका लागि क्षति भई नै सकेको छ ।

(राजवंशी टाइम म्यागेजिनकी भारत एवं छिमेकी मुलुकको रिपोर्टिङ गर्ने पत्रकार हुन्)
टाइम म्यागेजिनबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अमेरिकाबाट सिकेर रुसले बनाएको थियो वाग्नर समूह



● इब्राहिम अल-मरासी

इब्राहिम अल-मरासी क्यालिफोर्निया स्टेट युनिभर्सिटी, सान मार्कोसको इतिहास विभागका सहप्राध्यापक हुन् ।



रुसमा निजी सैन्य कम्पनी (प्राइभेट मिलिटरी कम्पनी अर्थात् पिएमसी)ले विद्रोह गरेपछि धेरै पर्यवेक्षकले कम्पनीका संस्थापक येवगेनी प्रिगोजिनले ठूलो मूल्य चुकाउनुपर्ने प्रक्षेपण गरेका थिए । यहाँसम्मकी प्रिगोनिको ज्यानलाई नै जोखिम रहेकोसमेत विश्लेषण गरिएको थियो । तर, प्रक्षेपणविपरीत वाग्नर प्रमुखलाई छिमेकी मुलुक बेलारुसमा 'निर्वासन'मा पठाइयो र उनको समूहलाई युक्रेनबाहिर कारबाही गर्न छुट दिइयो । विद्रोहको केही समयपछि प्रिगोजितले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग व्यक्तिगत भेटघाट गरे । उक्त भेटपछि प्रिगोजिनले उनको निजी सैन्य समूह अफ्रिकामा केन्द्रित हुने जानकारी दिए ।

पुटिनले युरोप, मध्यपूर्व र अफ्रिकामा उनको विदेश नीतिलाई अगाडि बढाउन निकै प्रभावकारी साबित भएको वाग्नरको संरक्षण गर्ने निर्णय गर्नु त्यति अचम्मको कुरा होइन । यस सन्दर्भमा पुटिनले सम्भवतः महाशक्ति अमेरिकाबाट पाठ सिके, जसको निजी सैन्य कम्पनीमाथिको निर्भरताले विश्वभर युद्धको निजीकरण र 'आउटसोर्सिङ'लाई मार्गप्रशस्त गऱ्यो । अमेरिका, रुस र अन्य शक्तिराष्ट्रका लागि निजी सैन्य ठेकेदार समूह छद्म युद्धका लागि सुविधाजनक माध्यम बन्न थालेका छन् । यिनको कारबाहीको एक त सरकारमाथि सीधा जिम्मेवारीलाई न्यूनीकरण गर्छ । अर्को निजी सैन्य कम्पनीको प्रयोगले विदेशी भूमिमा हुने युद्धमा घरेलु सेना परिचालन गर्नुपर्दैन, जसको परिचालनमा ठूलो घरेलु विरोध सामना गर्नुपर्ने हुन्छ ।

अमेरिकाले कोरेको युद्धको 'आउटसोर्सिङ'को मार्ग

अमेरिकी सरकारले युद्धमा सैन्य ठेकेदार प्रयोगमा ल्याउन थालेको इतिहास लामो भए पनि विगत दुई दशकमा यसको उल्लेख्य विस्तार भएको छ । दोस्रो विश्वयुद्धमा १० प्रतिशत अमेरिकी फौज निजी सैन्य कम्पनीबाट भर्ती गरिएका थिए । सन् २००१ सम्म आइपुग्दा, अमेरिकाले सुरु गरेको 'आतंकवादविरुद्धको युद्ध'मा ५० प्रतिशत वा कुनै समय थप बढी अमेरिकाका लागि लडेका सशस्त्र सेना निजी रूपमा अनुबन्धित थिए । अफगानिस्तान, इराक र अन्यत्रका सैन्य कारबाहीमा लड्न लाखौँ फौज चाहिने थियो । त्यो संख्या राष्ट्रिय सेनाबाट मात्र लिए मतदाताको नकारात्मक प्रतिक्रिया आउने डरले अमेरिकी सरकार निजी सैन्य कम्पनीतर्फ फर्कियो ।

'आतंकवादविरुद्धको युद्ध' सुरु भएदेखि अमेरिकी रक्षा मन्त्रालय(पेन्टागन)ले १४० खर्ब डलर खर्च गरिसकेको छ । यस खर्चको एकतिहाइदेखि आधासम्म युद्धका लागि अनुबन्ध भएका सैन्य ठेकेदारका लागि छुट् याएको थियो । यो रकम रसद, निर्माण र हतियार आपूर्तिलगायत ठेक्कामा खर्च गरिएको भए पनि ठूलो हिस्सा 'भाडाका बन्दुक'को लागि पनि भुक्तान गरिएको छ ।

> निजी सैन्य कम्पनीले शक्ति मुलुकलाई हिंसा र अत्याचारको जवाफदेहिताबाट उम्किने चोरबाटो दिएको छ भने युद्धको वास्तविक लागतलाई गलत रूपमा प्रस्तुत गर्ने माध्यम प्रदान गरेको छ ।

सन् २००८ मा इराकमा उठेको विद्रोह दबाउने प्रयास उत्कर्षमा पुगेको थियो । त्यसबेला कन्ट्र्याक्टर(निजी अनुबन्धमा जोडिएका)को संख्या एक लाख ६३ हजार चार सय पुगेको थियो (यसमा गैरलडाकु भूमिकाका व्यक्तिसमेत थिए) । जब कि इराकभित्र त्यसबेला एक लाख ४६ हजार आठ सय अमेरिकी सेना मात्र थिए । सन् २०१० मा अफगानिस्तानमा संघर्ष 'वृद्धि'का बीच तालिबानविरुद्ध नयाँ आक्रमणका लागि थप सेना तैनाथ गरिएको थियो । त्यसका लागि अमेरिकी सेनाको संख्या ७९ हजार एक सय हुँदा कन्ट्र्याक्टमा लिइएको संख्या एक लाख १२ हजार एक सय थियो (गैरलडाकु भूमिकामा रहेका मानिससहित) ।

निजी सैन्य कम्पनीमाथि गरिएको खर्बौं डलरको खर्चका कारण विशाल र शक्तिशाली सैन्य ठेकेदार उद्योग निर्माण हुनपुग्यो । ती कम्पनीले विश्वभरका द्वन्द्वलाई परिवर्तन गर्दै ठूला तथा साना शक्तिले लड्ने युद्धको प्रकृति नै बदलिदिए । माथि भनिएझैं सैन्य ठेकेदारको प्रयोगले सरकारलाई जोखिमपूर्ण विदेशी मिसनमा राष्ट्रिय सेना पठाउन अनिच्छुक मतदाताको सामना गर्नुनपर्ने सुविधा दिन्छ । साथमा तिनको प्रयोगले विदेशी भूमिमा हुने युद्ध अपराध कार्यको संलग्नता खण्डन गर्ने छुट पनि हुन्छ । उदाहरणका लागि सन् २००७ मा ब्ल्याकवाटरसँग आबद्ध सैनिकले बग्दादको निसोर चोकमा भएको झडपमा १४ इराकी नागरिकलाई मार्‍यो । ती अमेरिकी सेनाको कमान्डअन्तर्गत थिएनन् । उनीहरूलाई अमेरिकी विदेश विभागले आफ्ना कर्मचारीको सुरक्षाका लागि निजी रूपमा सम्झौता गरेको थियो । इराक सरकारले त्यस घटनापछि जब ब्ल्याकवाटरको इजाजतपत्र खारेज गर्ने प्रयास गर्दा के पत्ता लाग्यो भने ती कम्पनीले इजाजतपत्र लिएकै रहेनछन् । त्यसबाहेक, १४ इराकीको हत्यामा संलग्नमाथि मुद्दा वा अन्य कारबाही गर्न पनि सकिएन किनकि ती इराकी कानुनको अधीनमा थिएनन् ।

सन् २०१५ मा अमेरिकी अदालतले ब्ल्याकवाटरका तीन पूर्वकर्मचारीलाई सन् २००७ को हत्याको आरोपमा ३० वर्षको जेल सजाय सुनाएको थियो । तर, पाँच वर्षपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले पद छोड्नुअघि राष्ट्रपतिले दिन सक्ने माफीअन्तर्गत ती रिहा गरिए । निसोर चोकको नरसंहार अमेरिकी भाडाका सेनाले गरेका एक मात्र अत्याचार थिएन । खासमा निजी सैन्य कम्पनीका फौजको कारबाहीकै कारण इराकमा अमेरिकाविरोधी भावना बढाउन योगदान पुऱ्याएको थियो । त्यसले एक अमेरिकी नेतृत्वको प्रतिविद्रोह प्रयासलाई मात्र कमजोर बनाएन आइएसको उदयको कारण बन्यो । यी समस्याका बाबजुद अमेरिकाले निजी सेना प्रयोग गर्न छाडेन । इराक र अफगानिस्तानबाट सेना फिर्ता गरिसकेपछि पनि अमेरिका अझै निजी सैन्य कम्पनीलाई प्रयोग गरिरहेको छ । आज विश्वभर युद्ध र हिंसाको आउटसोर्सिङलाई सक्षम बनाउँदै गरेको निजी सैन्य उद्योग अमेरिकाको 'आतंकवादविरुद्धको युद्ध'को एक घातक विरासत हो ।

रुसद्वारा अमेरिकाको सिको

अमेरिकी सरकारले अफगानिस्तान तथा इराक युद्धमा सैन्य ठेकेदार प्रयोग गरेको क्रेमलिनले नजिकबाट हेर्दै तिनको उपयोगिता बुझ्यो । केही पर्यवेक्षकका अनुसार पुटिनले विदेश नीतिअन्तर्गतका सैन्य कारबाहीमा ब्ल्याकवाटरको रूसी संस्करण प्रयोग गर्न चाहेका थिए । भाडाको समूह सिर्जना गर्ने पुटिनको आदेश पछ् याउँदा कुनै वेला पुटिनका कुक मानिने प्रिगोजिनले ब्ल्याकवाटरकै अनुकरण गरेका थिए । प्रिगोजिनको फौज पहिलोपटक पूर्वी युक्रेनमा रुसी आक्रमणलाई सघाउन सन् २०१४ मा प्रयोग गरिएको थियो । त्यसपछि उनीहरूलाई सिरियामा त्यहाँका राष्ट्रपति बसर अल-असदको शासनलाई बलियो बनाउन र लिबियामा विद्रोही जनरल खलिफा हफ्तारका लागि लड्न खटाइयो । यी सबै द्वन्द्वमा, क्रेमलिनले वाग्नरको संलग्नता र अस्तित्वलाई अस्वीकार गरिरह्यो । कागजी रूपमा रुसी कानुनले निजी सैन्य कम्पनीलाई गैरकानुनी भनेको छ ।

रुसी भाडाका सैनिकको प्रभावकारिताले अफ्रिकाका राजनीतिक र सैन्य नेतालाई तिनको सेवा लिन प्रोत्साहित गऱ्यो । यसले मस्कोको अन्तर्राष्ट्रिय स्थिति र विदेश नीति पहुँचलाई बलियो बनाउन सघायो । सन् २०२२ फेब्रुअरी मा, पुटिनले युक्रेनमा पूर्णस्तरको आक्रमण सुरु गर्ने निर्णय गर्दा उनलाई ठूलो संख्यामा सेनाको आवश्यकता थियो । त्यो रुसी सेनाबाट मात्र पूरा हुन सक्दैनथ्यो । यहाँ वाग्नर सहयोगी भयो । वाग्नरले युद्धमा भाग लिने स्वयंसेवक कम हुँदा कारागार बन्दीलाई पनि लिन थाल्यो, जसलाई फौजदारी सेवाबापत आममाफीको प्रस्ताव राखिएको थियो । वाग्नरले युद्धको रुसी जनसंख्यामा पर्ने हताहती कम गर्न मद्दत गऱ्यो । तर, यसका सेना रुसी सेनाको प्रत्यक्ष कमान्डमा थिएनन्, जुन क्रेमलिनका लागि ठूलो समस्यामा परिणत भयो । विद्रोह सम्भवतः पुटिनका लागि अप्रत्याशित विकास थियो, जसले उनलाई अन्तर्राष्ट्रिय समुदायमा मात्र होइन देशभित्रै पनि कमजोर देखाएको छ । प्रिगोजिनको विद्रोहको नतिजा सम्भवतः आगामी महिनासमेत जारी रहनेछ ।

विद्रोहपछि क्रेमलिनले वाग्नर फौजलाई रुस र युक्रेनको रणभूमिबाट हटाएको छ । तर, अझै पनि रुस यस समूहलाई उसको विदेशी कारबाहीबाट बाहिर राख्न तयार छैन । हुन पनि ती आर्थिक रूपमा लाभदायक र राजनीतिक रूपमा उपयोगी छन् । यसको सैन्य सेवाको बदलामा, वाग्नर र विदेशस्थित यसका मुखर कम्पनी तेल र ग्यास निकासी तथा सुन र हीरा उत्खननमा संलग्न छन् । यी कामले मस्कोमा पर्याप्त वित्तीय प्रवाह सुनिश्चित गरेको छ । यो भूमिका परम्परागत रुसी सेनाले निभाउन सक्दैन । भाडाका सैनिकमा भर परेर, अमेरिका, रुस र अन्य विश्व शक्तिले अन्तर्राष्ट्रिय रूपमा स्वीकृत नियमप्रतिको प्रतिबद्धता र युद्धको समयमा नागरिकको सुरक्षा गर्न खोज्ने अन्तर्राष्ट्रिय व्यवस्थालाई कमजोर बनाएका छन् । यसले शक्ति मुलुकलाई हिंसा र अत्याचारको जवाफदेहिताबाट उम्किने बाटो दिएको छ र युद्धको वास्तविक लागतलाई गलत रूपमा प्रस्तुत गर्ने छुट दिएको छ । ब्ल्याकवाटर, वाग्नर र अन्य निजी सैन्य कम्पनी खासमा विश्वलाई थप खतरनाक ठाउँ बनाउँदै लगेका छन् ।

- अल जजिराबाट

इतिहासमा आज



सन् १९३२ : 'हुयुमन इम्युनोडिफिसियन्सी भाइरस(एचआइभी)' पत्ता लगाउने भाइरोलोजिस्ट लुक मोन्टाग्नियरको आजकै दिन जन्म भएको थियो । फ्रेन्च नागरिक मोन्टाग्नियरले यस खोजको लागि सन् २००८ मा चिकित्सा विधामा नोबेल पुरस्कार पाएका थिए ।

सन् १८७० : 'फ्रान्को-प्रुसियन युद्ध'अन्तर्गत प्रुसियन फौजले फ्रान्सलाई हरायो ।

सन् १९१४ : पहिलो विश्वयुद्धअन्तर्गत जर्मनीले रुसमाथि युद्धको घोषणा गऱ्यो । र, आजकै दिन अमेरिकी राष्ट्रपति विड्रो विल्सनले युरोपको प्रमुख युद्धमा तटस्थ रहने घोषणा गरे ।

सन् १९६५ : 'अपरेसन स्टारलाइट'को नाममा अमेरिकाले भियतनाममा जमिन आक्रमण सुरु गऱ्यो ।

सन् १९७४ : सोभियत संघको अन्तिम चन्द्र अभियानअन्तर्गत प्रक्षेपण गरिएको 'लुन २४'ले चन्द्र धरातलमा अवतरण गऱ्यो ।

सन् १९७९ : इरानका सर्वोच्च धार्मिक नेता आयतोल्लाह खोमेनीले कुर्द समुदायविरुद्ध 'धार्मिक युद्ध'को माग गरे ।

सन् १९९३ : स्विट्जरल्यान्डको लुजर्नस्थित ऐतिहासिक कापेलब्रग पुल जलेर नष्ट भयो । सन् १३६५ मा बनेको सो पुल यसमा कुदिएका १४७ आकर्षक कलाकृतिका लागि परिचित थियो ।

ट्रम्पविरुद्ध फैसला गर्ने न्यायाधीशलाई हत्याको धम्की

वासिंटन डिसी/ अमेरिकाका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को चुनावलाई उल्टाउने षड्यन्त्र गरेको मुद्दाको सुनुवाइ गर्ने समितिको अध्यक्षता गरिरहेकी न्यायाधीशलाई हत्याको धम्की दिने एक महिला पक्राउ परेकी छिन् । यही अगस्ट ५ मा अबिगेल जो श्री नामकी ती महिलाले संघीय न्यायाधीश तान्या चुटकनको वासिंटन कार्यालयमा उनलाई हत्या गर्ने फोन सन्देश छोडेको पाइएको छ । सो अभियोगमा गृह मन्त्रालयअन्तर्गतका सुरक्षा निकायले अबिगेललाई बिहीबार पक्राउ गऱ्यो । दायर उजुरीका आधारमा 'डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटीको एजेन्ट'ले अबिगेललाई पक्राउ गरेको सूचनामा उल्लेख छ । टेक्सासको एल्विनमा बस्ने ४३ वर्षीया अबिगेलले अश्वेत न्यायाधीश चुटकनलाई 'मूर्ख काली ! तिमी दास हौ, तिमी हाम्रो निगरानीमा छौ, हामी तिम्रो हत्या गर्न चाहन्छौं,' भन्दै अपमानजनक जातीय एवं रंगभेदयुक्त सन्देश पठाएकी थिइन् ।

जमैकामा जन्मेकी न्यायाधीश चुटकनलाई पूर्वडेमोक्रेटिक राष्ट्रपति बराक ओबामाले नियुक्त गरेका हुन् । उनको नियुक्तिलाई सिनेटले सर्वसम्मतिले अनुमोदन गरेको थियो । दक्षिणी टेक्सासको संघीय जिल्ला अदालतमा अबिगेलविरुद्ध दायर गरिएको मुद्दामा 'यदि ट्रम्प २०२४ मा निर्वाचित भएनन् भने हामी तिमीलाई मार्नेछौं, त्यसैले सावधान रहनू,' चुटकनको परिवार पनि आक्रमणको निसानामा रहेको सन्देशमा उल्लेख गरिएको जनाइएको छ । ७७ वर्षीय ट्रम्प २०२४ को चुनावमा रिपब्लिकन पार्टीको अग्रपंक्तिमा छन् । यद्यपि उनको ह्वाइट हाउसतर्फ दोस्रो यात्रा त्यति सहज छैन, किनभने उनलाई चारवटा आपराधिक मुद्दा लागेका छन् ।

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/०५/०१ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

क्र.स.	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट सुविधा २. डिमाण्ड कर्जा	ऋणीको नामः मेडलिज ट्रेडर्स एण्ड स्टोर प्रा.ली (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: २५७५४०/०७७/०७८ दर्ता मिति : २०७७/११/१८ स्थायी लेखा नं.: ६०९९५२६२७ ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५ । संचालक तथा व्यक्तिगत जमानतकर्ताः भगवती सिग्देल ना.प्र.प.नं (जारी मिति/स्थान): ४४९८२/४०९६६ (२०४९/१०/०९/काठमाडौं) बाबुको नामः तोप प्रसाद न्यौपाने ससुराको नामः जानकी प्रसाद सिग्देल पतिको नामः सुदर्सन सिग्देल ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल । व्यक्तिगत जमानतकर्ताहरूः १. सुदर्शन सिग्देल ना.प्र.प.नं (जारी मिति/स्थान): १९९७२ (२०४२/१२/३१/काभ्रेपलाञ्चोक) बाजेको नामः बलभद्र सिग्देल बाबुको नामः जानकी प्रसाद सिग्देल ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ५, कालोपुल । २. सुमित सिग्देल ना.प्र.प.नं (जारी मिति/स्थान): १४१०७७ (२०६२/०४/०३/काभ्रेपलाञ्चोक) बाजेको नामः जानकी प्रसाद सिग्देल बाबुको नामः सुदर्शन सिग्देल ठेगानाः काभ्रे जिल्ला, उग्रचण्डी नाला गा.वि.स, वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५, कालोपुल ।	१. तोप प्रसाद न्यौपानेको छोरी, जानकी प्रसाद सिग्देलको बुहारी, सुदर्सन सिग्देलको पत्नी, काभ्रे जिल्ला, उग्रचण्डी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ५, कालोपुल बस्ने भगवती सिग्देलको नाममा मालपोत कार्यालय काभ्रेपलान्चोकको लगतमा दर्ता श्रेष्ता कायम रहेको काभ्रेपलान्चोक जिल्ला, बनेपा न.पा. वडा नं. ३ स्थित कि.न. २११४, २१९६, २१०७ को क्षेत्रफल ९७.६२, ५.५८ र १३.६७ ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । २. ऋणीले धनी बैंकको नाममा हाईपोथिकेशन अन्तर्गत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको स्वामित्व / नियन्त्रण मा रहेका सम्पुर्ण माल सामान / स्टकहरुको मौजदात।
२.	हायर पर्चेज कर्जा	ऋणीको नामः केचना कन्स्ट्रक्सन प्रा.लि (नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १५५७८७/०७३/०७४ दर्ता मिति : २९/०५/२०७३ स्थायी लेखा नं.: ६०४३२४४७० ठेगानाः मोरङ जिल्ला, अमरदह गा.वि.स, वडा नं. ५ । संचालक तथा व्यक्तिगत जमानतकर्ताहरूः १. गणेश राई ना.प्र.प.नं (जारी मिति/स्थान): २१३८९(२०५२/०५/२१/मोरङ्) बाजेको नामः दलसेर राई बाबुको नामः केवल राम राई ठेगानाः मोरङ जिल्ला, अमरदह गा.वि.स, वडा नं. ५ । २. शान्ता कुमारी लिंखा ना.प्र.प.नं (जारी मिति/स्थान): १०९८२९/४११ (२०६१/०६/१२/संखुवासभा) बाबुको नामः नरेन्द्र कुमार लिम्बु ससुराको नामः गणेश राई पतिको नामः शंकर कुमार लिंखा ठेगानाः संखुवासभा जिल्ला, माल्लिङ गा.वि.स, वडा नं. ४ ।	धनी एनएमबि बैंक लि. (साविक ओम डेमलपमेन्ट बैंक लि.) / ऋणी केचना कन्स्ट्रक्सन प्रा.लि. को नाममा बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः सवारीसाधनको विवरणः कम्पनी - Tractor India Pvt.Ltd मोडल - CAT320D2, Excavator सवारी दर्ता नं - बा २ क ८४२८ बनेको साल - २०१७ च्यासिस नं - RSB1452 इन्जिन नं - D7A16364

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०,
Ext. १०७, १०४

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/०१ गतेको नयाँ पत्रिका दैनिक

उपरोक्त सम्बन्धमा, तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नु भएको ऋण कर्जाको बैंकसंग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासंग सम्बन्धित तपाईहरु सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपाई तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी आफूले लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज, पेनाल ब्याज, अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसंग भए गरेको सम्झौता तथा लिखत अनुसार कारवाही गरी धितोमा रहेको सुरक्षण लिलाम बिकी गरी बैंकको लेना असुल उपर गरिनुका साथै ऋणी, संचालक, तथा जमानीकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेस गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ । साथै सुरक्षण बापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित नियम कानून तथा कर्जा संझौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिवाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, संचालक, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

इटहरी-बि शाखा, सुनसरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य मन्त्रालय, उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा प्रा.लि.नं. १०७१/०३५ अन्तर्गत मिति २०३५/०३/२८ मा दर्ता कायम भएको **जगदम्बा पुष्प लाल राईस मिल प्रा.लि.** कम्पनी दर्ता ठेगाना : पकली - ०८, सुनसरी स्थायी लेखा नं. ३००४६५२७१ मिति २०३४/११/२२ **संचालक तथा अध्यक्ष : दिप नारायण चौधरी** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा डिमाण्ड कर्जा**	**जय लक्ष्मी देवी थरुनी** ना.प्र.नं. ५४२४/१५९५१/९३२ जारी मिति २०३५/०२/११ जि.प्र.का. सुनसरी बाबुको नाम : शचिदा नन्द चौधरी पतिको नाम : दिप नारायण चौधरी ससुराको नाम : पुष्पलाल चौधरी स्थायी ठेगाना : पकली - ६, सुनसरी
संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण	
दिप नारायण चौधरी ना.प्र.नं. २९९९५/३१९९५ जारी मिति २०५२/०५/०२ जि.प्र.का. सुनसरी बाबुको नाम : पुष्पलाल चौधरी बाजेको नाम : दाना लाल चौधरी स्थायी ठेगाना : पकली - ०८, सुनसरी	**भुपेन्द्र चौधरी** ना.प्र.नं. १०२० जारी मिति २०४६/११/२२ जि.प्र.का. सुनसरी बाबुको नाम : दिप नारायण चौधरी बाजेको नाम : पुष्पलाल चौधरी स्थायी ठेगाना : पकली - ०८, सुनसरी
परमेन्द्र कुमार चौधरी ना.प्र.नं. २८९५६/३०९५६ जारी मिति २०५२/०३/२५ जि.प्र.का. सुनसरी बाबुको नाम : दिप नारायण चौधरी बाजेको नाम : पुष्पलाल चौधरी स्थायी ठेगाना : पकली - ०८, सुनसरी	**बिक्रम कुमार चौधरी** ना.प्र.नं. ४३५४/५३५४ जारी मिति २०५३/०७/२१ जि.प्र.का. सुनसरी बाबुको नाम : दिप नारायण चौधरी बाजेको नाम : पुष्पलाल चौधरी स्थायी ठेगाना : पकली - ०८, सुनसरी

नारायणगढ शाखा, चितवन

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. २२८६७०/०७६/०७७ अन्तर्गत मिति २०७६/०८/०४ मा दर्ता कायम भएको **के.सी. पोल्ट्री ब्रिडिगं प्रा.लि.** फर्म दर्ता ठेगाना : कालिका न.पा. - १०, चितवन स्थायी लेखा नं. ६०९६६४३९९ मिति २०७६/०८/०८ **संचालक अध्यक्ष : रामेश्वर के.सी.** ना.प्र.नं. १५९१/०३४ जारी मिति २०४६/०३/२० जि.प्र.का. चितवन बाबुको नाम : कृष्ण वहादुर के.सी. बाजेको नाम : सोभित मान के.सी. स्थायी ठेगाना : जुटपानी - ५, चितवन हालको ठेगना : कालिका - ६, चितवन **कर्जा शिर्षक : ओभरड्राफ्ट, आवधिक, तथा अल्पकालिन कर्जा**	**मुना थापा** ना.प्र.नं. २८०९/३४ जारी मिति २०५४/०४/२२ जि.प्र.का. चितवन बाबुको नाम : रमेश थापा क्षेत्रि पतिको नाम : रामेश्वर के.सी. ससुराको नाम : कृष्ण वहादुर के.सी. स्थायी ठेगाना : भरतपुर - ४, चितवन हालको ठेगाना : कालिका - ६, चितवन

पोखरा लेकसाईड शाखा, पोखरा

ऋणीको विवरण	
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १९३५२/०७७/०७८ अन्तर्गत मिति २०७७/०५/२६ मा दर्ता कायम भएको **पर्वत पुजा भण्डार** फर्म दर्ता ठेगानाः पोखरा म.न.पा. - १५, कास्की स्थायी लेखा नं. ६१२६२६४७२ मिति २०७६/०८/२५ **प्रोप्राइटर : रुपा पोखरेल** **कर्जा शिर्षक : आवधिक कर्जा** २. **अमृत कुमार चालिसे** **कर्जा शिर्षक : घर कर्जा**	
व्यक्तिगत जमानत दिनेको विवरण	
अमृत कुमार चालिसे ना.प्र.नं. ५१३७५४८ जारी मिति २०५९/७/२४ जि.प्र.का. पर्वत बाबुको नाम : रबिलाल पाध्या बाजेको नाम : डिलु पाध्या स्थायी ठेगाना : राम्जादेउराली - ७ पर्वत	**रुपा पोखरेल** ना.प्र.नं. ४६१०४२/२५ जारी मिति २०६४/०१/१३ जि.प्र.का. कास्की बाबुको नाम : बिशेश्वर पोखरेल पतिको नाम : अमृत कुमार चालिसे ससुराको नाम : रबिलाल पाध्या स्थायी ठेगाना : माछापूच्छे गा.पा - ३ कास्की
ऋणी अमृत कुमार चालिसेका लागि पर्वत पुजा भण्डारको संस्थागत जमानत रहेको	

तेह्रथुम शाखा, तेह्रथुम

ऋणीको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना विभाग, उद्योग विकास शाखा कार्यलय, तेह्रथुममा प्रा.फ.नं. १४०८/२०७४/०७५ अन्तर्गत मिति २०७४/०७/२२ मा दर्ता कायम भएको **आम्बुड होटल** फर्म दर्ता ठेगाना : म्याडलुङ न.पा.- १, तेह्रथुम स्थायी लेखा नं. ६०२०

बोर्डले बजार बढाइदिन्छ भन्ने अपेक्षा राख्नु गलत हो

नेपाल धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले नेतृत्व सम्हालेको एक वर्ष सात महिना बितिसकेको छ । यसबीचमा उनले पुँजीबजारको विस्तार, प्रतिस्पर्धी बजारको विकास र लगानीकर्ताको संरक्षणमा जोड दिएको बताउँदै आएका छन् । श्रमस्वीकृति लिएर वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई धितोपत्रमा १० प्रतिशत आरक्षण दिने, आस्वाशुल्क घटाउनेलगायत उनले गरेका नीतिगत सुधारले चर्चा पाए । तर, नयाँ स्टक एक्स्चेन्ज र ब्रोकर लाइसेन्स बाँड्ने निर्णय भने विवादित बन्न पुग्यो । विवादकै बीच नयाँ ब्रोकर लाइसेन्स बाँडियो भने स्टक एक्स्चेन्ज अन्योलमै छ । त्यस्तै, कम्पनीको उचित मूल्यांकन नगरीकन आइपिओ निष्कासनको अनुमति दिने गरेको आरोप पनि उनलाई लाग्दै आएको छ । तर, हमाल भने त्यस्ता आरोपको खण्डन गर्दै आफू नीतिगत सुधार र 'पारदर्शिता'मा केन्द्रित भएको बताउँछन् । हालै चालू आवका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेका हमालसँग नयाँ पत्रिकाका **भोजराज भण्डारी**ले गरेको कुराकानी :

अर्थ-वार्ता

● **रमेशकुमार हमाल**
अध्यक्ष, नेपाल धितोपत्र बोर्ड



तस्बिर : **दिपेन्द्र ढुंगाना** / *नयाँ पत्रिका*

> सेयर बजारको इन्डेक्स अर्थतन्त्रका विभिन्न फ्याक्टरसँग जोडिएको हुन्छ । अर्थतन्त्रको अवस्थाको जिम्मा बोर्डको हातमा हुँदैन र बजार बढाइदिन्छ भन्ने अपेक्षा राख्नु पनि गलत हो । अर्कोतर्फ, हामीले एक-दुई दिन वा महिनाको इन्डेक्सलाई हेरेर भविष्यको विश्लेषण गर्नुहुँदैन ।

तपाईंले धितोपत्र बोर्डको नेतृत्व सम्हालेको करिब १९ महिना भयो । यसबीचमा आफूले गरेका कामको समीक्षा कसरी गर्नुहुन्छ ?

बोर्डको नेतृत्व सम्हाल्दै गर्दा हामीले गरेका प्रतिबद्धता र लगानीकर्ताले खोजेका कतिपय एजेन्डा कार्यान्वयनमा आएका छन् । यस्तै, कतिपय योजना नीति निर्माणको तहमा पुगेका छन् । लगानीकर्ताले बोर्डलाई हेर्ने नजरमा परिवर्तन ल्याएका छौं । लगानीकर्तामा आशा जागेको छ, विश्वास बढेको छ । यसले जनताको हितमा काम भएको छ भन्ने देखाउँछ । यो खालको विश्वास आज जनता मात्र नभई सञ्चारमाध्यमको क्षेत्रमा पनि बढेको छ । सार्वजनिक मञ्चमा जाँदा सकारात्मक प्रतिक्रिया पाएको छु । अध्यक्षको हिसाबले सरकारी पक्षधरको रूपमा नभई एउटा काम गर्ने व्यक्तिको रूपमा हेरिदिनुभएको म आफूलाई यो कुरामा निकै भाग्यमानी ठान्छु ।

हाम्रासामु चुनौती छन् । हाम्रो प्रयासले मात्रै पनि कतिपय काम हुन सकेको छैन । यो संस्थामा बसेर कुनै योजना (रिफर्म) ल्याउन अहोरात्र खटिनुपर्छ । युद्धै लड्नुपर्छ । त्यसैले लगानीकर्ताको विश्वास पाउनु ठूलो कुरा हो । मिडियाले गर्ने विश्वास, सरकारले गर्ने विश्वासलाई लिएर अघि बढ्नु हाम्रो दायित्व पनि हो । त्यो दायित्वबाट बोर्ड पछि हट्नेछैन । लगानीकर्ताको आशा घटेको होइन, झन् जागृत भएर आएको छ । अर्को कुरा, सिआस्वा शुल्क घटाइयो, मर्जर एक्विजेसनका समस्या कम भए । वैदेशिक रोजगारीमा गएकालाई १० प्रतिशत आरक्षणले वित्तीय तरलतामा

- बोर्डमा बसेर कुनै सुधारको योजना ल्याउन अहोरात्र खटिनुपर्छ, युद्धै लड्नुपर्छ ।
- नयाँ ब्रोकर प्रणाली एउटा ऐतिहासिक खुट्किलो बनेको छ । यसको नजिता आउन केही ढिला होला, तर पुँजीबजारको इतिहासमा यो कोसेढुंगे हो ।
- कुनै पनि मुलुकको विकास पुँजीबजारविना सम्भव छैन । पुँजीबजार जुवाघर होइन, सट्टापट्टा गर्ने थलो पनि होइन । यो ठूलो पुँजी जम्मा गर्ने थलो हो ।
- 'जसलाई पौडी खेल्न आउँदैन, उसले नदीमा हामफाल्नु हुँदैन' भनेझैं नबुझीकन पुँजीबजारमा प्रवेश गर्नुहुँदैन ।
- अन्तर्राष्ट्रियस्तरको प्रविधि र व्यवस्थापन भएको भए नयाँ स्टक एक्स्चेन्ज आवश्यक पर्ने थिएन ।
- आइपिओमा अनियमितता भएको गुनासोलाई सम्बोधन गर्न आइक्यानको सहयोगमा मूल्यांकन भेरिफिकेसन कमिटी बनाएका छौं ।
- १० कित्ते नीतिलाई परिवर्तन गर्नुपर्छ भनेको छु । यसमा केही नकारात्मक टिप्पणी पनि आएका छन् ।



सकारात्मक प्रभाव पारेको छ र श्रमिकलाई पनि न्याय भएको छ । वैदेशिक रोजगारबाट फर्केर आउँदा केही नभए पनि आफ्नो पुँजी त सुरक्षित भएको छ । नयाँ ब्रोकर प्रणाली एउटा ऐतिहासिक खुट्किलो बनेको छ । जुन खुला प्रतिस्पर्धात्मक बाटोमा जान अब कसैले रोक्न सक्ने अवस्था छैन । केही पुराना साथीले विरोध जनाउनुभएको छ । त्यो एक हिसाबले स्वाभाविक पनि होला । तर, नयाँ ब्रोकर लाइसेन्सको नतिजा आउन केही ढिला होला, तर पुँजीबजारको इतिहासमा यो कोसेढुंगा हो ।

अर्को महत्वपूर्ण काम भनेको भेन्चर क्यापिटल मार्केटको सुरुवात पनि हो । यो पहिलोपटक एउटा जागरणको रूपमा सुरुवात भएको छ । नेपालमा हामीले धितोपत्रको मात्र विकास गर्न सकिन्छ भन्ने मान्यता थियो । धितो राखेर कर्जा लिने अनि आर्थिक क्रियाकलापमा परिचालन गर्ने भन्ने मान्यता थियो । अब हामीले नयाँ मान्यताको सुरुवात गरेका छौं । नयाँ प्लाटफर्मको सुरुवात भएको छ । त्यसैले पनि द्रुत गतिमा ब्रोकरको नयाँ लाइसेन्स दियौं । कोष खडा गर्‍यौं । पहिलोपटक नयाँ साना व्यवसायीलाई (आन्टप्रेनर)ले विनाधितो कर्जा मात्र होइन, लगानी पाउने वातावरण सिर्जना भएको छ । यसको फाइनल, डिल हुन बाँकी नै छ । एसएमई प्लेटफर्म लागू भइसकेपछि आर्थिक प्रणालीमा नयाँ आयाम थपिन्छ र लगानीकर्ताका लागि उचित वातावरण बन्छ, यो मेरो कार्यकालमा भएको सबैभन्दा ठूलो उपलब्धि ठान्छु । अहिले तत्काल यसको नतिजा नदेखिन सक्छ । विनाधितोमा लगानी गर्ने वातावरण बन्दै छ । हिजोका दिनमा धितो र लगानीमा जुन प्रकारको फरक छ, त्यो हामीले बुझ्न नसकेको अवस्था थियो । त्यसको प्रभाव हामीले आकलन पनि गरेका छौं । यो योजना सुरु गरेपछि प्राइभेट इक्विटी भेन्चर क्यापिटल सशक्त प्रयासमा अघि बढायौं । यसलाई अन्तराष्ट्रिय समुदायले धेरै नजिकबाट नियालिरहेका छन् । हालसालै मात्र पनि युसएसएआइडीको टोली आएको थियो । उनीहरूले 'जुन खालका योजना सेबोनले अहिले गरेको छ, त्यसमा हामी पनि सहभागी हुन चाहन्छौं' भने । विश्व बैंक र आइएफसीसँग मात्र सहकार्य भयो, हामीलाई पनि समय दिनुपर्‍यो समेत भनेका छन् । त्यस्ता ठूला संस्थाले पनि नेपालमा लगानी गर्न चाहन्छौं भन्ने धारणा बनेको छ ।

> अहिले पुँजीबजार घट्नुमा मौद्रिक नीति पनि एउटा कारण हो । मौद्रिक नीतिपछि बजारमा एकखालको असन्तुष्टि देखियो । फेरि मौद्रिक नीतिले केही राम्रा कुरालाई पनि समेटेको छ । यो सधैं स्थिर हुँदैन । आउने दिनमा बजार पुनः लगानीकर्ताले खोजेको बिन्दुसम्म पुग्दैन भन्ने हुँदैहुँदैन ।

अब कर्जाको कुरा होइन, लगानीको कुरा सुरु भएको छ । हाम्रो छिमेकी मुलुक भारतमै यस्तो खालको योजनाको अभियान धेरै अगाडिदेखि भएको थियो । अहिले त्यसको प्रभावले भारतको पुँजीबजार कहाँबाट कहाँ पुगेको छ, हामी देख्न सक्छौं । अन्य दक्षिण एसियाली मुलुकमा पनि यस्ता योजना धेरै पहिले सुरुवात भइसकेको छ । हामी बल्ल तयारीमा छौं ।

गरेका कामको यति लामो फेहरिस्त सुनाउनुभयो । तर, हिजो ३२ सयको बजार आज दुई हजारको बिन्दुमा आइपुगेको छ, पुँजीकरण निकै खस्किएको छ नि !

सेयर बजारको इन्डेक्स भन्ने कुरा अर्थतन्त्रका विभिन्न फ्याक्टरसँग जोडिएको हुन्छ । अर्थतन्त्रको अवस्थाको जिम्मा बोर्डको हातमा हुँदैन र बजार बढाइदिन्छ भन्ने अपेक्षा राख्नु पनि गलत हो । अर्कोतर्फ, हामीले एक-दुई दिनको वा महिनादिनको इन्डेक्सलाई हेरेर भविष्यको विश्लेषण गर्नुहुँदैन भन्ने लाग्छ ।

वास्तवमा बजार घट्नु सकारात्मक होइन, लगानीकर्ताको भावानालाई हामी बुझ्छौं । तर, बजार घटनुमा अर्थतन्त्रका विभिन्न तत्त्वले प्रभाव पार्ने हो । अर्को कुरा, अहिले सबैजसो देशको अर्थतन्त्रमा चाप परेको छ । चीनमा पनि पहिलोपटक जिडिपी डाउन भएको छ । संसारभरि नै यस्तो देखिएको छ । रुस र युक्रेन युद्धका कारण संसारभरको अर्थतन्त्र प्रभावित छ । यसको प्रभावबाट अमेरिका, वेलायतजस्ता मुलुक पनि जोगिएका छैनन् । लगानीकर्ताले के बुझ्नुपर्छ भने इन्डेक्स र बोर्ड फरक हुन् । बोर्डको उद्देश्य भनेको लगानीमैत्री वातावरणका लागि नीति नियम बनाउने हो ।

अहिले पनि धेरैजसोले ३२ सयको इन्डेक्सलाई देखाउने गरेका छन् । कोभिडको समयमा अन्य क्षेत्रमा लगानीको वातावरण एकदम कम भएको वेला पुँजीबजार मात्र एउटा विकल्प बनेको थियो, त्यसवेला बैंक तथा वित्तीय क्षेत्रमा तरलतासमेत सहज थियो । वर्तमान पुँजीबजार घट्नुमा मौद्रिक नीति पनि एउटा कारण हो । मौद्रिक नीतिपछि बजारमा एकखालको असन्तुष्टि देखियो । फेरि मौद्रिक नीतिले केही राम्रा कुरालाई पनि समेटेको छ । यो सधैं स्थिर हुँदैन । आउने दिनमा बजार पुनः लगानीकर्ताले खोजेको बिन्दुसम्म पुग्दैन भन्ने हुँदैहुँदैन । बजार भनेको मौद्रिक नीति, अर्थतन्त्रको अवस्थाजस्तो कुराले नै फरक पार्ने हो भने लगानीकर्ताको आत्मविश्वाससँग पनि जोडिएको विषय हो ।

कतिपयले पुँजीबजारलाई अनुत्पादक क्षेत्र मान्छन्, जुवाघर भनेर टिप्पणी गर्छन् । के भन्नुहुन्छ ?

यो कुरामा हाम्रो बुझाइ गलत छ । कुनै पनि जिम्मेवार पदमा बसेका व्यक्तिले क्यापिटल मार्केटको बारेमा जथाभावी बोल्नुहुँदैन भन्ने लाग्छ । सत्यता नभएका यस्ता कुराले बाहिरसमेत प्रभाव पार्ने हुँदा उहाँहरूलाई गम्भीर हुन व्यक्तिगत अनुरोध पनि गर्छु ।

कुनै पनि मुलुकको विकास पुँजीबजारविना सम्भव छैन । पुँजीबजार जुवाघर होइन, सट्टापटा गर्ने थलो पनि होइन । किन के कारणले यस्ता टिप्पणी आउँछन् ? सम्बन्धित मान्छेलाई प्रश्न गर्ने वेला आएको छ । पुँजीबजार भनेको असाध्य ठूलो पुँजी जम्मा गर्ने थलो हो । अहिलेसम्म संसारभरि नै अभ्यास भएको उत्कृष्ट मोडेल हो । यस्तो राम्रो अभ्यास अरू छँदैछैन । यस्तै, तथ्यांकसँग जोडिएको बजार पनि हो, यो । केही लगानीकर्ताको मनोविज्ञानमा राजनीतिक, सामाजिक प्रभाव पर्छ । तर, ती क्षणिक हुन्छन् । यसमा दीर्घकालीन हुने भनेको तथ्यांक मात्र हो । मार्नौं, मैले कुनै कम्पनीमा लगानी गर्न चाहँ भने आगामी पाँच वर्षसम्मको मूल्यांकन गर्छु, कम्पनी कतिको बलियो छ, नाफा दिन सक्छ कि सक्दैन भन्ने कुरालाई हेर्छु, कम्पनीलाई हेर्दा जुवा भनेर हेरिन्न, केवल तथ्यांकमा रहेर हेरिन्छ । कम्पनीको व्यवस्थापनदेखि सम्पूर्ण मूल्यांकन गरेर यो-यो समयसम्म कम्पनीले के-के गर्छ भन्ने योजना थाहा हुन्छ । यो विज्ञले गर्ने क्रियाकलाप हो । सारा संसारले यो मोडेलबाट मुलुकको विकासमा योगदान पुऱ्याएका छन् । हामीले यहाँ अनेक नाम दिएर हिँड्नु आफैंमा दुःखद हो । हामीले त बरु सुशासन र प्रविधिमा जोड दिने हो । यसमा व्यक्ति मात्रको लगानी हुँदैन, सयौं कम्पनी जोडिएका छन् । लाखौंलाखको भविष्य पनि जोडिएको हुन्छ ।

तपाईंहरू नयाँ स्टक एक्सचेन्ज ल्याएरै छाड्ने अडानमा देखिनुहुन्छ । तर, भएकै स्टक एक्सचेन्जलाई सुधार गरेर लैजाऊँ भन्ने आवाज पनि उठेको छ नि ?

हामीले एउटै कुरा खोजेको हो, प्रतिस्पर्धाको बजार । बजार प्रतिस्पर्धात्मक बनाउनका लागि नयाँ स्टक आवश्यकता छ भनेर भनेका हौं र अघि बढाइएको हो । सरकारी एक्सचेन्ज कति सफा छ, कति प्रविधियुक्त छ भनेर पनि हेर्नुपर्ने हुन्छ । नयाँ स्टक किन चाहियो भनेर सोध्ने सोचाइ नै गलत छ, यसले गलत दिशातर्फ मोडेको छ । हामीले पनि सुशासन र प्रविधिका कुरामा जोड दिनुपऱ्यो भन्ने हो । नयाँ स्टक चाहिन्छ/चाहिँदैन भन्ने नै होइन । हो, हाम्रोमा पहिलेदेखि अन्तर्राष्ट्रियस्तरको प्रविधि र व्यवस्थापन भएको संस्था भइदिएको भए नयाँ ल्याउन आवश्यक पर्दैन पनि थियो होला । त्यसैले हाम्रो उद्देश्य प्रतिस्पर्धात्मक बजार बनाउने मात्र हो । हिजोको दिनमा एकाधिकार भएका कम्पनीहरू आज प्रतिस्पर्धात्मक हुँदा कस्तो भएका छन्, त्यो हेर्यौं । हामीले खोजेको परिवर्तन त्यही हो ।

अन्य जुनसुकै मुलुकमा पनि प्रतिस्पर्धा हुनुपर्छ भन्ने मान्यता छ, त्यो भयो भने मात्र मोनोपोली हुँदैन । नेपालको हकमा पनि त्यो कुरा भएको छ र सुधार पनि देखिएका छन् । त्यस कारण मेरो भनाइ के हो भने नयाँ स्टक एक्सचेन्ज आयो भने अहिलेको स्टक एक्सचेन्जमा पनि परिवर्तन आउँछ-आउँछ । साथै, देशको पनि हित हुन्छ । सबैले आरोप लगाउने गरेका छन् कि नयाँ स्टक एक्सचेन्ज आयो भने नेप्से डुब्छ भन्छन् । म चुनौती दिन चाहन्छु, नेप्से कुनै पनि हालतमा डुब्दैन ।

अहिले बजार घट्दा पनि अनशन बस्ने, आन्दोलनमा उत्रने, नियामक निकायप्रति धारे हात लगाइहाल्ने प्रवृत्ति देखिएको छ । किन यस्तो अवस्था आयो ?

वित्तीय साक्षरता कमीको कारणले पनि हुन सक्छ कि हाम्रो समाजमा छिटो प्रतिक्रिया जनाइहाल्ने चलन छ । हामी लगानीकर्ताको अभिभावकको भूमिकामा छौं, त्यसैले उहाँहरूले हामीमाथि नै प्रतिक्रिया जनाइहाल्नुहुन्छ ।

मैले माथि भनें, बजार घट्नु र बढ्नुसँग बोर्डको सम्बन्ध हुँदैन, हाम्रो भूमिका कम हुन्छ, हामीले सुशासन र नियमन र सिस्टम बनाउने हो, मूल्यमा जाने होइन । वित्तीय साक्षरता र अलिकति लगानीकर्ताको मनोबल बढाउने किसिमका कार्यक्रम पनि ल्याउनुपर्ने वेला आएको छ । हामी जहिल्यै पनि भन्छौं, जसलाई पौडी खेल्न आउँदैन, उसले नदीमा हामफाल्छु भनेर हुँदैन । अहिलेचाहिँ पौडी खेल्नै नजान्नेले हाम पनि फाल्ने अनि सरकारले मलाई बचाएन भनेर पनि हिँड्ने प्रवृत्ति मौलाएको छ । यस्तो गलत अभ्यासबाट हामी माथि उठ्नुपर्छ । यस्तो खालको मनस्थितिले बजार र लगानीकर्ता दुवैलाई राम्रो गर्दैन ।

मैले बारम्बार भनेको छु अन्डरराइटिङको ठूलो जिम्मेवारी छ । आइपिओ प्रणालीमा यसको ठूलो भूमिका छ । यसबारेमा लगानीकर्तालाई बुझाउन आवश्यक छ । कम्पनीले गलत काम गरे भने कारबाही गर्नुपर्छ । अन्डरराइटिङ गर्ने कम्पनीले वित्तीय विवरणलाई सूक्ष्म ढंगले अध्ययन गरे भने, भोलि सब्सक्राइब भएन भने मैले पैसा तिर्नुपर्छ भन्ने सोचे भने त समस्या नै भएन नि ।

पछिल्लो समय कतिपय कम्पनीको आइपिओ र एफपिओ निष्कासन विवादित बन्यो, आमलगानीकर्तामा अन्योल छायो । बोर्डमाथि नै अनियमितताको आरोप लाग्यो नि !

प्रिमियमको जुन कन्सेप्ट ल्याएका छौं, यसले लगानीको वातावरण बनेको छ । कन्युक्ड बिजनेस बनाउने भनेको भाषण मात्र होइन, त्यसमा सरकारी तवरबाट गर्ने काम चुस्तदुरुस्त हुनुपर्छ । हामीले सबै प्रकारका आइपिओलाई न्याय दिएका छौं । नियमावली तथा निर्देशनमा भएका जुन प्रावधानअनुसार कागजात पुगेको छ, अन्डरराइटिङ भएको छ, चाहिने विवरण हाम्रा विभिन्न समितिबाट पास भइसकेको छ भने हामीले आइपिओ रोक्ने कुरा हुँदैन । हाम्रो नीति नियमले दिएको कार्यदिशा त्यही नै हो । त्यहीअनुसार हामीले फाइलालाई पास गरेका हौं ।

हामीकहाँ के हुन्छ भने, कुनै पनि कम्पनीको भ्यालु एक्स छ भने तपाईंलाई त्यो कम्पनीको भ्यालु एक्सभन्दा दुई प्रतिशत बढी पनि लागेको हुन सक्छ वा त्योभन्दा कम पनि लागेको हुन सक्छ । हरेक व्यक्तिको आफ्नो विचार त छ नि, तर हामीले व्यक्ति भएर दिन मिल्दैन यो संस्था हो । बोर्डले हेर्ने भनेको अन्डरराइटिङ कसरी भएको छ भनेर हो, त्यही आधारमा अनुमति दिने हो । नियमावली निर्देशिकामा भएका प्रावधान छन्, त्यसलाई हेर्छौं । मूल्यांकन गर्ने तरिका छन् । त्यो सबैअन्तर्गत हाम्रो सम्बन्धित विभागबाट पास नभईकन अध्यक्षको टेबलमा त आउँदैन । त्यहीअनुसार घोराही सिमेन्टले स्वीकृति पाएको हो । तर, मैले के देखें भने हाम्रो प्रणालीमा पनि सुधार ल्याउन आवश्यक रहेछ । त्यही भएर घोराहीको स्वीकृत भएको महिनामा मैले बोर्डमा एउटा प्रस्ताव लिएर गएको छु, यो आइपिओ अध्ययन स्वीकृति दिनुअघि थप एक लेभलको गेटकिपर राख्नुपर्छ भन्ने मैले ठानेको छु र लागू पनि गरेको छु ।

हामीकहाँ अन्डरराइटिङ प्रणाली अलिक कमजोर छ । चार्टर्ड एकाउन्टेन्टले गरेको काम पनि कहिलेकाहीं कमजोरी भइदिन्छ । कागजमा एकदम राम्रो देखिन्छ, तर वास्तवमा त्यस्तो हुँदैन । बारम्बार गुनासो आइरहेको हो, यहाँ मात्र होइन । यसैले यसको गुनासोलाई सम्बोधन गर्न मूल्यांकन भेरिफिकेसन कमिटी भनेर बनायौं । आइक्यानको सहयोगमा मूल्यांकन समिति गठन गरेका छौं । कम्पनीको अध्ययन भएर आएको गेटकिपरको रूपमा अब मूल्यांकन समिति हुनेछ । अब कागजमा लेखेकोले मात्र भएन, अब संयोजक टिमले नै हेर्नेछ । अहिले मूल्यांकन समितिपछि धेरै आइपिओमा हामीले हेर्‍यौं, त्यो कमिटीले मूल्य घटाएको छ । मूल्यांकन समितिको प्रयासलाई प्रश्न गर्ने ठाउँ नभएपछि धेरै कम्पनीको मूल्य घटेको छ । यसले लगानीकर्ताको लगानी संरक्षण भएको छ ।

घोराहीकै कुरा गर्दा पनि घटनाक्रमको प्रारम्भिक अनुसन्धानले १३ वटा आवेदन दिने आवेदनकर्तासँग इस्यु गर्ने कम्पनीहरूको कुनै पनि सञ्चालक वा कुनै पनि व्यक्तिसँग तीनपुस्ते नाता सम्बन्ध भेटिएन । प्रारम्भिक रूपमा गल्ती छैन भने रोकेर किन राख्ने ? श्रमिकको पैसा पनि फसेको छ, कम्पनीको कुनै गलत नियत नदेखिएपछि खोल्न उसको अधिकार हो भनेर हामीले खोलिदियौं । खोल्दा हामीले कम्पनीको आइपिओमा आवेदन दिएका व्यक्तिलाई त्यो फिर्ता लिने अवसर पनि दियौं । अन्य आस्वा सदस्यलगायतमा केही प्रश्न छन् भने त्यसमा पनि छानबिन गरेर अघि बढिहाल्छ ।

सेयरमा न्यूनतम १० कित्ता आवेदन दिन सकिने व्यवस्थाका विषयमा दुईमत छ । अहिले बोर्डले यो व्यवस्थालाई संशोधन गर्ने तयारी गरेको हो ?

मैले १० कित्ताको नीतिलाई परिवर्तन गर्नुपर्छ भनेको छु । यसमा केही नकारात्मक टिप्पणी पनि आएका छन् । यसले माथि भनेको जस्तो अन्डरराइटिङ प्रक्रियालाई चाहिँ शिथिल पारिदिने भयो । अन्डरराइटिङको मिनिङ नै भएन । मैले भन्ने गरेको छु, सबै नीति शतप्रतिशत राम्रो हुन्छ भन्ने हुँदैन । १० कित्ते नीति असाध्य राम्रो नीति थियो, तर यसले अहिले अन्डरराइटिङको क्षेत्रमा प्रभाव पारेको छ । अर्को, नबुझ्ने लगानीकर्ता पनि आएर यसमा समस्या उत्पन्न भएको छ, अघि मैले भनेको जस्तो नदीमा पस्ने र गुहार माग्ने यसकै कारण हो । बजारमा सुधार ल्याउने कुरामा हामी दृढ छौं । अब जनतालाई अप्ठारो नपर्ने गरी अन्य कुनै माध्यमबाट जान सकिन्छ कि, केही गर्न सकिन्छ कि भन्ने हाम्रो जोड हो । र, त्यसमा विज्ञहरूसँग बसेर छलफल गरेका छौं ।

साना तथा मझौला कम्पनीहरूको इन्डेक्सको कुरा गरौं, योचाहिँ आफैंमा पनि फरक खालको प्लेटफर्म हो । यसमा धितो हुँदैन । लगानी भएको हुन्छ । स्टार्टअप कम्पनी हुन्छन् । यसमा नबुझ्ने मान्छेले लगानी गर्नुहुँदैन । अवसरसँगै जोखिम बढी हुने सम्भावना रहन्छ । जो जान्दछन्, ती टिक्छन्, नजान्ने नोक्सान बेहोर्छन् । पछि गएर कम्पनीले असाध्य राम्रो रिटर्न दिन्छन् । सानो कम्पनीका रूपमा सुरु भएको एप्पल अहिले तीन ट्रिलियनबराबरको पुगेको सुन्छौं ।

यस्ता हजारौंमध्ये एप्पल कम्पनी सफल भयो होला, त्यसबीचमा हजारौं कम्पनी असफल पनि भए होलान् नि । तर, ती सुनिदैन, किनकि सफल मात्र सुनिन्छन्, बन्द भएको हामी सुन्दैनौं । त्यस कारण हामीले २५० कित्ताको व्यवस्था गरेका हौं । यसमा बुझेका लगानीकर्ताले मात्र लगानी गरून्, सोझासाझा लगानीकर्ता नफसून् भन्ने हो ।

विवादका बीच नयाँ ब्रोकर कम्पनीहरूले लाइसेन्स पाए, सञ्चालनमा पनि आए, नयाँ स्टक एक्सचेन्ज आउने सम्भावनाचाहिं अब सकिएको हो ?

नयाँ स्टक एक्सचेन्जका सम्बन्धमा पनि सरकारले कुनै उपयुक्त समयमा निर्णय लिन्छ होला भन्ने लाग्छ । अहिले त हामी यस विषयमा कुनै संलग्न छैनौं, कुनै त्यस्तो औपचारिक छलफल पनि भएको छैन । औपचारिक रूपमा अहिले नयाँ स्टक एक्सचेन्जको सम्बन्धमा कुनै पनि छलफल भएको छैन । अनौपचारिक रूपमा कहिलेकाहीं कुरा भएको छ । यो वेला खोल्नुपर्छ भनेर हामीले भनेका छैनौं । फेयर ढंगले काम गर्ने हो, काम गर भने गर्ने हो, सरकारले नगर भने गर्दैनौं ।

ब्रोकर कमिसन घटाउनुपर्ने लगानीकर्ताको माग छ, यसमा बोर्डको धारणा के हो ?

यसमा हामीले अध्ययन गरिरहेका छौं । जनताको हितमा र विन-विन सिचुएसन कसरी हुन्छ, त्यतातिर जानुपर्छ र जान्छौं ।

बोर्डले चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम ल्याएको छ, धेरै कुरा पुराना छन्, कार्यान्वयन पनि चुनौतीपूर्ण देखिन्छ ?

केही निमायवली संशोधन गर्न अर्थ मन्त्रालयमा प्रस्ताव पनि पठाएका छौं । गैरआवासीय नेपालीलाई दोस्रो बजारमा ल्याउने र अर्थतन्त्र थप चलायमान बनाई तरलता सहज बनाउने उद्देश्य पनि बोकेर हिँडेका छौं । खासमा भन्ने हो भने लगानीको वातावरण बनाउन खोजेका हौं ।

हालै मात्र मन्त्रिपरिषद्मा पेस भएको धितोपत्र दर्ता निष्कासन (सातौं संशोधन) नियमावली २०८० मा के छ ?

यो नियमावली संशोधनको मस्यौदा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलकै समयमा तयार पारिएको थियो । हामीले तयार गरेको मस्यौदामा अर्थ मन्त्रालयले काटछाँट गरेर मन्त्रिपरिषद्मा पेस गरेको हो । खासमा यसको उद्देश्य ठूलो र राज्यलाई कर तिरेका कम्पनीलाई प्रोत्साहन होस् र पुँजी थपियोस् भन्ने हो ।

प्रिमियममा आइपिओ जारी गर्न थप सहुलियत, हरित ऋणपत्र (ग्रिन बन्ड) वा त्यस्तै प्रकृतिका अन्य बन्ड, डिबेन्चर निष्कासनका लागि बाटो खोल्नेलगायत प्रस्ताव संशोधनमा छन् । संशोधन विधेयक समितिमा पुगेको छ । त्यहाँ पनि थप छलफल होला ।

कम्पनी पब्लिक हुनेबित्तिकै आइपिओ जारी गर्न सक्ने र एक वर्षमै प्रिमियममा आइपिओ ल्याउन पाउने प्रस्तावित व्यवस्थाको चौतर्फी विरोध हुन थालेको छ नि ?

नियमावलीको संशोधन मस्यौदा तयार पार्दा पनि पक्ष-विपक्ष देखिएको थियो । यो खालको नीति आउनुहुँदैन भन्नेभन्दा पनि आउनुपर्छ भन्नेको संख्या ठूलो देखियो । पब्लिकमा आउनेबित्तिकै आइपिओ जारी गरिहाल्न हचुवाको भरमा अनुमति दिइहाल्ने होइन । प्राइभेट कम्पनी हुँदा नै कम्पनीको वित्तीय विवरण कस्तो छ भनेर मूल्यांकन हुन्छ ।

दुई वर्षसम्म निरन्तर वित्तीय विवरण बलियो भएको (नाफामा गएको) खण्डमा पब्लिकमा गएर आइपिओ जारी गर्दा समस्या हुँदैन । लगातार दुई वर्ष नाफामा छ र बोर्ड तोकेका मापदण्ड पुग्छ भने प्रिमियममा आइपिओ निष्कासन गर्न दिने व्यवस्था छ । यसमा लगानीकर्ता वा कोही पनि आत्तिनुपर्दैन ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार १ भदौ ०८०

लगानी जुटाउन नसकेका १०८१ मेगावाटका ६४ आयोजनाको पिपिए खारेज हुँदै

सरकारी प्रतिवेदनको सिफारिस- सय मेगावाटसम्मका आयोजनाले पिपिए गरेको दुई वर्षसम्म लगानी नजुटाए खारेज गर्नु



अधिकांश आयोजनाले ०७५ सालतिर पिपिए गरेको देखिन्छ। तर, त्यसको केही समयमै कोरोना, रुस-युक्रेन युद्ध र आर्थिक संकट देखा पऱ्यो। त्यसले गर्दा लगानी जुटाउन समस्या भएको हो। तसर्थ, मौकास्वरूप सबैलाई एक वर्षको विशेष अवधि थप गर्नुपर्छ।

● **गणेश कार्की**, अध्यक्ष, इप्पान



पिपिए गरेर आयोजना नबनाउने र उल्टै कोटा होल्ड गर्ने प्रवृत्तिका कारण यस्तो सिफारिस गरिएको हो। पिपिएमा कोटा प्रणाली लागू गरिएको छ, त्यसमा आरओआरतर्फको कोटा सकिएपछि झन्डै १२ हजार मेगावाट क्षमताका आयोजनाहरूको पिपिए हुन सकेको छैन।

● **प्रदीप थिके**, उपकार्यकारी निर्देशक, प्राधिकरण

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए)सम्बन्धी नीतिगत व्यवस्था गर्न गठित सरकारी समितिले सय मेगावाटसम्मका आयोजनाले पिपिए गरेको दुई वर्षसम्म लगानी नजुटाए खारेज गर्न सिफारिस गरेको छ। समितिको प्रतिवेदन कार्यान्वयनमा आए लगानी जुटाउन नसकेका एक हजार ८१ मेगावाटका ६४ जलविद्युत् आयोजनाको पिपिए खारेज हुनेछ। सँगै ती आयोजनाको बैंक जमानत र लाइसेन्ससमेत खारेज हुनेछ।

ऊर्जा मन्त्रालयले पिपिएसम्बन्धी नीतिगत व्यवस्था गर्न सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा समिति गठन गरेको थियो। समितिले गत २१ साउनमा नेपाल विद्युत् प्राधिकरणका अध्यक्षसमेत रहेको ऊर्जामन्त्री शक्ति बस्नेतलाई प्रतिवेदन बुझाएको छ।

प्राधिकरणले हालसम्म सात हजार सात सय ५७ मेगावाटका विद्युत् आयोजनासँग पिपिए गरेको छ। त्यसमा दुई हजार ६ सय ३२ मेगावाटका एक सय सातवटा आयोजनाले पिपिए गरेर लगानी जुटाउन सकेका छैनन्। प्राप्त तथ्यांकअनुसार अधिकांश आयोजनाले ०७५ अघि नै प्राधिकरणसँग पिपिए गरेको देखिन्छ। पिपिए गरेको १३ वर्षसम्म पनि आयोजनाहरूले लगानी जुटाउन नसकेको प्राधिकरणको तथ्यांकले पुष्टि गरेको छ।

■ वर्षौंसम्म लगानी नजुटाउने केही आयोजना

तथ्यांकअनुसार २३.५२ मेगावाटको बलेफी जलविद्युत् आयोजनाले पिपिए गरेको १३ वर्षसम्म पनि लगानी जुटाउन सकेको छैन। प्रवर्द्धक कम्पनी बलेफी जलविद्युत् कम्पनी लिमिटेडले पुस ०६७ मा प्राधिकरणसँग पिपिए गरेको थियो। यसैगरी, ७८ मेगावाटको सान्जेन खोला जलविद्युत् आयोजनाले पनि सात वर्षसम्म लगानी जुटाउन नसकेको देखिन्छ। प्रवर्द्धक कम्पनी सालासुंगी पावरले चैत ०७२ मा प्राधिकरणसँग पिपिए गरेको थियो।

प्राधिकरणसँग ०७२ फागुनमा पिपिए गरेको १०.५ मेगावाटको तल्लो मोदी जलविद्युत्ले पनि लगानी जुटाएको छैन। उक्त आयोजनाको प्रवर्द्धक कम्पनी युनाइटेड मोदी हाइड्रोपावर रहेको छ। यसैगरी, ०७३ माघमा प्राधिकरणसँग पिपिए गरेको सिसा खोला 'ए' जलविद्युत् आयोनजाको प्रवर्द्धक सिसा हाइड्रो इलेक्ट्रिक कम्पनीले पनि लगानी नजुटाएको तथ्यांकमा उल्लेख छ। यी त उदाहरण मात्रै हुन्, वर्ष ०७४/०७५/०७६ मा पिपिए गरेका थप ६० आयोजनाले लगानी जुटाउन सकेका छैनन्।

नेपालमा अहिले जलविद्युत् आयोजनाको औसत लागत प्रतिमेगावाट २० करोड रुपैयाँ छ। त्योअनुसार १,०८१ मेगावाटका उक्त आयाजनाहरूलाई दुई खर्ब १६ अर्ब २० करोड रुपैयाँ लगानी आवश्यक पर्ने थियो।

■ किन जुटेन लगानी ?

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्की लामो समयसम्म पनि लगानी नजुट्नुमा सम्बन्धित प्रवर्द्धककै कमजोरी भएको बताउँछन्। तर, अधिकांश आयोजनाले भने कोरोना महामारी, रुस-युक्रेन युद्ध, पछिल्लो समय देखिएको आर्थिक संकट र तरलता अभावले गर्दा लगानी जुटाउन नसकेको उनको भनाइ छ।

'अधिकांश आयोजनाले ०७५ सालतिर पिपिए गरेको देखिन्छ। त्यसपछि उनीहरू लगानी जुटाउने प्रयासमै थिए। तर, त्यसको केही समयमै कोरोना महामारी सुरु भयो। कोरोना साम्य भएपछि रुस-युक्रेन युद्धका कारण विश्वव्यापी आर्थिक संकट देखा पऱ्यो। नेपाली बैंकिङ क्षेत्रमा तरलता अभाव देखिन थाल्यो। अझै पनि नेपाली अर्थतन्त्र संकटमै छ। त्यसले गर्दा लगानी जुटाउन समस्या भयो,' उनले बताए।

■ एक वर्षको विशेष अवधि दिनुपर्छ : निजी क्षेत्र

यता निजी क्षेत्रका प्रवर्द्धकहरू भने उक्त नीतिलाई जस्ताको तस्तै लागू गर्न नहुने पक्षमा छन्। कतिपय आयोजनामा प्रवर्द्धककै कमजोरीले लगानी जुट्न नसकेको विषय निजी क्षेत्रले स्वीकार गरेको छ। त्यस्ता आयोजनाको पिपिए खारेज हुँदा त्यसको कोटामा काम गर्न सक्ने अरू प्रवर्द्धकले अवसर पाउँदा भन् राम्रो हुने निजी क्षेत्रको भनाइ छ। तर, अन्तिम मौकास्वरूप सबैलाई एक वर्षको विशेष अवधि दिनुपर्ने इप्पानको माग छ। 'अप्ठ्यारो परिस्थितिका कारण पनि यस्तो समस्या आएको हो। तसर्थ, मौकास्वरूप सबैलाई एक वर्षको विशेष अवधि थप गर्नुपर्छ। तर, अहिले आयोजनाहरूलाई विभिन्न कारणले लगानी पाउन गाह्रो छ,' उनले भने, 'त्यसैले बैंकहरूलाई जलविद्युत् आयोजनामा अनिवार्य रूपमा थप लगानी गर्नुपर्ने नीति ल्याउनुपर्छ। यदि, आयोजनाहरूले त्यसरी पनि लगानी जुटाउन सकेनन् भने पिपिए र लाइसेन्स खारेज गर्दा हुन्छ।'

■ के भन्छ प्राधिकरण ?

प्राधिकरणका उप-कार्यकारी निर्देशक प्रदीप थिके भने यो नीति आवश्यक रहेको बताउँछन्। पिपिए गरेर आयोजना बनाउने र उल्टै कोटा होल्ड गर्ने प्रवृत्तिका कारण यस्तो सिफारिस गरिएको थिकेको भनाइ छ।

पिपिएमा कोटा प्रणाली लागू गरिएको छ, त्यसमा आरओआरतर्फको कोटा सकिएपछि झन्डै १२ हजार मेगावाट क्षमताका आयोजनाहरूको पिपिए हुन सकेको छैन। तर, पिपिए गरेका प्रवर्द्धकहरूले भने लगानी जुटाउन नसकेर आयोजनालाई अलपत्र पारेका छन्। साथै, पिपिएको कोटा पनि होल्ड भएको छ। यता काम गर्न सक्ने प्रवर्द्धकले भने कोटा नहुँदा अवसर पाउन सकेका छैनन्। त्यसैले यस्तो नीति आवश्यक रहेको थिकेको भनाइ छ।

■ यी हुन् पिपिए खारेज हुने अवस्थामा पुगेका आयोजना

आयोजना (प्रवर्द्धक कम्पनी)	क्षमता (मेगावाट)	पिपिए मिति
रसुवा भोटेकेसी (लाङटाङ भोटेकोसी हाइड्रोपावर)	१२०	२०७४.०९.०७
लान्द्रुक मोदी (अन्नपूर्ण विद्युत् विकास)	८६.५९	२०७५.०४.१३
सान्जेन खोला (सलसुंगी पावर)	७८	२०७२.१२.०२
दूधखोला (सीता हाइड्रोपवार)	६५	२०७५.०७.११
भोटेकोसी-५ (कालिका इनर्जी)	६२	२०७५.०४.२५
मेवा खोला (युनाइटेड मेवा खोला हाइड्रोपावर)	५०	२०७४.०२.२१
मर्स्याङ्दी बेंसी (दिवज्योति हाइड्रोपावर)	५०	२०७५.०५.१०
ब्रह्मायानी (एकीकृत व्यापार कम्पनी)	३५.४७	२०७५.०८.२४
न्यासिम खोला (सीता हाइड्रोपावर)	३५	२०७५.०५.२६
लिखु खोला (पिके हाइड्रोपावर)	३०	२०७५.०५.२६
मदाने खोला (मदाने खोला हाइड्रोपावर)	२४	२०७५.०४.१५
तातोपानी (जलशक्ति हाइड्रोपावर)	२३.६७५	२०७५.०३.२५
बलेफी (बलेफी जलविद्युत्)	२३.५२	२०६७.०९.०८
अपर ठूलो खोला 'ए' (ठूलो खोला हाइड्रोपार)	२२.५	२०७५.०४.२४
सेती खोला (सेती खोला हाइड्रोपावर)	२२	२०७४.११.११
काबेली-३ (काबेली हाइड्रोपावर)	२१.९३	२०७५.१०.०३
न्यादी फिदी (नर्थ समिट हाइड्रोपावर)	२१.४	२०७५.०२.२४
अपर खुदी (सुपर खुदी हाइड्रोपावर)	२१.२१	२०७६.०१.११
अपर न्यासेम खोला (सिन्धु ज्वाला हाइड्रोपावर)	२१	२०७५.१०.०६
सागु खोला (हिम पर्वत हाइड्रोपवार)	२०	२०७५.०४.१०
कुनाबन खोला (सुस्मित इनर्जी)	२०	२०७५.०५.२९
राउजे खोला (हाइड्रो कनेक्सन)	१७.७१२	२०७५.१२.०४
इरखुवा खोला बी (वराह मल्टिपावर)	१५.५२४	२०७५.०२.१४
अपर ब्रह्मायनी (इन्टिग्रेट हाइड्रो फन्ड नेपाल)	१५.१५	२०७५.०८.२४
दूधकुण्ड खोला (माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट)	१२	२०७५.०४.०१
रुरुबन्चु खोला-२ (रुरु हाइड्रो इलेक्ट्रिक)	१२	२०७५.०८.२०
लोयर मोदी-२ (युनाइटेड मोदी हाइड्रोपावर)	१०.५	२०७२.११.१४
अपर दरौदी 'सी' (कालिका कन्स्ट्रक्सन)	९.८२	२०७६.०१.०९
सुपर घलेम्दी (सुपर घलेम्दी हाइड्रोपावर)	९.१४	२०७५.०५.०५
सोना खोला (हिमाली हाइड्रो फन्ड)	९	२०७५.०३.१४
दूधपोखरी चेपे (दूधपोखरी चेपे हाइड्रोपावर)	८.८	२०७५.१०.१५
अपर दरौदी 'बी' (कालिका कन्स्ट्रक्सन)	८.३	२०७६.०१.०९
मेन्चेत खोला (रुबी भ्याली हाइड्रोपावर)	७	२०७५.१०.१५
चेपे खोला 'ए' (चम्पावती हाइड्रोपावर)	७	२०७५.११.०७
न्याम न्याम खोला (न्याम न्याम हाइड्रोपावर)	६	२०७४.०३.२७
सुपर हेवा (सुपर हेवा पावर)	६	२०७४.१२.२७
लोयर खोरंगा (आईडिएस इनर्जी)	५.५	२०७४.०८.२४
सागु खोला-१ (हिम पर्वत हाइड्रोपावर)	५.५	२०७५.०४.१०
लंखुवा खोला (सभा पोखरी पावर)	५	२०७४.०२.२१
सांगु (सोरुन) (कालिञ्चोक हाइड्रोपावर)	५	२०७५.०८.०९
हेवा खोला 'ए' (हविटत पावर)	५	२०७५.१०.०७
भीम खोला (शिखर पावर डेभलपमेन्ट)	४.९६	२०७५.०६.१०
मध्य दरम खोला बी (धौलागिरि सिभिल इलेक्ट्रिक)	४.५	२०७५.१२.२६
सुपर सभा खोला (संखुवासभा पावर डेभलपमेन्ट)	४.१	२०७५.१०.२३
अपर भुरुन्दी (अम्बे हाइड्रोपावर)	३.७५	२०७५.१२.१०
फेदी खोला (फेदी खोला हाइड्रोपावर)	३.५२	२०७५.०६.२१
स्यार्पु खोला (स्यार्पु पावर कम्पनी)	३.२३६	२०७८.०४.११
मध्य दरम खोला 'ए' (धौलागिरि सिभिल इलेक्ट्रिक)	३	२०७५.१२.२६
सिसा खोला (सिसा हाइड्रो इलेक्ट्रिक)	२.८	२०७३.१०.२८
भलौदी खोला (भलौदी खोला हाइड्रोपावर)	२.६४५	२०७६.०१.०६
सप्तंग खोला (सप्तंग हाइड्रो)	२.५	२०७४.०४.०८
अपर रिचेत (अपर रिचेत हाइड्रोपावर)	२	२०७४.०९.२०
इस्टु खोला (अमर ज्योति हाइड्रोपावर)	१.५०६	२०७५.०५.१३
जादरी गाड स्माल (खेचेरश्वर जलविद्युत्)	१	२०७४.१०.१२
नौगाड (जल ऊर्जा)	१	२०७५.११.०३
गुलंदी खोला (झिलिमिली हाइड्रोपावर)	०.९८	२०७५.०२.२४
घट्टे खोला स्माल (गाउँघर उज्यालो साना हाइड्रोपावर)	०.९७	२०७४.११.११
गोहरे खोला (इचोक हाइड्रोपावर)	०.९५	२०७५.०५.२५
गुमु खोला (गुमु खोला भ्याकुरे हाइड्रोपावर)	०.९५	२०७५.०८.२१
अपर सिट खोला (एलायन्स इनर्जी सोलुसन)	०.९०५	२०७५.०८.२३
मसिना (मसिना पर्यटन सहकारी संस्था)	०.८९१	२०७५.०६.०२
कसुम्ती खोला (हेलम्बु कन्स्ट्रक्सन)	०.६८३	२०७५.११.२९
लेगुवा खोला स्माल (हिमाली रुरल इलेक्ट्रिक)	०.६४	२०७४.०२.०८
सलुब्यानी गाड स्माल (खेचेरश्वर जलविद्युत्)	०.२३३	२०७४.१०.१२

स्रोत : नेपाल विद्युत् प्राधिकरण

१२ बैंकले बढाए ब्याजदर

स्थानीय तहको पैसा निक्षेपमा गणना हुन नपाएपछि बैंकहरूले ब्याजदर बढाए

पवन तिमिल्सिना/नयाँ पत्रिका

ब्याजदरमा भद्र सहमति अन्त्य गरेर साउनबाट खुला प्रतिस्पर्धामा गएका बैंकहरूले भदौका लागि ब्याजदर बढाएका छन्। साउनमा केही बैंकहरूले मात्रै ब्याजदर बढाउँदा निक्षेप ती बैंकहरूमा केन्द्रित भएको भन्दै १२ वाणिज्य बैंकहरूले भदौका लागि ब्याजदर बढाएका हुन्।

साउनमा केही बैंकहरूले ब्याजदर बढाउँदा निक्षेप संकलनमा असन्तुलन भएपछि अधिकांश बैंकहरूले सन्तुलन कायम राख्न ब्याजदर बढाउनुपरेको नेपाल बैंकर्स संघका उपाध्यक्ष सन्तोष कोइरालाले बताए। उनले भने, 'बैंकहरूको ब्याजदर सन्तुलनमा आउन थालेको मात्रै हो। भद्र सहमति तोडिनेबित्तिकै साउनमा बैंकहरूले के गर्ने-नगर्ने अन्योलबीच केही बैंकले बढाए, अधिकांशले घटाए। अहिले त्यसलाई सन्तुलनमा ल्याउन खोजिएको हो।' ब्याजदर सन्तुलनमा ल्याउन साउनमा ब्याजदर घटाउनेले बढाएको र त्यतिवेला बढाउनेहरूले अहिले नबढाएको उनको भनाइ छ। उनका अनुसार खासगरी संस्थागत निक्षेप ब्याजदरका कारण तलमाथि हुने जोखिमलाई कम गर्न खोजिएको हो।

साउनयता सरकारले विगतमा स्थानीय तहको सञ्चित कोषको मौज्दात रकमलाई ८० प्रतिशतसम्म गणना गर्न दिने व्यवस्था हटाएको छ। यसले केही बैंकहरूलाई कर्जा निक्षेपको अनुपात सन्तुलनमा ल्याउनुपर्ने दबाब परेकाले पनि ब्याजदर बढाउनुपरेको उनको भनाइ छ।

कर्जाको मागसमेत नभएको अवस्थामा ब्याजदर बढाउनुको औचित्य नरहने राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट केन्द्रीय बैंकको परिधिभित्र रहेर बैंकहरूले ब्याजदरमा प्रतिस्पर्धा गर्न पाउने बताए। तर, अस्वस्थ प्रतिस्पर्धा गरेको खण्डमा नियामकले आवश्यक कदम चाल्ने उनले बताए।

उनले भने, 'राष्ट्र बैंकले निक्षेपकर्ता र ऋणी दुवैको संरक्षण होस् भन्ने उद्देश्यले स्प्रेडदर तोकेको छ। ब्याजदर स्थायित्व राख्नका लागि अन्य व्यवस्था पनि तोकेको छ। हामीले तोकेको परिधिभन्दा बाहिर गएर ब्याजदर निर्धारण गर्ने छुट कुनै बैंकलाई छैन।'

ब्याजदरमा अस्वस्थ प्रतिस्पर्धा हुनुभएन

● **डा. गुणाकर भट्ट**, प्रवक्ता, नेपाल राष्ट्र बैंक



राष्ट्र बैंकको निर्देशनको परिधिभित्र रहेर प्रतिस्पर्धी ढंगले काम गर्न ब्याजदर निर्धारण गर्न सक्छन्। ब्याजदरमा अस्वस्थ प्रतिस्पर्धा हुने विषयमा नियामकले आवश्यक कदम चाल्न सक्छ। निक्षेपकर्ता र ऋणी दुवैको संरक्षण होस् भन्ने उद्देश्यले स्प्रेडदर तोकेको छ। ब्याजदर स्थायित्व राख्न अन्य व्यवस्था पनि तोकेको छ।

ब्याजदर सन्तुलनमा ल्याउन बढायौं

● **सन्तोष कोइराला**, उपाध्यक्ष, नेपाल बैंकर्स संघ



बैंकहरूको ब्याजदर सन्तुलनमा आउन थालेको मात्रै हो। भद्र सहमति तोडिनेबित्तिकै साउनमा बैंकहरू के गर्ने भन्ने अन्योलमा थिए। कसैले बढाए, कसैले घटाए। यसले एकप्रकारको निक्षेप खोसाखोसको स्थिति बन्यो। त्यही भएर भदौमा ती बैंकहरूले आफ्नो ब्याजदरलाई सन्तुलनमा ल्याएका मात्रै हुन्।

प्रतिशत र संस्थागत मुद्दतीमा ८.८९ प्रतिशत ब्याजदर पुऱ्याएका हुन्।

त्यसबाहेक अन्य सातवटा बैंकहरूको पनि ब्याजदर एकनासको देखिन्छ। सिद्धार्थ, नेपाल एसबिआई, हिमालयन, नेपाल इनभेष्टमेन्ट मेगा, एनएमबि, राष्ट्रिय वाणिज्य बैंक र माछापुच्छ्रे बैंकको व्यक्तिगत मुद्दतीमा ब्याजदर ९.९९ प्रतिशत कायम भएको छ।

संस्थागततर्फ ब्याजदर बढाउनेमा पनि १२ वटै बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

वाणिज्य बैंक	साउन		भदौ	
	व्यक्तिगत	संस्थागत	व्यक्तिगत	संस्थागत
नेपाल बैंक	८.९९	६.९९	१०.८९६	८.८९६
कृषि विकास	९.५१	७.५१	१०.८९६	८.८९६
सानिमा	९.५२	७.५२	१०.८९६	८.८९६
कुमारी	१०.०१	७.५१	१०.८९६	८.८९६
एनआइसी एसिया	१०.९३६	८.३९६	१०.८९६	८.८९६
ग्लोबल आइएमई	९.९९	७.९९	१०.८९६	८.८९६
सिटिजन्स	९.९९	७.९९	१०.८९६	८.८९६
प्राइम	१०.९३	८.९३	१०.५	८.५
नबिल	१०.४९	८.४९	१०.४९	८.४९
लक्ष्मी सनराइज	९.९९	७.९९	१०.४	७.९९
प्रभु	९.५	७.५	१०	८
एभरेष्ट	९.५	७.५	१०	८
सिद्धार्थ	९.५	७.५	९.९९	७.९९
नेपाल एसबिआई	९.९९	७.९९	९.९९	७.९९
हिमालयन	९.९९	७.९९	९.९९	७.९९
नेपाल इनभेष्टमेन्ट मेगा	९.९९	७.९९	९.९९	७.९९
एनएमबि	१०.९३	७.९९	९.९९	७.९९
राष्ट्रिय वाणिज्य बैंक	८.९९	६.९९	९.९९	७.९९
माछापुच्छ्रे	९	७	९.९९	७.४९
स्ट्यान्डर्ड चार्टर्ड	८.९५	६.९५	८.९२	६.९२

■ १२ बैंकले बढाए व्यक्तिगत मुद्दतीको ब्याज

२० वाणिज्य बैंकमध्ये १२ वटाले व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर बढाएका छन्। अब भदौमा सातवटा वाणिज्य बैंकको ब्याजदर एउटै हुने देखिएको छ। नेपाल बैंक, कृषि विकास बैंक, सानिमा बैंक, कुमारी बैंक, एनआइसी एसिया बैंक, ग्लोबल आइएमई बैंक र सिटिजन्स बैंकको ब्याजदर एउटै भएको हो। उनीहरूले व्यक्तिगत मुद्दतीमा १०.८९ छन्। यसमा नेपाल बैंक, कृषि विकास, सानिमा, कुमारी, एनआइसी एसिया, ग्लोबल आइएमई, सिटिजन्स, प्रभु, एभरेष्ट, सिद्धार्थ, राष्ट्रिय वाणिज्य बैंक र माछापुच्छ्रे बैंक छन्। संस्थागत मुद्दतीमा माछापुच्छ्रेबाहेक अन्य ६ वटा बैंकहरूको ब्याजदर ७.९९ प्रतिशत छ। स्ट्यान्डर्ड चार्टर्ड बैंकले व्यक्तिगत मुद्दतीमा ८.९२ प्रतिशत र संस्थागत मुद्दतीमा ६.९२ प्रतिशत ब्याजदर दिने भएको छ।

सबैभन्दा बढी दरमा ब्याजदर वृद्धि गर्नेमा नेपाल बैंक छ। नेपाल बैंकले व्यक्तिगततर्फ २१.२ प्रतिशत र संस्थागततर्फ २७.२६ प्रतिशतले ब्याजदर बढाएको छ।

नेपाल एसबिआई, हिमालयन, नेपाल इनभेष्टमेन्ट मेगा र नबिलले साउनकै व्यक्तिगत र संस्थागत मुद्दतीतर्फ ब्याजदरलाई यथावत् राखेका छन्। संस्थागततर्फ भने लक्ष्मी सनराइज र एनएमबिले पनि ब्याजदरलाई यथावत् राखेको छ।

लघुवित्तको संख्या ३० सम्म झार्ने लक्ष्यमा राष्ट्र बैंक

काठमाडौं/ नेपाल राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाहरूलाई मर्जरमा जान थप प्रोत्साहन गर्दै लाभांश वितरणमा सहुलियत दिने भएको छ। राष्ट्र बैंकले बिहीबार एकीकृत निर्देशन जारी गर्दै मर्जरमा जाने लघुवित्तलाई लाभांश वितरणमा सहुलियत दिने तथा एकल ग्राहक कर्जा सीमा कायम गर्नसमेत छुट दिने नीति ल्याएको छ।

आर्थिक संकटलगायतका कारण लघुवित्त क्षेत्र जोखिममा परेपछि राष्ट्र बैंकले गत १० फागुनमा एक निर्देशन जारी गर्दै लघुवित्त संस्थाहरूलाई लाभांश बाँड्न कडाइ गरेको थियो। तर, अहिले मर्जरमा जाने लघुवित्तलाई सहुलियत दिने गरी राष्ट्र बैंकले एकीकृत निर्देशनको संशोधन गरेको हो। अब मर्जरमा जाने लघुवित्तले १५ प्रतिशतभन्दा बढी लाभांश वितरण गर्दा सामाजिक उत्तरदायित्व कोषमा थप रकम छुट्याउनुपर्दैन। एकीकृत कारोबार गरेको एक वर्षसम्म यस्तो सुविधा दिने राष्ट्र बैंकले जनाएको छ।

राष्ट्र बैंक लघुवित्त संस्था सुपरभिजन विभागका प्रमुख तथा कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले लघुवित्त संस्थाहरूलाई मर्जरमा जान प्रोत्साहन गर्ने गरी यो नीति ल्याएको बताए। 'लघुवित्त वित्तीय संस्थाको संख्या अझै पनि कम गर्न आवश्यक छ। त्यसैले लघुवित्तलाई मर्जरमा जान प्रोत्साहन गर्न यो नीति ल्याएका हौं,' उनले बताए।

राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थाको संख्या ३० वटामा सीमित गर्ने लक्ष्य लिएको छ। त्यसका लागि मर्जरलाई नै माध्यम बनाउने राष्ट्र बैंकको नीति छ।

राष्ट्र बैंकले हालसम्म कुल ९१ वटा लघुवित्तलाई लाइसेन्स दिएको छ। मर्जरमार्फत अहिले लघुवित्तको संख्या ५७ वटामा झरेको छ। यो संख्या घटाएर ३० हाराहारीमा झार्ने लक्ष्य रहेको कार्यकारी निर्देशक नेपालले बताए। लघुवित्तहरूले १५ प्रतिशतभन्दा बढी लाभांश (नगद-बोनस) वितरण गर्दा १५ प्रतिशतभन्दा माथिको लाभांशको १० प्रतिशत रकम सिएसआरमा छुट्याउनुपर्ने व्यवस्था छ। असार ०८१ भित्र एकीकृत कारोबार सुरु गर्ने लघुवित्तले एक वर्षसम्म यसमा छुट पाउनेछन्। यसभन्दा अघि मर्ज भएका लघुवित्तले पनि यो सुविधा पाउनेछन्। यद्यपि, मुनाफाको एक प्रतिशत रकम भने सिएसआरमा छुट्याउनुपर्नेछ।

पहिला २० प्रतिशतभन्दा बढी लाभांश बाँड्ने लघुवित्तले २० प्रतिशतमाथिको लाभांशको २० प्रतिशत रकम सिएसआरमा छुट्याउनुपर्ने व्यवस्था थियो। तर, पछिल्लो आर्थिक संकट, लघुवित्त संस्थाहरूको जथाभावी कर्जा लगानी, तथा नाफा कमाउने होडलगायतका कारण लघुवित्त क्षेत्रमा विभिन्न जोखिम देखिएको थियो।

दुर्गममा १२ बजेपछि उडानमा लगाइएको प्रतिबन्ध खुला

नयाँ पत्रिका

दुर्गम क्षेत्रका स्टल विमानस्थलमा दिउँसो १२ बजेपछि जहाज उडानमा लगाइएको प्रतिबन्ध हटेको छ। नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले उडानका नियमहरू कडाइका साथ पालना गर्नुपर्ने सर्तसहित दिउँसो पनि उडान गर्न खुला गरेको हो।

दुर्गम विमानस्थलहरूमा उडान आवरभन्दा अतिरिक्त समयमा गन्तव्य विमानस्थल, हवाईमार्ग र वैकल्पिक विमानस्थलमा मौसमको न्यूनतम भिजिबिलिटी कायम भएको सुनिश्चित गरी जहाजका प्रमुख चालक र डिस्प्याचरको लिखित घोषणापश्चात् मात्र उडान अनुमति प्रदान गरिने क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। स्टल विमानस्थलमा उडान गर्दा प्रत्येक उडानमा भिजुअल मौसम अवस्था र बादलको अवस्था सुनिश्चित गरेपश्चात् पाइलट इन कमान्ड (पिआइसी) पूर्ण सन्तुष्ट भए मात्रै उडान गर्न दिइने क्यानले स्पष्ट पारेको छ।

'मनसुनको समयमा दुर्घटना न्यूनीकरण गर्न दिउँसो १२ बजेपछि उडान प्रतिबन्ध गरिएको हो, तर बिहान मौसम झन् बिग्रिँदै गइरहेको छ, त्यसैले मौसम सफा हुँदा दिउँसो अतिरिक्त आवरमा पनि उडान गर्न खुला गरिएको छ,' क्यानका सूचना अधिकारी भुलले भने, 'उडानका नियम कडाइका साथ पालना गराउँदा दुर्घटना पनि कम हुने र जनताले पनि सास्ती नपाउने गरी मध्यमार्गी बाटो अपनाइएको हो।'

उडान सुरक्षा र यात्रुको सहजता हेरी मध्यमार्गी निर्णय

● **ज्ञानेन्द्र भुल**, सूचना अधिकारी, क्यान



माथिल्लो भेगमा दिउँसो हावा चल्ने हुनाले हवाई दुर्घटना न्यूनीकरण गर्नकै लागि १२ बजेपछिको उडानमा प्रतिबन्ध गरिएको हो। तर, अहिले बिहान मौसम खुलेन। त्यही भएर पनि उडान आवर 'रिभ्यु' गर्नुपर्ने वेला आएको हो कि भन्ने पनि छ। हामीले उडानका नियमहरू कडाइका साथ पालना गर्ने गरी दिउँसो १२ बजेपछि पनि स्टल उडान गर्न खुला गरेका छौं। ताकि, हवाई दुर्घटना पनि कम होस् र जनताले पनि सास्ती नपाऊन्। उडान सुरक्षा र यात्रुको सहजतालाई ध्यानमा राखेर मध्यमार्गी बाटो अपनाइएको छ।

नेपालगन्ज विमानस्थलबाट दुर्गममा उडान गर्दा सम्बन्धित वायुसेवा कम्पनीले अनिवार्य फ्लाइट अप्रेसन अफिसर (एफओओ)को व्यवस्था गर्नुपर्ने क्यानले जनाएको छ। दुर्गमका फ्लाइट अप्रेसनसम्बन्धी सम्पूर्ण काम फ्लाइट अप्रेसन अफिसरमार्फत गर्नुपर्नेछ। फ्लाइट डिस्प्याचरले उडान गर्नुभन्दा पहिला गन्तव्य, इनरुट, वैकल्पिक विमानस्थलको मौसमलगायत बुझेर पाइलटलाई ब्रिफिङ गर्नुपर्छ। 'जोखिम मोलेर बादलभित्र जहाज लैजान दिइँदैन, डिस्प्याचर र पाइलटले मौसमको सम्पूर्ण जानकारी लिएर आफू निश्चित भएपछि मात्र उडान गर्न पाउनेछन्,' भुलले भने, 'उडान गर्न मौसम सफा हुनुपर्छ, उडान सुरक्षाका नियम कडाइका साथ पालना गर्नुपर्छ।' बिहान मौसम खुलेमा बिहानै स्टल उडान हुनेछन्। अब मौसमकै कारण बिहान उडान हुन सकेन भने सफा भएमा दिउँसो पनि उडान गर्न सकिने भयो। त्यस्तै, वायुसेवा कम्पनीले चार्टर्ड फ्लाइट पनि अनुमति लिएर गर्न पाउने भएका छन्।

पहाडी क्षेत्रका साथै देशभरका स्टल विमानस्थलहरूको सञ्चालन समय पुनरावलोकन गर्ने तथा 'इनरुट वेदर'को उपलब्धताबारे अध्ययन गर्न क्यानका उपमहानिर्देशकको संयोजकत्वमा एक उच्चस्तरीय समिति गठन गरेको भुलले बताए। 'अहिले बिहान मौसम झन् बिग्रिँदै गइरहेको छ, समितिले स्टल उडान बिहान सञ्चालन गर्न उपयुक्त कि दिउँसो भनेर अध्ययन गर्नेछ,' उनले भने, 'दिउँसो हावा बढी चल्ने हुँदा उच्च भेगका दुर्गम विमानस्थलमा बिहान उडान राखेका थियौं, अब यो रिभ्यु गर्नुपर्ने हो कि भन्ने छ।' क्यानले मनसुनमा दुर्गम क्षेत्रमा दिउँसो उडान गर्न प्रतिबन्ध लगाएपछि कर्णाली पर्यटन उद्यमी, सांसददेखि स्थानीय जनता रुष्ट भएका छन्। कर्णाली पर्यटन उद्यमी समाजले मौसम सफा हुँदा दिउँसो पनि उडान खुला गर्न माग गर्दै काठमाडौंमा प्रधानमन्त्री पुष्पकमल दाहाल, पर्यटनमन्त्री सुदन किराँती, क्यानका महानिर्देशक प्रदीप अधिकारीलगायतसँग भेटेर लबिङ गरेका थिए।

हुम्लामा हवाई सेवा अनियमित भएको भन्दै सर्वोच्चमा रिट, ३ भदौमा सुनुवाइ

काठमाडौं/ हुम्लामा हवाई सेवा अनियमित भएको र हवाई सेवा शुल्कसमेत तुलनात्मक रूपले महँगो भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर भएको छ। बिहीबार दायर रिटको सुनुवाइ ३ भदौका लागि तोकिएको छ। रिट हुम्ला स्थायी ठेगाना भएका अधिवक्ता रामबहादुर शाहीले गराएका हुन्।

कर्णाली प्रदेशमा सिन्डिकेटमा हवाई यातायात चल्ने र उडान अनियमित भइरहँदा त्यहाँका बासिन्दाले अकालमै ज्यान गुमाउनुपरेका घटनासमेत रहेको भन्दै रिट दर्ता भएको हो। रिटमा नागरिक उड्डयन प्राधिकरण, कर्णाली प्रदेश सरकार, मुख्यमन्त्री, नेपाल सरकार, कान

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

प्रधान कार्यालय, बुटवल –१०, कालिकानगर, रुपन्देही
फोनः ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ फ्याक्सः ०७१-४३८९५४

लेखापरीक्षण नभएको वित्तीय विवरण
आर्थिक वर्ष २०७९/८० (चौथो त्रयमास)

रकम रु. हजारमा

क्र.स.	विवरण	मिति		
		लेखापरीक्षण नभएको २०८० असार मसान्त	लेखापरीक्षण नभएको २०७९ चैत मसान्त	लेखापरीक्षण भएको २०७९ असार मसान्त
१.	**कुल पुँजी तथा दायित्व (१.१ देखि १.७ सम्म)**	**15,032,647**	**15,423,868**	**16,061,051**
१.१	चुक्ता पुँजी	982,500	982,500	982,500
१.२	जगेडा तथा कोषहरु	1,059,878	1,334,897	1,046,335
१.३	ऋणपत्र तथा बण्डहरु	-	-	-
१.४	सापटी	5,343,887	5,705,119	6,642,105
१.५	निक्षेपहरु (क+ख)	3,747,708	3,756,303	3,921,843
	क) सदस्य	3,747,708	3,756,303	3,921,843
	ख) सर्वसाधारण	-	-	-
१.६	आयकर दायित्व	29,556	25,289	224,814
१.७	अन्य दायित्व	3,869,118	3,619,760	3,243,454
२	**कुल सम्पत्ति (२.१ देखि २.७ सम्म)**	**15,032,647**	**15,423,868**	**16,061,051**
२.१	नगद तथा बैंक मौज्दात	301,730	375,705	508,333
२.२	माग तथा अल्प सुचनामा प्राप्त हुने रकम	-	-	-
२.३	लगानी	2,025	2,025	2,025
२.४	कर्जा तथा सापट	12,619,575	12,717,603	13,677,844
२.५	स्थिर सम्पति	33,586	29,766	25,908
२.६	गैर बैंकिङ्ग सम्पति	-	-	-
२.७	अन्य सम्पतिहरु	2,075,731	2,298,769	1,846,941
३	**नाफा नोक्सान हिसाब**			
३.१	ब्याज आम्दानी	2,189,150	1,372,893	2,092,502
३.२	ब्याज खर्च	949,265	699,721	827,317
	क. खुद ब्याज आम्दानी (३.१-३.२)	**1,239,885**	**673,172**	**1,265,185**
३.३	कमीशन तथा अन्य सञ्चालन आम्दानी	123,284	92,084	154,491
३.४	सटही घटबढ आम्दानी/नोक्सन (खुद)	-	-	-
	ख. कुल संचालन आम्दानी (क+३.३+३.४)	**1,363,169**	**765,256**	**1,419,676**
३.५	कर्मचारी खर्च	711,814	467,748	875,919
३.६	अन्य संचालन खर्च	145,063	90,492	110,914
	ग. सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा (ख-३.५-३.६)	**506,292**	**207,016**	**432,843**
३.७	सम्भावित नोक्सानी व्यवस्थाहरु	402,658	118,284	249,462
	घ. सञ्चालन मुनाफा (ग-३.७)	**103,634**	**88,732**	**183,381**
३.८	गैर सञ्चालन आम्दानी/नोक्सान (खुद)			40
३.९	सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता			
	ङ. नियमित कारोवारहरुबाट भएको मुनाफा/(खर्च) (घ+३.८+३.९)	**103,634**	**88,732**	**183,421**
३.१०	असामान्य कारोवारहरुबाट भएको आम्दानी/नोक्सान (खुद)	32		24
	च. बोनस तथा कर अघिको मुनाफा (३.१०)	**103,666**	**88,732**	**183,445**
३.११	कर्मचारी बोनस व्यवस्था	5,183	4,437	8,992
३.१२	आयकर व्यवस्था	29,556	25,289	115,654
	छ. खुद नाफा/(नोक्सान) (च-३.११-३.१२)	**68,927**	**59,006**	**58,799**
४	**अनुपातहरु (%)**			
४.१	पुँजीकोष/जोखिम भारित रकम	9.07%	12.43%	8.00%
४.२	निष्क्रय कर्जा/कुल कर्जा	9.95%	7.94%	4.48%
४.३	कुल कर्जा बापत जोखिम व्यवस्था/ कुल निष्क्रय कर्जा	122.24%	103.22%	178.76%
४.४	Cost of Fund (वित्तीय लागत)	11.36%	10.70%	8.73%
४.५	Deposit to Credit Ratio (निक्षेपर कर्जा अनुपात)	29.70%	29.54%	28.67%
४.६	Base Rate (आधार ब्याजदर)	16.02%	15.04%	12.76%
४.७	Interest Rate Spread (ब्याजदर अन्तर)	3.62%	4.25%	5.76%

१. सुपरीवेक्षण गर्ने निकाय तथा वाह्य लेखापरीक्षकले माथिको अपरिष्कृत वित्तीय विवरणमा थप घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ । विगत अवधिको रकमहरुलाई आवश्यकता अनुसार पुर्नसमूहकरण तथा पुर्नवर्गिकरण गरिएको छ ।

ब्याजदर

१. वचतमा ७.५–९.५ प्रतिशत, २. कर्जामा १५.०० प्रतिशत

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

१. प्रमुख वित्तीय विवरणः

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक): रू. ७.०२	मूल्य आम्दानी अनुपात : ८३.०५	प्रति शेयर नेटवर्थ : रू. २०७.८८
प्रति शेयर कूल सम्पत्ति रू. १,५३०.०४	तरलता अनुपात : ३.३२	पुँजीकोष अनुपात : ९.०७ प्रतिशत

२.व्यवस्थापकीय विश्लेषण :

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः** समीक्षा अवधिमा संस्थाको सदस्य संख्या, लगानीमा रहेको कर्जा, बचत कारोवार, संस्थाको मौज्दात, आम्दानी र तरलतामा परिवर्तन भएको छ । वित्तीय बजारमा लगानीयोग्य रकमको अभावको कारण तथा बढ्दो ऋणसापटको ब्याजदरले ब्याज खर्चमा वृद्धि भएको छ भने कर्जा प्रवाहमा संकुचन तथा वाह्य प्रभावले ब्याज आयमा कमी हुन गएको छ । तसर्थ गत आ.व. को सोही अवधिको तुलनामा समीक्षा अवधिमा सञ्चालन मुनाफामा कमी आएको छ । समीक्षा अवधिमा कर्जा, बचत तथा मुनाफाको स्थिती सम्बन्धमा वित्तीय विवरणले प्रष्ट पारेको छ ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः** राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको यस संस्थाले लघुवित्त सेवाको पहुँच नेपाल अधिराज्यभरका सबै स्थानिय तहमा पुऱ्याउने लक्ष्यको साथ कार्य गरिरहेको छ । यस संस्थाको कार्यक्रम पुग्न बाँकी रहेका जिल्लाहरुमा कार्यक्रम विस्तारको लागि नयाँ अवसरको पहिचान सहित योजनाबद्ध रुपमा संस्थाको कार्ययोजना अनुसार कार्यक्रम सञ्चालन भइरहेको छ । आगामी दिनमा संस्थाले प्रदान गर्ने सेवालाई ग्राहक सदस्यहरुको चाहना र आवश्यकता अनुसार भौगोलिक उपयुक्तताको आधारमा समय सापेक्ष अझ परिष्कृत गर्दै लैजान र कार्यक्रम विस्तारमा व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

ग) **बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः** वर्तमान परिस्थितिमा सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरुले लघुवित्त वित्तीय संस्थाहरुलाई प्रवाह गर्ने थोक कर्जा सापट रकमको ब्याजदर वृद्धिले समीक्षा अवधिमा संस्थाको कोषको लागतमा वृद्धि भएको छ । लघुवित्त संस्थाहरु बीच अस्वस्थ प्रतिस्पर्धा, दोहोरोपना र बहुबैकिङ आदिले गर्दा कर्जाको गुणस्तर खस्कीन गई कार्यक्रमको गुणस्तरमा दिनानुदिन ह्रास आउने कारणले जोखिमको सम्भावना उच्च रहेको छ । साथै, विभिन्न वाह्य समस्याहरुले कर्जा असुलीमा समस्या लगायतका कारणले संस्थाको मुनाफामा गिरावट आएको छ । मुलकमा श्रृजना हुने विभिन्न किसिमका राजनैतिक, आर्थिक, प्राकृतिक घटना परिघटनाले यस संस्थामा केही असर परेको छ । बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरुको आम्दानीमा कमी आएको कारणले गर्दा कर्जाको साँवा र व्याज नियमित असुलीमा समस्या उत्पन्न भएको छ । यसैगरी नेपाल अधिराज्यमा चलिरहेको लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नतिर्ने प्रवृत्तिले समेत ग्राहक सदस्यहरु त्यस्तो अभियानमा आवद्ध भई कर्जाको किस्ता र व्याज नियमित भुक्तानी गर्न आलटाल गरिरहेको अवस्था रहेकोले नियमित कर्जा असुलीमा समस्या उत्पन्न भएको छ । संस्थाको कर्जा तथा बचत कारोवारमा नियमितता ल्याई कर्जाको गुणस्तर कायम राख्न व्यवस्थापन क्रियाशील रहेको छ ।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

क) गत त्रैमासिक अवधिमा संस्थाबाट अवकाश प्राप्त कर्मचारीहरुले पाउने उपदान रकममा कट्टी गरिएको कर रकमको कारण निजहरुले संस्थालाई प्रतिवादी बनाई मुद्दा दायर गरेको जानकारी प्राप्त भएको छ ।

ख) संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी आदि अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको कुनै जानकारी प्राप्त भएको छैन ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

क) यस संस्थाका शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकृत भई कारोवार भइरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ । प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी संस्थाले समयमै उपलब्ध गराएको छ ।

ख) नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार गत त्रैमासिक अवधि मिति २०८०।०१।०१ देखि २०८०।०३।३१ सम्म यस संस्थाको शेयरको कारोवार देहाय वमोजिम रहेको छ :

शेयरको अधिकतम मूल्यः रू ६३६.९०	शेयरको न्यूनतम मूल्यः रू.४३५.००	शेयरको अन्तिम मूल्यः रू.५८३
कारोवार भएको कुल दिनः ६२ दिन	कारोवार भएको कुल शेयर संख्याः ३,०८,४१५	कारोबार संख्या : ४,२७८

५) समस्या तथा चुनौती :

समस्याः

(क) तरलतामा अत्याधिक चापको कारण बैंकिङ क्षेत्रमा तरलता समस्या अत्याधिक गहिरिदै जानु ।
(ख) वित्तीय श्रोतको अभाव र अनिश्चितता ।
(ग) ऋण सापटको स्थिर व्याजदरको अभाव र व्याजदर वृद्धि हुँदै गइरहेको ।
(घ) कोभिड–१९ संक्रमण जोखिमले प्रभावित ग्राहक सदस्यहरुको परियोजनाहरु कोभिड अधिकै अवस्थामा सञ्चालन हुन नसकेकोले किस्ता भुक्तानीमा कठीनाई ।
(ङ) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धा ।
(च) लघुवित्त संस्था विरुद्ध हाल विभिन्न आन्दोलन/गतिविधिले लघुवित्त वित्तीय संस्थाहरुको कर्जा नतिर्ने प्रवृत्ति र केन्द्र बैठक सञ्चालनमा अवरोध सृजना अवस्थाले संस्थाहरुको दिर्घकालिन स्थायित्वमा समेत समस्या देखिनु ।
(छ) लघुवित्त वित्तीय संस्थाहरु बीच अस्वस्थ्य प्रतिस्पर्धाले कर्जा लगानीमा दोहोरोपना तथा (बहुबैकिङ) हुनु ।
(ज) कर्जाको ब्याजदर स्थिर रहेको तर कोषको लागतमा अत्याधिक वृद्धि हुँदै गएको ।
(झ) वित्तीय बजारमा देखिएको तरलता अभावको कारण ग्राहक सदस्यहरुको आम्दानीमा कमी आई कर्जाको साँवा र व्याज नियमित असुलीमा समस्या उत्पन्न हुनु ।
(ञ) एक ग्राहकले एक लघुवित्त वित्तीय संस्थामा मात्र आवद्ध हुनुपर्ने व्यवस्था कार्यान्वयनमा चुनौती ।

रणनीतिः

(क) श्रोतको उचित व्यवस्थापन एवम् सुरक्षित लगानीलाई उच्च प्राथमिकता दिई संस्थाका काम कारवाहीलाई थप चुस्त दुरुस्त बनाई प्रतिस्पर्धात्मक ढंगले कार्य अघि बढ्दाइएको ।
(ख) खर्चमा मितव्ययिता अपनाइएको छ ।
(ग) कारोवारलाई पूर्णरुपमा यान्त्रीकीकरण गरी सुरक्षित बनाउदै लैजाने कार्य अन्तिम चरणमा पुराएको ।
(घ) कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिमहरु सञ्चालन गर्ने गरेको ।
(ङ) दक्ष र प्रविधिमैत्री जनशक्ती भर्ना गर्दै जाने नीति रहेको ।
(च) कर्जा असुलीमा विशेष जोड दिई कर्जाको गुणस्तर कायम गर्न क्रियाशील रहेको ।
(छ) आन्तरिक श्रोत परिचालन वृद्धि गर्न सदस्यहरुबाट नियमितरुपमा बचत संकलन गर्ने नीति अवलम्वन गरिएको ।
(ज) वर्तमान समयमा देखिएको वाह्य गतिविधिहरुबाट उत्पन्न हुन सक्ने आर्थिक तथा भौतिक क्षतिहरु कम हुने गरी कारोबारलाई सुरक्षित बनाउने तर्फ सजगता अपनाइएको छ ।
(झ) ग्राहक/ऋणी सदस्य वृद्धि गरी र संस्थाको व्यवसाय वृद्धि गर्दै जैजाने ।

६) संस्थागत सुशासन :

संस्थागत सुशासन कायम गर्न संस्थाको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व व्यवस्थापन समिति लगायत विभिन्न आन्तरिक समितिहरु क्रियाशील रहेका र सम्पादन गरिएका कार्यहरुको मूल्याङन गर्ने र सोको आधारमा उपयुक्त रणनीति अवलम्वन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । नेपाल राष्ट्र बैंकबाट लघुवित्त संस्थाहरुलाई जारी भएका निर्देशनहरुको साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायत अन्य सम्बन्धित ऐन र कानूनको अनुपालना गरिएको साथै समायानुकुल संस्थाको कार्यक्रमलाई सुदृढ बनाउन आवश्यक नीति नियम तथा कार्यविधि बनाई लागु गरिएको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई शुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तालाई अध्यक्ष ढकालको आग्रह

नयाँ पत्रिका

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्राकृतिक स्रोत-साधन, दक्ष जनशक्ति, चीन र भारतसँगको सहज बजार पहुँचलाई उपयोग गर्न लगानीकर्तालाई आग्रह गरेका छन् । चीन साउथ एसिया बिजनेस फोरमको तर्फबाट युनान प्रान्तको कुनमिङमा आयोजित 'चाइना (युनान) नेपाल इन्डस्ट्रियलको अपरेसन प्रमोसन एन्ड इन्टरप्राइजेज म्याच मेकिङ बैठक'लाई सम्बोधन गर्दै अध्यक्ष ढकालले, प्राकृतिक स्रोत-साधन, दक्ष जनशक्ति, बजार पहुँच र चीन तथा भारतसँग भएका सहुलियतपूर्ण व्यापार सम्झौताले नेपाल लगानी गन्तव्यका रूपमा विकसित भइरहेको बताएका हुन् ।



अध्यक्ष ढकालले युनान र नेपालको मिल्दोजुल्दो भौगोलिक अवस्था र जलस्रोतले भरिपूर्ण रमणीय स्थलहरूलगायतका समान विशेषताका कारण पनि चिनियाँ लगानीकर्ताका लागि नेपालमा लगानी गर्न सहज हुने उल्लेख गरे । उनले कुनमिङ र पोखराबीचको भगिनी सहर सम्बन्ध रहेको उल्लेख गर्दै सांस्कृतिक आदान-प्रदान, पर्यटन र अनुसन्धान तथा विकास सहकार्यलाई प्रवर्द्धन गर्ने यो सम्बन्धलाई उपयोग गर्नुपर्ने बताए ।

चिनियाँ 'ड्रागन बोट फेस्टिभल'मा सिचुआन एयरलाइन्सको हालै पोखराको पहिलो उडानले नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको ढकालको भनाइ थियो । ऊर्जा, पर्यटन पूर्वाधार, यातायात, व्यापार सहजीकरण, सानो तथा मझौला उद्योग, आइसिटी र कृषिजस्ता विविध क्षेत्रहरूमा नेपालमा थप लगानीका आकर्षक अवसर रहेको उनले चिनियाँ लगानीकर्तालाई जानकारी गराएको सचिवालयले जनाएको छ ।

नेपालमा सञ्चालित बहुराष्ट्रिय कम्पनीहरूले निरन्तर नाफा कमाएको उल्लेख गर्दै भारत, इयु र अन्य विकसित बजारमा नेपालले पाएको सहुलियतपूर्ण व्यापारिक पहुँचलाई लगानीकर्ताले उपयोग गर्न सक्ने उनले उल्लेख गरे ।अध्यक्ष ढकालले युनान र नेपालबीचको आर्थिक सम्बन्ध थप सुदृढ गर्दै व्यापार र अन्तरसरकारी सम्पर्कलाई थप विस्तार गर्न पनि आह्वान गरे ।

यसले लगानी, पर्यटन, व्यापार र औद्योगिक साझेदारीमा थप अभिवृद्धि हुने उनले विश्वास व्यक्त गरे । चाइना साउथ एसिया एक्स्पोमा नेपाल कन्ट्री प्याभिलियनमा नेपालको जीवन्त संस्कृति र लगानीको सम्भावना पहिचान गर्न सबै सहभागीलाई उनले आमन्त्रणसमेत गरेका थिए । कार्यक्रममा चीन, नेपाल र दक्षिण एसियाली देशका विशिष्ट नेताहरू, सरकारी अधिकारीहरू, व्यवसायीहरू र सञ्चारकर्मीहरूको सहभागिता रहेको जनाइएको छ ।

■ इन्डोनेसियाको स्वतन्त्रता दिवसमा भन्डोत्तोलन

काठमाडौं/ गणतन्त्र इन्डोनेसियाको ७८औं स्वतन्त्रता दिवसको अवसरमा नेपालका लागि इन्डोनेसियाका अवैतनिक वाणिज्यदूत चन्द्रप्रसाद ढकालले भन्डोत्तोलन गरेका छन् । अवैतनिक वाणिज्यदूतको कार्यालय पानीपोखरीको आइएमई कम्प्लेक्समा विशेष समारोहबीच ढकालले भन्डोत्तोलन गरेका हुन् ।

उक्त अवसरमा दिएको शुभकामना सन्देशमा ढकालले नेपाल र गणतन्त्र इन्डोनेसियाबीच सुमधुर सम्बन्ध रहेको र आगामी दिनमा यसलाई जनस्तरसम्म पुऱ्याउन आफूले प्रयास गरिरहेको बताएका थिए । उनले दुई देशबीचको आपसी व्यापार तथा अनुभव आदान-प्रदानले दुवै देशका जनता तथा सरकारले फाइदा लिन सक्ने प्रशस्त सम्भावना रहेकाले यो सम्बन्धलाई आगामी दिनमा अझ प्रगाढ र मजबुत बनाउनुपर्ने कुरामा जोड दिए ।

नेपाल र गणतन्त्र इन्डोनेसियाबीच सन् १९६० मा औपचारिक कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । नेपालका लागि इन्डोनेसियाको राजदूतको आवासीय कार्यालय बंगलादेशको राजधानी ढाकामा रहेको छ । नेपाल र इन्डोनेसियाबीचको पर्यटनलगायत आयात-निर्यात व्यापारका क्षेत्रमा थुप्रै सम्भावना रहेको वाणिज्यदूतको कार्यालयले जनाएको छ । कार्यक्रममा नेपालमा बसोवास गर्दै आइरहेका इन्डोनेसियाली मूलका नागरिक, वाणिज्यदूत कार्यालय तथा आइएमई ग्रुपमा कार्यरत कर्मचारीहरूको उपस्थिति रहेको जनाइएको छ ।

फक्ताङलुङ गाउँपालिकामा कृषि अनुसन्धान केन्द्र स्थापना

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकाले कृषि तथा पशुपक्षी अनुसन्धान केन्द्र स्थापना गरेको छ । परम्परागत कृषि उत्पादनबाट आधुनिक कृषि उत्पादनतर्फ पालिकावासीलाई उन्मुख गराउँदै जीविकोपार्जन गर्ने गतिलो माध्यम बनाउने लक्ष्यसहित गाउँपालिकाले केन्द्रको स्थापना गरेको हो । गाउँपालिकाका अध्यक्ष राजन लिम्बू (मुक्ति)ले रासायनिक मल तथा विषादीको प्रयोगले माटोको उर्वर शक्ति दिनानुदिन ह्रास हुनुका साथै उत्पादकत्व बढाउन अत्यधिक रासायनिक मलको प्रयोग गर्नुपर्ने अवस्था सिर्जना भएको बताए । यसले नागरिकको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न गरेको भन्दै प्राकृतिक वस्तुहरूको उपयोग गर्दै जैविक मल तथा प्राङ्गारिक मलको विकास गर्दै रासायनिक मललाई विस्थापित गर्ने लक्ष्यसमेत लिएर अनुसन्धान केन्द्रको स्थापना गरेको उनको भनाइ छ ।

गाउँपालिकाका प्रशासकीय अधिकृत नवीन तेम्बेले नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै पाँच वर्षभित्र अर्गानिक गाउँपालिका घोषणा गर्दै समग्र नागरिकको आर्थिक उन्नति-प्रगति गर्ने उद्देश्य रहेको बताए । नागरिकको क्रयशक्ति बढाउनुका साथै आय-आर्जनको पाटोलाई सुव्यवस्थित गर्न पालिकाले जग्गा लिजमा लिएर अनुसन्धान केन्द्रको स्थापन गरी काम सुरु गरेको हो । आय-आर्जन बढाउन अहिले कृषि तथा पशु व्यवसायबाट नागरिकलाई स्वास्थ्यकर आहारा साथै आर्थिक स्थितिमा सुधार ल्याउन अनुसन्धान साथै उत्पादनका लागि नमुनाका रूपमा कृषि तथा पशुपक्षी अनुसन्धान केन्द्रका रूपमा स्थापना गरिएको अध्यक्ष लिम्बूको भनाइ छ ।

अनुसन्धानका लागि सेवालुङ माध्यमिक विद्यालयको स्वामित्वमा रहेको वडा नम्बर ५ छिरुवाको १० रोपनी जग्गा लिजमा लिएर विभिन्न किसिमका पशुपक्षी तथा तरकारी खेती सुरु गरिएको छ । करिब ३० लाख रुपैयाँको लगानीमा उन्नत जातका गाई


कृषि अनुसन्धान केन्द्रका लागि बनिँदै गरेको भवन

तीनवटा, बाच्छो एउटा, मिक्स बोयर जातका बाख्रा ११ वटा र बोका एउटा, उन्नत जातका बंगुर पाँचवटा, अर्गानिक तरकारीका लागि १५ वटा टनेलमा विभिन्न कासिमका तरकारी उत्पादन गर्न सुरु गरेको अध्यक्ष लिम्बूले बताए । अहिले कृषि केन्द्रमा तीनजना कर्मचारी रहेको तथा प्रविधिक तथा आर्थिक सहयोग भने गाउँपालिका र हिमालयन एग्रोइको प्रालि इलामको प्राविधिक सहयोग रहेको छ ।

अध्यक्ष लिम्बूले छुट्टै भवन निर्माण गरी जैविक झोल मल तथा दुसिमल उत्पादन भइरहेको र चाँडै नै गड्यौला पालन गरी प्रांगारिक मल उत्पादन गर्ने तयारीसमेत रहेको बताए । आगामी दिनमा प्रत्येक वडाहरूमा मिनी अनुसन्धान केन्द्र स्थापना गरी वडाहरूमा सहकारी मोडेलमा सम्भावित कृषि उत्पादन गराउने योजना लिएको उनको भनाइ छ । सो क्षेत्रबाट कृषकहरूले उत्पादन गरेको कृषिउपजलाई गाउँपालिकाले खरिद गर्नेसमेत योजना रहेको छ ।

कार्यकारी अधिकृत तेम्बेले स्थानीय सरकारले उत्पादन क्षेत्रलाई हेरेर वडा नम्बर ३ सिवा बजार र पालिका केन्द्र रहेको तापेथोकमा संकलन केन्द्रहरू स्थापना गर्ने बताए । यी ठाउँहरूमा चिस्यान केन्द्रसमेत स्थापना गरिने उनको भनाइ छ । पालिकामा उत्पादन भएका वस्तुहरू नजिकको केन्द्रमा संकलन गरी कृषिजन्य वस्तु प्रशोधन, रूपान्तरण गरी वितरणका लागि आफ्नै ब्रान्डिङ गरेर बजारमा लाने अध्यक्ष लिम्बूको भनाइ छ ।

एनआइसी एसिया क्यापिटलको ४६ प्रतिशत लाभांश पारित

काठमाडौं/ एनआइसी एसिया क्यापिटल लिमिटेडले चुक्ता पुँजीको ४६ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित भएको छ । क्यापिटलको सातौं वार्षिक साधारणसभाले करसहित कुल नौ करोड २० लाख रुपैयाँ नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

साधारणसभाले सामान्य प्रस्तावअन्तर्गत आव ०७९/८० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथै ०८० असार मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरणलगायत वार्षिक वित्तीय विवरणउपर छलफल गरी पारित गरेको जनाइएको छ । सभामा क्यापिटलका अध्यक्ष सन्तोषकुमार राठीले क्यापिटलले आव ०७९/८० मा १० करोड ४२ लाख रुपैयाँभन्दा बढी खुद मुनाफा आर्जन गरी प्रतिसेयर आम्दानी ५२ रुपैयाँ ११ पैसा कायम गरी सञ्चालनमा रहेका मर्चेन्ट बैंकहरूमध्ये खुद मुनाफा तथा प्रतिसेयर आम्दानीका आधारमा पहिलो स्थान हासिल गर्न सफल भएको बताए । क्यापिटल स्थापना भएको ६ वर्ष चार महिनाको छोटो अवधिमै हाल सञ्चालनमा रहेका २५ वटा मर्चेन्ट बैंकहरूमध्ये निक्षेप सदस्य सेवाअन्तर्गत ६ लाख ६७ हजार डिम्याट खाता खोली पहिलो स्थान ओगट्न सफल भएको जनाइएको छ ।

म्युचुअल फन्ड सेवाअन्तर्गत एउटा खुलामुखी योजनासहित पाँचवटा योजना सञ्चालन गरी म्युचुअल



फन्डको संख्या तथा व्यवस्थापन गरेको रकमका आधारमा तेस्रो स्थानमा रहेको अध्यक्ष राठीले जानकारी गराएका थिए । त्यस्तै, लगानी व्यवस्थापन सेवाअन्तर्गत ६ सय ६५ जना ग्राहकबाट एक अर्ब ८१ करोड रुपैयाँभन्दा बढी रकम संकलन गरी तेस्रो स्थान हासिल गर्न सफल भएको उनले बताए । साथै, क्यापिटलले सञ्चालनमा आएको ६ वर्ष चार महिनाको अवधिमै सेयरधनीलाई एक सय ८७ प्रतिशत रिटर्न वितरण गर्न सफल भएको उल्लेख गरे ।

गरिमा विकास बैंकको निश्चित ब्याजदरमा नयाँ कर्जा योजना

काठमाडौं/ गरिमा विकास बैंक लिमिटेडले ११ दशमलव ९९ प्रतिशत ब्याजदरमा गरिमा सरल घरकर्जा र गरिमा सरल एसएमई आवधिक कर्जा सार्वजनिक गरेको छ । बैंकले हरेक नेपालीको 'आफ्नै घर, आफ्नै व्यवसाय'को सपनालाई साकार पार्ने उद्देश्यसहित नयाँ कर्जा योजना ल्याएको हो ।

कर्जासम्बन्धी सम्पूर्ण कागजात पेस गरेको दुई कार्यदिनभित्र स्वीकृत हुने गरिमा सरल घरकर्जा र गरिमा सरल एसएमई कर्जाको ब्याज सात वर्षसम्म परिवर्तन नहुने बैंकले जनाएको छ । निश्चित तथा आकर्षक ब्याजदरमा घर खरिद वा निर्माण गर्नका लागि बैंकको कुनै पनि शाखामा सम्पर्क गर्न सकिने जनाइएको छ । हाल बैंकले देशभरमा एक सय २१ शाखा, ५० एटिएम र डिजिटल बैंकिङमार्फत ग्राहकलाई अत्याधुनिक र गुणस्तरीय सेवा प्रदान गर्दै आएको जनाएको छ ।

सिटिजन्स बैंक र हार्ड रक क्याफेबीच समझदारी

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र दरबारमार्गको शेर्पा मलमा रहेको हार्ड रक क्याफेबीच बैंकका ग्राहकलाई विशेष छुट दिने समझदारी भएको छ ।

समझदारीअनुसार सिटिजन्स बैंकका कार्डवाहक ग्राहकले हार्ड रक क्याफेमा १५ प्रतिशतसम्मको आकर्षक छुट पाउने जनाइएको छ । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने बैंकले विश्वास व्यक्त गरेको छ ।

हाल बैंकले देशभमा एक सय ८८ शाखा, एक सय ४७ एटिएम, तीन विस्तार काउन्टर र ९७ वटा शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिँदै आएको जनाएको छ ।

GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL

तपसिलका ऋणीलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८०/०५/०१

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा ब्याज लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीलाई पटक पटक लिखित, मौखिक तथा घर ठेगानामा समेत आई तरतावेकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी बस्ने समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र तपाईले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्

सिंहदरबारमा...

पृष्ठ १ बाट क्रमशः

आफू मितव्ययी रहेको देखाउन पछिल्ला वर्षहरूमा हरेकजसो सरकारले मितव्ययिता नीति जारी गर्नेदेखि बजेटमा व्यवस्था गरेर फजुल खर्च नियन्त्रण गर्ने घोषणा गर्दै आएका छन् । तर, प्रवृत्ति ठीक उल्टो देखिन्छ । बजेट खर्च देखाउन र कमिसनका लागि मन्त्रालयहरूले बर्सेनि महँगा गाडी खरिद गर्दै आएका छन् । आवश्यकता यकिन नगरी खरिद गरिएका गाडीको उस्तै दुरुपयोग हुने गरेका छन् । कानुनअनुसार सहसचिव तथा सरह र त्यसमाथिका कर्मचारी तथा पदाधिकारीले गाडी सुविधा पाउँछन् । तर, शक्ति र पहुँचका आधारमा कतिपय शाखा अधिकृतसम्मले गाडी सुविधा लिइरहेका छन् ।

आयोग सदस्य वाग्लेले सरकारी निकायले गाडी खरिद गर्ने सम्बन्धमा स्पष्ट नीति नै नभएको र यसको बेथिति नियन्त्रण गर्ने काम पनि नभएको बताए । 'सुविधा पाउने कर्मचारीभन्दा धेरै गाडी सिंहदरबारभित्रै छन् । गाडी खरिद गर्ने सम्बन्धमा सरकारी निकायको कुनै स्पष्ट नीति नै भएन । यसको बेथिति नियन्त्रण गर्ने काम पनि भएको छैन,' उनले भने, 'सवारी सुविधा पाउने पदाधिकारी तोकेर इन्धनको सट्टा पैसा दिने गर्नुपर्छ । त्यस्तै, कोही सहसचिव सस्तो गाडी चढ्छन्, कोही अत्यधिक महँगो र ब्रान्डेड चढ्छन् । अब पदअनुसार गाडीको पनि मापदण्ड र वर्गीकरण गर्नुपर्ने देखिएको छ । प्रत्येक गाडी सेतो नम्बर प्लेटमा हुनुपर्छ । कानुनले दिएकाबाहेक उपसचिव, शाखा अधिकृतले सार्वजनिक सवारी चढ्ने हो भने सार्वजनिक सवारीको यो अव्यवस्था पनि सुधिन्छ । सार्वजनिक सवारीका समस्या भेले भने उनीहरू यसको समाधानतिर पनि लाग्छन् ।'

सरकारको म्यान्डेटअनुसार आयोगले सबै मन्त्रालयसँग सवारीसाधनको सुविधा पाउने कर्मचारी र गाडीको संख्या माग गरेको थियो । तर, ६ बाहेक मन्त्रालयले विवरण नै दिएनन् । '६ मन्त्रालयको मात्रै विवरण प्राप्त भयो । ती मन्त्रालयमा रहेका सवारीसाधनको संख्यात्मक विश्लेषण गर्दा हरेक मन्त्रालयमा सुविधा पाउने कर्मचारीको संख्याभन्दा औसतमा करिब चार गुणासम्म बढी सवारीसाधन रहेको देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'यसले एकातर्फ सवारीसाधनको इन्धन र मर्मतसम्भारबापतको खर्च बढी हुन जाने हुन्छ भने अर्कोतर्फ सवारीसाधनको दुरुपयोगको सम्भावना पनि बढाउँछ । सवारीसाधनमा भएको फजुल खर्च र बेथिति निर्ममतापूर्वक रोक्नैपर्छ ।'

६ भदौ ०७९ को मन्त्रिपरिषद्को निर्णयअनुसार गठित आयोगले गत फागुनमा नै सरकारलाई प्रतिवेदन बुझाइसकेको छ । तर, हालसम्म पनि प्रतिवेदन सार्वजनिक गरिएको छैन । पूर्वमुख्यसचिव लीलामणि पौड्यालको संयोजकत्वमा गठित समितिमा पूर्वसचिव विमल वाग्ले र नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक (सिए) शिवनाथ पाण्डे सदस्य थिए ।

चालक पनि अस्वाभाविक

सुविधा पाउने कर्मचारीको तुलनामा गाडी संख्या धेरै देखिएका मन्त्रालयमा चालक संख्या पनि बढी छ । रक्षा र गृह मन्त्रालयबाहेक सवारीसाधन सुविधा पाउने कर्मचारीभन्दा चालकको संख्या धेरै देखिन्छ । अर्थ मन्त्रालयमा गाडीको सबैभन्दा धेरै चालक छन्, जहाँ सुविधा पाउने कर्मचारीको तुलनामा करिब तीन गुणा बढी सवारीचालक छन् । सबैभन्दा बढी चालक भएको अर्थमा ३२ जना, स्वास्थ्यमा १७ जना, महिला, बालबालिका र वनमा १०-१० जना, गृहमा ६ र रक्षा मन्त्रालयमा तीनजना सवारीचालक छन् । रक्षामा सवारी सुविधा पाउने कर्मचारी संख्याभन्दा चालकको संख्या दुई र गृहमा एकले कम छन् । आफैं गाडी चलाउने कर्मचारीले चालकबापतको सुविधा पाउँछन् ।

सवारीसाधन सुविधालाई व्यवस्थित गर्न सिफारिस

सरकारी कार्यालयमा सवारीसाधनको मितव्ययी र व्यवस्थित प्रयोग नभएका कारणबाट राज्यको ठूलो रकम दुरुपयोग भइरहेको र अनियमिततामा पनि प्रश्रय पाइरहेको आयोगले प्रतिवेदनमा औंल्याएको छ । राज्यका विभिन्न तह र जिम्मेवारीमा रहेका समान पद र हैसियतका पदाधिकारीहरूले प्रयोग गर्ने सवारीसाधनको किसिम र मूल्यमा भारी अन्तर रहेको तथा शक्ति र पहुँचका आधारमा सरकारी निकायले गाडी खरिदमा वार्षिक बजेट राख्ने र खरिद गर्ने प्रवृत्ति देखिएको पनि आयोगले प्रतिवेदनमा उल्लेख गरेको छ । कार्यालयको आवश्यकताभन्दा बढी सवारीसाधन खरिद गर्ने प्रवृत्ति व्याप्त रहेको पनि औंल्याइएको छ ।

सवारीसाधन खरिद र प्रयोगसम्बन्धी स्पष्ट मापदण्ड तोक्न नसक्दा पनि सवारीसाधन खरिद, इन्धन र मर्मतको विकृति झाँगिएको आयोगको ठहर छ । वार्षिक रूपमा यसरी ठूलो रकम सवारीसाधन व्यवस्थापनमा खर्च भएको देखिएकाले निश्चित मापदण्डका आधारमा सवारीसाधनको प्रयोगलाई व्यवस्थित गर्न वाञ्छनीय भएको प्रतिवेदनमा उल्लेख छ ।

व्यवस्थित रूपमा सवारीसाधन खरिद, मर्मत, इन्धन व्यवस्थापन र ड्राइभर परिचालन गर्न धेरै ढिला भइसकेको पनि उल्लेख छ ।

गहन एवं तनावपूर्ण पदीय जिम्मेवारी हुने पदमा बाहेक चालक अनुमतिपत्र भएका, नियमानुसार चारपाङ्ग्रे सवारीसाधन पाउने कर्मचारीलाई सवारीचालक तथा सवारीसाधनको व्यवस्थापनमा स्वयं जिम्मेवार बनाउँदा कर्मचारी पनि कामप्रति उत्प्रेरित हुने र सरकारको खर्च पनि कम हुने प्रतिवेदनले औंल्याएको छ । 'त्यसैगरी, इन्धनको मूल्य बढ्दै गइरहेको विद्युतीय सवारीसाधन प्रयोगमा सरकारी निकायले अग्रसरता लिनुपर्ने आवश्यकता एकातिर छ भने अनावश्यक सवारीचालकका पद खारेज गरी पदाधिकारीहरूलाई नै स्वयं साधन चलाउनेतर्फ प्रोत्साहित गर्ने नीतिलाई थप विस्तार गर्नु उपयुक्त देखिन्छ,' प्रतिवेदनमा भनिएको छ । आयोगले सवारीसाधन अपनत्व अनिवार्य गरी तत्काल लागू गर्न पनि सुझाएको छ ।

निश्चित मापदण्ड र स्तरका सवारीसाधन मात्र सरकारी कार्यालयमा पदाधिकारीका लागि प्रयोगमा ल्याउने गरी मापदण्ड तोक्ने र पदाधिकारीको स्तरअनुसारको सवारीसाधनको अधिकतम मूल्य निर्धारण गर्ने, आगामी पाँच वर्षसम्म कुनै नयाँ सवारीसाधन खरिद नगर्ने र पाँच वर्षपछि नयाँ सवारीसाधन खरिद गर्दा विद्युतीय सवारीसाधनलाई अनिवार्य गर्ने तथा अब उप्रान्त सरकारी पदाधिकारीलाई सवारीसाधन सुविधा दिँदा हाल प्रयोगमा रहेकै सवारीसाधन दिनेलगायतका सुझाव प्रतिवेदनको छ । प्रत्येक १० वर्षमा उक्त सवारीसाधनलाई विस्थापित गरी नयाँ दिन सकिने व्यवस्था गर्ने, अवकाश हुँदा ह्रासकट्टीपछिको मूल्य वा खरिद मूल्यको २० प्रतिशत रकममा जुन बढी हुन आउँछ सो रकम भुक्तानी लिई सम्बन्धित कर्मचारीलाई स्वामित्व हस्तान्तरण गर्ने र यसरी सवारीसाधनको स्वामित्व हस्तान्तरण गर्दा उक्त सवारीसाधन न्यूनतम १० वर्ष सञ्चालनमा आएको हुनुपर्ने प्रतिवेदनमा उल्लेख छ । ओहोदाअनुसार सवारीसाधनको खरिद मूल्यको अधिकतम सीमा तोक्ने र हरेक दुई वर्षमा आवश्यकताअनुसार सवारीसाधनको अधिकतम सीमाको पुनरावलोकन गर्न पनि आयोगले सुझाएको छ ।

सवारीसाधन सुविधा पाउने कर्मचारीलाई नै सवारीसाधन जिम्मा लगाउने र कार्यालय प्रयोजनका लागि निश्चित संख्याका सवारीसाधन खटाई बाँकी सवारीसाधन लिलाम गर्ने प्रस्ताव गरिएको छ । साथै, एकीकृत परिवहन सेवालाई एकद्वार प्रणालीमा लैजान, भाडामा सवारीसाधन लिएर परिवहन सेवा चलाउन बन्द गर्न र अहिले भइरहेको सवारीसाधन पुरानो भएपछि सो सेवा बन्द गर्न प्रस्ताव गरिएको छ । यसको विकल्पमा सवारी सुविधा वा परिवहन भत्ता दिने प्रस्ताव गरिएको छ ।

इन्धनको विकृति रोक्ने सरकारको प्रयास

आयोगकै सिफारिसका आधारमा चालू आवको बजेटमा सरकारले सवारीसाधनको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई स्वीकृत मापदण्डका आधारमा इन्धनबापत नगद नै प्रदान गर्ने व्यवस्था मिलाउने घोषणा गरेको थियो । यही घोषणाबमोजिम अर्थ मन्त्रालयले समिति नै गठन गरेर त्यसको सिफारिसका आधारमा मापदण्ड जारी गर्ने प्रक्रिया अघि बढाएको छ ।

समितिले कानुनबमोजिम सवारीसाधनको सुविधा पाउने सरकारी कर्मचारी तथा पदाधिकारीलाई इन्धनको सट्टा मासिक तलबसँगै एकमुस्ट नगद दिन सिफारिस गरेको छ । समितिले तय गरेको विभिन्न मोडालिटीलाई आधार बनाएर मापदण्ड जारी गर्ने प्रक्रियामा मन्त्रालय लागेको छ । मन्त्रालयका प्रवक्ता धनीराम शर्माले मापदण्ड जारी गर्ने प्रक्रिया अघि बढेको बताए । 'मापदण्डको ड्राफ्ट बनेको छ,' उनले भने, 'अब मन्त्रिपरिषद्मा जान्छ । मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि मापदण्ड लागू हुन्छ ।'

बजेटले नै घोषणा गरेको सुविधा प्राप्त गर्ने पदाधिकारीलाई सवारीसाधनको सट्टा तोकिएको मापदण्डका आधारमा एकमुस्ट रूपमा नगदै प्रदान गर्ने घोषणा कार्यान्वयनतर्फ भने कुनै पनि प्रक्रिया अघि बढेको छैन ।

■ विगतदेखि नै छ सवारीसाधनको दुरुपयोग

सरकारी निकायमा सवारीसाधनको प्रयोगको अवस्थाबारे सरकारले ०७६ सालमै अध्ययन गरेको थियो । अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा गठित 'नेपाल सरकारबाट सवारीसाधन सुविधा प्राप्त गर्ने सम्पूर्ण पदाधिकारीलाई उपलब्ध गराउने सवारीसाधनको मापदण्ड निर्धारण सिफारिससम्बन्धी कार्यदल, २०७६' ले दिएको प्रतिवेदनले नेपाल सरकारमातहतका मन्त्रालय, आयोग एवं निकायहरूमा सुविधा पाउने पदाधिकारी एक हजार नौ सय पाँचजना रहेकामा चार हजार ४२ गाडी रहेको उल्लेख गरेको थियो ।

कानुनबमोजिम सुविधा पाउने पदाधिकारीले एउटा मात्र सवारीसाधन पाउँछ । तर, यति ठूलो संख्यामा गाडी देखिएबाट त्यसको दुरुपयोग भएको स्पष्ट भएको प्रतिवेदनमा उल्लेख थियो । 'सवारी सुविधा प्राप्त पदाधिकारीहरूका लागि एक पदाधिकारी एक सवारीसाधनको व्याख्या गर्दा जम्मा एक हजार नौ सय पाँचवटा सवारीसाधन पदाधिकारी र बाँकी दुई हजार एक सय ३७ सवारीसाधन कार्यालय प्रयोजनका लागि प्रयोग भएको मान्नुपर्ने हुन्छ,' प्रतिवेदनमा छ, 'यत्तिका धेरै सवारीसाधन कार्यालय प्रयोजनका नाममा कानुनतः सवारी सुविधा प्राप्त नभएका कर्मचारीहरूले प्रयोग गरेका छन् वा सवारीसाधनको दुरुपयोगको अवस्था भयावह रहेको तथ्य छ भन्ने प्रस्ट हुन आउँछ ।'

स्पष्ट मापदण्डको अभावले एउटै तह र श्रेणीका पदाधिकारीले प्राप्त गरेका सवारीमा पनि भिन्नता रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार कतिपय कार्यालयमा उपसचिव र कतै शाखा अधिकृतले सवारीसाधन प्रयोग गरेका छन् र तिनले प्रयोग गर्ने सवारी सहसचिवको भन्दा महँगो र उच्चस्तरका छन् । 'स्पष्ट मापदण्डको अभावले एउटै तह र श्रेणीका पदाधिकारीले प्राप्त गरेका सवारीको स्तर तुलना गर्ने हो भने यो यति धेरै अमिल्दो छ कि कोही सहसचिव टोयोटा, मित्सुबिसी वा फोर्डजस्ता महँगो ब्रान्डका उच्च मूल्यका सवारीसाधनमा सवार देखिन्छन् भने कोही सहसचिव मारुती, सुजुकी वा टाटाका पुराना सवारीसाधन चढिरहेका देखिन्छन्,' प्रतिवेदनमा भनिएको छ, 'अझ कतिपय कार्यालयमा उपसचिव वा कुनैकुनै अवस्थामा शाखा अधिकृतले प्रयोग गरेका सवारीसाधन सोही कार्यालयका सहसचिवले प्रयोग गरेका सवारीसाधनभन्दा उच्चस्तरका रहेको देखिएको छ ।'

१७ हजार...

पृष्ठ १ बाट क्रमशः

हजार तीन सय ८५ रुपैयाँ हो भने पाँच हजार ६ सय १५ महँगी भत्ता हो । श्रम मन्त्रालयले गत असारमा नै श्रमिकको परिश्रमिक बढाउन पारिश्रमिक निर्धारण समिति गठन गरेको थियो । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव डण्डुराज घिमिरेको संयोजकत्वमा गठित समितिमा विभिन्न श्रमिक संगठन तथा व्यवसायीहरूको उपस्थित थियो ।

सरकारले पारिश्रमिक निर्धारण गर्दा नेपाल उद्योग वाणिज्य महासंघ, श्रमिक संगठनको प्रस्तावलाई अध्ययन गर्छ । साथै, तथ्यांक विभाग र नेपाल राष्ट्र बैंकको तथ्यांकलाई आधार बनाएर पारिश्रमिक निर्धारण गर्दै आएको छ । यस वर्ष श्रमिक संगठनले श्रमिकको पारिश्रमिक पनि सरकारी कर्मचारीको सरह पुऱ्याउन माग गरेको थिए । तर, व्यवसायीले आर्थिक मन्दीका कारण पारिश्रमिक वृद्धि गर्न नसकिने धारणा राखेका थिए । व्यवसायी र श्रमिक संगठनबीच सहमति जुट्न नसकेपछि पारिश्रमिक निर्धारण समिति समयअघि नै विघटन भएको थियो ।

सरकारी...

पृष्ठ १ बाट क्रमशः

असारदेखि आरोपीलाई पक्राउ गरी प्रहरीले अनुसन्धान थालेको थियो । योजनाअनुसार धेरै आरोपीलाई पक्राउ गर्न नसके पनि किर्ते प्रकरणको अनुसन्धान सूक्ष्म रूपमा गरिएको सिआइबीको दाबी छ ।

भूमाफिया, कर्मचारी र मन्त्रीसम्मले संगठित रूपमा किर्ते कागजपत्र बनाएर चरण-चरणमा गरी ललितानिवासको एक सय ४२ रोपनी जग्गा हिनामिना गरेको सिआइबीको निष्कर्ष छ । यस प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधव नेपाल र डा. बाबुराम भट्टराईसमेत मुछिएका छन्, तर बिहीबारसम्म उनीहरूमाथि अनुसन्धान हुन सकेको छैन । मन्त्रिपरिषद्लाई झुक्याएको निष्कर्षका आधारमा मन्त्रीहरूसम्म मात्र मुद्दा दायर हुने सम्भावना रहेको स्रोत बताउँछ ।

सिआइबीले पूर्वमन्त्रीहरू विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ, चन्द्रदेव जोशी र पूर्वराज्यमन्त्री सञ्जय सार्हविरुद्ध पक्राउ पुर्जी जारी गरिसकेको छ । अनुसन्धानमा संलग्नता देखिएकै आधारमा



पक्राउ पुर्जी जारी भएकाले अभियोगबाट उनीहरूलाई उन्मुक्ति दिन नहुने निष्कर्षमा सिआइबीका अधिकारी पुगेका छन् ।

सर्वोच्च अदालतले नीतिगत निर्णयमा संलग्न पदाधिकारीलाई पनि अनुसन्धानको दायरामा ल्याउन गत २१ साउनमा आदेश दिएको थियो । तर, महान्यायाधिवक्ता कार्यालयले सोही आधारमा पूर्वप्रधानमन्त्रीद्वयसँग बयान नै लिनुनपर्ने मौखिक राय प्रहरीलाई दिएका छन् । जसकारण सिआइबीले बयान लिन सकेको छैन । नेपाल र भट्टराईको पालामा जग्गा हिनामिनालाई सहयोग हुने गरी मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भएका थिए ।

सिआइबीले उच्चपदस्थमध्ये पूर्वराज्यमन्त्री सञ्जय साह र पूर्वमुख्यसचिव लीलामणि पौड्यालसँग मात्र बयान कागज गरेको छ । साह अर्को मुद्दामा थुनामै छन् । रायविना नै टिप्पणी सदर गरेको आधारमा यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीविरुद्ध मुद्दा नचलाउने निर्णय गरेको थियो ।

सिआइबीले पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, व्यवसायी मीनबहादुर गुरुङसहित १८ जनालाई हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । २३ जना पक्राउ परेकोमा अन्य पाँचजना जमानीमा छन् । संगठित अपराध कसुरमा बढीमा ६० दिनसम्म थुनामा राख्न पाइनेमा शुक्रबार ५३ दिन भइसकेको छ ।

सिआइबीले विगत पाँच वर्षअघिदेखि नै यस प्रकरणको अनुसन्धान गर्दै आएपछि दबाब र चलखेलका कारण अभियोजना प्रक्रिया रोकिएको थियो । आफूहरूले पुरानो केस ब्युँताएर सूक्ष्म रूपमा अनुसन्धान गरेको सिआइबीकी निर्देशक एआइजी बज्राचार्यले बताइन् । 'यो केसमा अनुसन्धानमा धेरै मिहिनेत गरेका छौं, अनुसन्धानमा कुनै सम्झौता हुन्न,' उनले भनिन्, 'ललितानिवासलाई हामी अन्याय हुन दिँदैनौं ।'

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिसिद्धि, सितापाईला, काठमाडौं
बागमती प्रदेश, नेपाल

इच्छुक लेखापरीक्षक सूचीकृत हुने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/०१

प्रस्तुत विषयमा यस नगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरू, सहकारी संस्थाहरू, खानेपानी उपभोक्ता समितिहरू, संघसंस्था (टोल विकास संस्था) को आ.व. २०७९/८० को लेखापरीक्षण गर्नको लागि नगरपालिकाबाट सिफारीस गर्नको लागि दर्तावाल लेखापरीक्षकहरू सूचिकृत गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला लेखापरीक्षकहरूले तपसिलमा उल्लेखित कागजातहरू सहित मिति २०८०/०५/३० गते भित्र यस नगरपालिकामा सूचिकृतको लागि निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

१. लेखापरीक्षण ईजाजत प्रमाण पत्रको प्रतिलिपि,
२. आ.व. २०७९/८० सम्मको लाइसेन्स नविकरण गरेको पत्रको प्रतिलिपि,
३. आ.व. २०७८/७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि,
५. नेपाल चार्टर्ड एकाउण्टेन संस्थाको आ.व. २०८०/८१ को लेखा व्यवसायी नविकरण निस्सा संलग्न गर्नुपर्ने छ ।
६. दर्ता शुल्कका लागि रकम रू.२,०००/(दुई हजार) मात्र । (यस नागार्जुन नगरपालिकाको राजश्व शाखामा बुझाएको रसिद वा एन.एम.बि.बैंक सितापाईला शाखाको रहेको खाता नं. ०६६००५३५९०१०००२५ मा जम्मा गरेको सक्कल भौचर)

नोट:

१. अघिल्लो वर्ष लेखापरीक्षक नियुक्ति भई तोकिएको विद्यालयमा लेखापरीक्षण कार्य गर्न नजाने लेखापरिक्षकहरूलाई सूचीकृत गरिने छैन ।
२. लेखापरीक्षक नियुक्ति भई तोकिएको समयमा विद्यालयमा गई लेखापरीक्षण नगरेमा निजलाई हटाई अन्यलाई नियुक्ति दिईने छ ।

प्रमुख प्रशासकीय अधिकृत

रंगशाला...

पृष्ठ १ बाट क्रमशः

लाख ६३ हजार चार सय ६८ रुपैयाँ जरिवाना र उति नै बिगो असुलउपर गर्न भनेको छ । विशेषका अध्यक्ष श्रीकान्त पौडेल र बलभद्र बास्तोलाको बुधबारको इजलासले यादव र श्रेष्ठ दुवैलाई भ्रष्टाचार निवारण ऐनको दफा ८ (४) बमोजिम कसुर गरेको ठहर गरेको हो ।

आर्थिक वर्ष ०७३/७४ मै राज रंगशाला स्तरोन्नति कार्यमा उनले मिलेमतोमा भ्रष्टाचार गरेको अदालतको फैसला छ । गत स्थानीय तह निर्वाचनमा मेयर निर्वाचित भएका यादव उक्त भ्रष्टाचारको मुद्दा परेसँगै निलम्बनमा परेका थिए ।

यसै मुद्दाका प्रतिवादी जिल्ला समन्वय समिति सप्तरीका इन्जिनियर विकास श्रेष्ठलाई भने भ्रष्टाचारका दुई कसुरमा तीन-तीन महिना कैद सजाय सुनाइएको छ । विशेषका अधिकृत यज्ञराज रेग्मीका अनुसार श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐनको दफा १९ (२) बमोजिम गलत प्रतिवेदन दिएको र दफा ८ (१) (ग) बमोजिम कसुर गरेको भन्दै दुवै कसुरमा तीन-तीन महिना कैद हुने फैसला गरेको हो । साथै, चार लाख ९९ हजार ६ सय ६५ रुपैयाँ जरिवानासमेत तिराउने फैसला गरेको छ ।

०७३/७४ मा राज रंगशाला स्तरोन्नति कार्यमा मिलेमतोमा भ्रष्टाचार भएको दाबीसहित अख्तियारले २ ९ असार ०७९ मा सातजनालाई प्रतिवादी बनाएर मुद्दा चलाएको थियो । जिल्लाको खेलकुद विकास समिति र उदय निर्माण सेवाबीच भएको सम्झौतामा निर्धारित सर्त तथा मापदण्डविपरीत कार्य भए पनि जिससका इन्जिनियर श्रेष्ठले उक्त कार्य गुणस्तरीय र मापदण्डबमोजिम भएको भनी प्रमाणित गराएका थिए । उनले नै भएभन्दा बढी काम भएको भनी सिफारिस गरेपछि सरकारलाई लाखौंको क्षति भएको दाबी अख्तियारले गरेको थियो ।

अन्य चार प्रतिवादीलाई भने विशेषले सफाइ दिएको छ । खेलकुद विकास समितिका अध्यक्ष एजेन्ट न्यासुर, उपाध्यक्ष धीरेन्द्र बर्मा, समितिका तत्कालीन कार्यालय प्रमुखहरू महेन्द्रप्रसाद यादव र लक्ष्मण मण्डलले सफाइ पाएका हुन् ।

उच्च गएका...

पृष्ठ १ बाट क्रमशः

तथा अन्य आठ अभियुक्त थुनामुक्त हुनुपर्ने मागसहित १७ साउनमा उच्च पुगेका थिए । सानु भण्डारी, आङटावा शेर्पा, इन्द्रजित राई, हरिभक्त महर्जन, लक्ष्मी महर्जन, सन्देश शर्मा, शमशेर मियाँ र गोविन्द चौधरीले जिल्ला अदालत काठमाडौंको फैसला बदर गरिपाऊँ भन्दै निवेदन दर्ता गराएका थिए ।

उनीहरूसमेत यस मुद्दाका ३० मध्ये उपस्थित रहेका १८ जनालाई अदालतमा थुनछेक बहसका लागि उपस्थित गराइएको थियो । मुद्दामा थुनछेक सुनुवाइपछि १ असारमा न्यायाधीश प्रेमप्रसाद न्यौपानेको इजलासले तत्काल हिरासतमा रहेका १८ मध्ये १६ जनालाई थुनामा पठाएको थियो भने दुईजनालाई धरौटीमा रिहा गरेको थियो । लक्ष्मी महर्जन र टंक गुरुङलाई क्रमशः पाँच लाख र १० लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश गरेको थियो ।

थुनामा रहेका १० अभियुक्तको निवेदनमाथि बिहीबार भएको आदेशमा भनिएको छ, 'यसमा काठमाडौं जिल्ला अदालतको मिति ०८०/३/१ को थुनछेक आदेशले थुनामा राखेउपर अन्य प्रतिवादीहरूको र धरौटी मागेउपर वादी नेपाल सरकारको समेत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन परेको भन्ने कानुन व्यवसायीहरूले जानकारी गराउनुभएकाले सो निवेदनमा कैफियत प्रतिवेदन प्राप्त भएपछि यसैसाथ राखी नियमानुसार गरी पेस गर्नू ।' उच्चले यसअघि नै कतिपय मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मुद्दा र त्यसमा भएका कारबाहीको संक्षिप्त विवरण अर्थात् कैफियत प्रतिवेदन झिकाउने आदेश गरिसकेको छ । साउनमध्यसम्म भएको आदेशमा आशिष बुढाथोकी, रामशरण केसी, केशवप्रसाद दुलाल र टंक गुरुङको कैफियत प्रतिवेदन उच्चमा आउन बाँकी थियो । अब यस प्रकरणमा जोडिएका सबैको कैफियत प्रतिवेदन आएपछि मात्र मुद्दाको सुनुवाइ हुनेछ ।

जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले १० जेठमा ३० जनालाई प्रतिवादी बनाई ठगी, संगठित अपराध, लिखत किर्ते र राज्यविरुद्धको अपराधमा मुद्दा चलाएको थियो । जसमा २८ करोड ८१ लाख ७४ हजार रुपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ ।

क्रिकेटर लामिछाने...

पृष्ठ १ बाट क्रमशः

देखिएपछि अदालतले प्रमाणीकरण गर्न आदेश दिएको हो । न्यायाधीश राजुकुमार खतिवडाको इजलासले दुईवटा जन्ममिति र दुवैबीच २० वर्षको अन्तर देखिएपछि प्रमाणीकरण गर्न आदेश दिइएको अदालतले जनाएको छ । जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले १७ वर्षीया गौशाला २६ लाई बलात्कार गरेको भन्दै मुद्दा दायर गरेको छ । उनलाई १० देखि १२ वर्ष कैद सजाय हुनुपर्ने माग गर्दै मुद्दा दायर भएको हो । १४ कात्तिक ०७९ मा मुद्दा दायर भएको थियो ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

Road Division, Damak

Invitation of Bid

Notice Number: ***3-080/81***

(Date of Publication:- 2080-05-01)

1. The Road Division, Damak invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

S. N.	*Contract ID*	*Description and Location of work*	*Estimate Amount (without VAT & Contingencies) NRs.*	*Bid Document Fee (NRs)*	*Bid Security Amount (NRs)*	*Bid Validity Period / Bid Security Validity Period*
1	RD-DMK/33701132-4/ 2080/081-16	Maintenance and Road safety Upgradation Work of Ratuwa Bridge (CH: 47+990) MRM NH-01, Jhapa	NA	5,000.00	7,00,000.00	90 days / 120 days
2	RD-DMK/337310113 (Special)/2080/081-17	Pavement works along Shahidchandra Marg, Birtamod 3, 9	84,49,698.99	3,000.00	2,50,000.00	90 days / 120 days

2. Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

Last date of Submission	***2080-05-31 (17th Sep 2023)** Time:- 12:00 hrs*	Name of Bank	Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa
Date of Bid Opening	***2080-05-31 (17th Sep 2023)** Time:- 13:00 hrs*	Account Name	Ko. Le. Ni. Ka. Jhapa
Pre-bid meeting	***2080-05-22 (8th Sep 2023) Time:- 11:00 hrs***	Deposit Account No.	2210100102030000

3. Information to Purchase the Bidding Document

Name of the Bank	Name of the Office	Office Code No.	Office Revenue Account No.	Office Revenue Head No.
Rastriya Banijya Bank Ltd, Damak, Jhapa	Road Division Damak, Jhapa	337011201	1000200010000	14229

4. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
5. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
6. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
7. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
8. Road Division, Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

DIVISION CHIEF

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७०
शुक्रबार १ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

चार वर्षपछि वेस्टइन्डिजका साइमुल्स कारबाहीमा



आइसिसीले सन् २०१९ मा अबुधाबीमा भएको टी-२० लिगमा वेस्टइन्डिजका मार्लोन साइमुल्सले खेल भावनाविपरीत कार्य गरेको ठहर गरेको छ

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले सन् २०१९ को अबुधाबीमा भएको टी-१० लिगमा भएको घटनालाई लिएर वेस्ट इन्डिजका पूर्वअलराउन्डर मार्लोन साइमुल्सलाई कारबाही गरेको छ। टी-१० मा साइमुल्सले खेल भावनाविपरीत चार क्षेत्रमा गल्ती गरेको आइसिसीले जनाएको छ। टी-१० लिगको घटना सम्बन्धमा आइसिसी र इमरेट्स क्रिकेट बोर्ड (इसिबी)ले संयुक्त रूपमा छानबिन गरेका थिए। सन् २०२१ को अक्टोबरमा अनुसन्धानकर्ताले उनीसँग बयान लिएका थिए। दुई वर्षसम्म चलेको अनुसन्धानमा आइसिसीको अनुशासन कमिटीले साइमुल्सले गम्भीर गल्ती गरेको प्रस्ट पारेको छ।

आइसिसीको अनुशासन कमिटीले बिहीबारै प्रतिवेदन बुझ्नउँदै वेस्ट इन्डिजका खेलाडीलाई आर्थिक जरिवाना तिराउन भनिएको छ। कमिटीले साइमुल्सलाई कति जरिवाना गराउने भन्ने स्पष्ट पारेको छैन। बिबिसीले साइमुल्समाथि ठूलै आर्थिक क्षतिपूर्ति लगाउन सकिने जनाएको छ।

आइसिसीले अनुशासन कमिटीका चार नियमअनुसार उनलाई कारबाहीको प्रक्रिया अगाडि बढाउने भनेको छ। आर्टिकल २.४.२ अनुसार साइमुल्सले इसिबीको अनुसन्धानमा सहयोग गरेननू। टी-१० खेल चलिरहँदा उनी आर्थिक प्राभोलनमा परेको प्रतिवेदनमा उल्लेख छ। होटेलमा बस्दा उनले कसैको माध्यमबाट सात सय ७० अमेरिकन डलर लिएका थिए। अनुसन्धानकर्तालाई उनले सूचना राम्रोसँग प्रभाव नगरेको आरोप छ। सामइमुल्सले आफूमाथिको कारवाही सम्बन्धमा केही प्रतिक्रिया दिएका छैनन्। सन् २०२० को नोभेम्बरमा उनले सन्न्यास लिएका थिए। टी-२० मा उनले होटेलमा बस्दा पदाधिकारीसँग झगडा गरेको र समयमै टिम मिटिङमा नपुगेको आरोप आइसिसीले लगाएको थियो। साथै, अनुसन्धानका क्रममा उनले सम्बन्धित पक्षलाई सहयोग नगरेकोसमेत आइसिसीको भनाइ छ।

दुईपटक प्रतिबन्धमा

वेस्ट इन्डिजले टी-२० विश्वकप क्रिकेट प्रतियोगिता दुईपटक उचाल्दा ४२ वर्षीय साइमुल्सले उत्कृष्ट प्रदर्शन गरेका थिए। सन् २०१२ र ०१६ मा वेस्ट इन्डिजले टी-२० विश्वकप जितेको थियो। यो दुवै संस्करणमा उनी सर्वाधिक रनकर्ता बनेका थिए। उनले वेस्ट इन्डिजबाट ७१ टेस्ट र २०७ एकदिवसीय खेल खेलेका थिए। उनले ६७ पटक अन्तर्राष्ट्रिय टी-२० मा सहभागिता जनाए। करिअरमा उनले समग्रमा ११ हजार रन बटुलेका छन्।

सन् २०२० मा उनले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यास लिएका थिए। अन्तर्राष्ट्रिय क्रिकेटमा उनी पटक-पटक प्रतिबन्धमा परेका छन्। सन् २००८ मा उनलाई आइसिसीले दुई वर्ष प्रतिबन्ध लगाएको थियो। २०१० मा उनी प्रतिबन्धमा परे। सन् २००७ मा सट्टेबाजसँग मिलेको प्रमाणित भएपछि उनी प्रतिबन्धमा परे। आइसिसीले एकपटक उनलाई बलिङ गर्न प्रतिबन्ध लगाएको थियो। सक्रिय क्रिकेट करिअरमा साइमुल्सले अस्ट्रेलियाका सेन वार्न, इंग्ल्यान्डका वेस्ट स्टोक्स र सिमर ग्राहम ओनिन्ससँग विवाद गरेका थिए। जुन घटना क्रिकेट इतिहासकै नराम्रो रूपमा लिइन्छ।


अनुमति नलिईकन पोखरा रंगशालामा खेलसहितका गतिविधि गर्न नपाइने

गण्डकी प्रदेश खेलकुद परिषद्ले क्षेत्रीय र जिल्ला खेलकुद विकास समिति कास्कीलाई रंगशालाभित्र हुने खेल गतिविधि प्रक्रिया पुऱ्याएर मात्र दिन पत्र काटेको छ

रोहितराज पराजुली/ नयाँ पत्रिका

प्रदेश खेलकुद परिषद् गण्डकीले खेल क्षेत्रमा भइरहेको बेथिति नियन्त्रण गर्न विभिन्न काम सुरु गरेको छ। परिषद्ले आफ्नो मातहतमा रहेको जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गरी नियमन र अनुगमन गर्ने कार्यलाई तिव्रता दिएको हो। परिषद्ले प्रशिक्षण केन्द्र (तालिम)को विवरणसँगै प्रतियोगिताका लागि अनुमति र सहमति गरेर मात्र प्रशिक्षण र खेलहरू प्रदेशमा सञ्चालन गर्न दिने भएको छ। साथै, परिषद्ले पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति र जिल्ला खेलकुद विकास समिति कास्कीलाई पोखरा रंगशालाभित्र सञ्चालन हुने विभिन्न खेल गतिविधि प्रक्रिया पुऱ्याएर दिन भन्दै पत्र काटेको छ।

गण्डकी प्रदेशमा गोरखा, तनहुँ, नवलपुर, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ, लमजुङ, स्याङ्जा जिल्लाका खेलकुद विकास समितिहरूलाई पत्र पठाउँदै सम्बन्धित व्यवस्था अनुगमन र कार्यान्वयन गर्न अनुरोधसमेत गरेको छ। प्रदेश खेलकुद विकास ऐन, २०७७ को दफा ३७ को (३) बमोजिम निजी क्षेत्र वा अन्य संघसंस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र प्रदेशस्तरमा खेलकुद प्रतियोगिताको आयोजना वा सञ्चालन गर्न सम्बन्धित खेल संघको सिफारिससहित परिषद्को स्वीकृति वा सहमति लिनुपर्छ। सोही व्यवस्थाअनुसार परिषद्को स्वीकृति लिएर मात्र पोखरा रंगशालासँगै प्रदेशका अन्य जिल्लामा हुने विभिन्न खेल गतिविधि सञ्चालन गर्न परिषद्ले पत्रमार्फत निर्देशन दिएको छ।



फाइल तस्बिर

रंगशालालाई अनुशासित र व्यवस्थित पार्ने प्रयास

परिषद्का सदस्यसचिव श्रीधर शर्माले पोखरा रंगशाभित्र हुने खेल गतिविधिका बारेमा धेरै विकृति विसंगति भएको जानकारी आएकाले त्यस्ता गतिविधि मर्यादित, अनुशासित र व्यवस्थित बनाउन सरोकारवालालाई पत्राचार गरेको जानकारी दिएका छन्। 'नियमभित्र बाँधिएर आयोजना हुने खेल गतिविधिले हुँदै आएका विकृति विसंगति अन्त्य गर्न सहयोग गर्ने भएकाले परिषद्बाट सोही कदम अघि बढाइएको हो,' उनले भने।

व्यक्तिगत फाइदा र स्वार्थका लागि समेत आयोजना हुँदै आएका खेल गतिविधिमाथि रोक लगाउने परिषद्को उद्देश्य रहेको शर्माको भनाइ छ। यसअघि परिषद्ले ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दै प्रदेशभित्र रहेका सम्बन्धित पक्षलाई सूचीकृत गर्न आउन आह्वान गरेको थियो। परिषद्ले प्रदेशका ११ जिल्ला समितिलाई खेल संघ तथा संघका पदाधिकारीको विवरण पठाउन पत्राचार गरिसकेको छ।

खेलकुदसँग सम्बन्धित खेल संघसंस्था र प्रशिक्षकहरूले प्रशिक्षणको नाममा अवैध रकम असुलिरहेको सञ्चारमाध्यममा बाहिरिएसँगै परिषद्ले त्यसलाई नियन्त्रण गर्ने उद्देश्यसहित अघि बढेको हो। प्रशिक्षणका नाममा अवैध असुली र ठगी धन्दा हुँदै आएको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा समेत पुगेको छ। आयोगले कास्की समितिसँग यसको विवरण मागेको थियो। आयोगको पत्रपछि कास्कीले विभिन्न २९ खेल संघलाई पत्राचार गर्दै आवश्यक विवरण माग गरेर आयोगमा बुझाएको छ।

मेसी, ब्रुयना र हाल्यान्ड वर्ष खेलाडी मनोनयनमा

युइएफएले सिजन २०२२/०२३ मा उत्कृष्ट प्रदर्शन गरेको आधारमा लिओनल मेसी, एर्लिङ हालान्ड र केभिन डी ब्रुयनालाई अन्तिम तीन खेलाडीमा छनोट गरेको छ

लन्डन/ अर्जेन्टिनी कप्तान लिओनल मेसी, एर्लिङ हालान्ड र केभिन डी ब्रुयना 'युइएफए प्लेअर अफ दी इअर'को मनोनयनमा परेका छन्। युरोपियन फुटबलको सर्वोच्च निकाय (युइएफए)ले २०२२/०२३ सिजनमा उत्कृष्ट प्रदर्शन गरेका आधारमा तीन खेलाडी सार्वजनिक गरेको हो। मेसी हालै अमेरिकी मेजर सकर लिग क्लब इन्टर मियामीमा आबद्ध भएका हुन्। उनले ६ खेलमा ९ गोल गरेका छन्।

यसअघि उनी पेरिस सेन्ट जर्मेन (पिएसजी)मा थिए। उनले पिएसजीलाई फ्रेन्च लिग वानको उपाधि दिलाउन भूमिका निर्वाह गरेका थिए। गत सिजनमा म्यानचेस्टर सिटीले युरोपियन फुटबलमा ट्रेबल उपाधि जित्दा ब्रुयना र हाल्यान्डको प्रदर्शन उच्च कोटिको थियो। सिटीले युरोपियन च्याम्पियन्स लिग, प्रिमियर लिग र एफए कपको उपाधि जितेको थियो। इंग्लिस क्लबमा म्यानचेस्टर युनाइटेडपछि ट्रेबल उपाधि जित्ने सिटी दोस्रो क्लब हो। उत्कृष्ट तीन प्रशिक्षकमा सिटीका पेप ग्वार्डिओला, इन्टर मिलानका सिमोन इन्जाघी र नेपोलीका लुसिआनो स्पालेटी रहेका छन्। ब्राइटनका रोबर्ट डे जेब्री चौथो र आर्सनलका माइकल अर्टेटा पाँचौं नम्बरको मनोनयनमा परेका छन्।



युइएफएको प्राविधिक कमिटीले सिजनभर देश र क्लबका लागि गरेको प्रर्दशनलाई आधार मानेर सूची तयार पारेको जनाएको छ। च्याम्पियन्स लिग, युरोपा लिग, युरोपा कन्फेरेन्स लिग खेलेका क्लबका प्रशिक्षक, युइएफए सदस्य राष्ट्रका प्रशिक्षक र युरोपियन खेलकुद पत्रकार जुरीमा समावेश थिए। तीन खेलाडी र प्रशिक्षकबाट युइएफएले उत्कृष्ट एकलाई घोषणा गर्नेछ। युइएफएले ३१ अगस्टमा नयाँ सिजनको समूह घोषणा गर्नेछ। सोही कार्यक्रममा उत्कृष्ट खेलाडी र प्रशिक्षकलाई पुरस्कृत गरिनेछ।

खेल संक्षेप

टेबलटेनिसको तदर्थ समिति गठन

काठमाडौं/ चतुरानन्दराज वैद्यको संयोजकत्वमा अखिल नेपाल टेबलटेनिस संघको तदर्थ समिति गठन गरिएको छ। ३३ सदस्यीय समितिको वरिष्ठ सह-संयोजकमा सुदिल शाही र सह-संयोजक वृजेन्द्रबहादुर हमाल रहेका छन्। राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले वैद्यको संयोजकत्वमा समिति गठन गरेको छ। वैद्य नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं कार्यकारी निर्देशकसमेत हुन्।

एक्सेल्सियरको जित

काठमाडौं/ सेब र द एक्सेल्सियर स्कुलले दर्शौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा बिहीबार जित निकालेका छन्। सेबले आयोजक ग्रिनफिल्ड 'बी'लाई ५२-२७ ले पराजित गऱ्यो। एक्सेल्सियरले एस्फोडेललाई ३६-१७ ले हरायो। सिनियर पुरुषमा हार्टल्यान्डले न्यु जेनिथलाई ३१-२१ ले पराजित गऱ्यो। हेम्सले एलआरआईलाई ६४-५३ ले पाखा लगायो।

झापालाई उपाधि

काठमाडौं/ झापा ११ फुटबल क्लबले भारतको सिक्किममा भएको फुटबल प्रतियोगिता उपाधि जितेको छ। भाइचुङ रंगशालामा भएको फाइनलमा झापाले स्थानीय रेड पान्डा फुटबल क्लबलाई ३-० ले हराउँदै उपाधि जितेको हो। नाम्ची फुटबल संघले भारतको ७७औं स्वतन्त्रता दिवसको अवसरमा प्रतियोगिता आयोजना गरेको थियो। उपाधिसँगै झापाले २ लाख भारतीय रुपैयाँ प्राप्त गरेको छ।

ब्याडमिन्टन हुँदै

काठमाडौं/ पर्वत स्पोर्टस् हाउस कुश्माको आयोजनामा सी लेभल पुरुष डबल ब्याडमिन्टन प्रतियोगिता आयोजना हुने भएको छ। प्रतियोगिता ८ देखि ९ भदौसम्म हुने आयोजकले जनाएको छ। प्रतियोगिताको खुलातर्फ नेपाल ब्याडमिन्टन संघले जारी गरेको वरीयताअनुसार २० स्थानपछिका खेलाडीले प्रतिस्पर्धा गर्न पाउनेछन्।

एसियनस्तरको ब्याडमिन्टन आजदेखि

नयाँ पत्रिका

नेपाल ब्याडमिन्टन संघले पहिलोपटक एसियन स्तरको ब्याडमिन्टन प्रतियोगिता गर्ने भएको छ। संघको आयोजनामा ब्याडमिन्टन एसिया (साउथ एसिया) रिजनल च्याम्पियनसिप हुन लागेको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो। ब्याडमिन्टनको विकासोन्मुख राष्ट्रहरूमा यस खेलको प्रवर्द्धन र प्रतिस्पर्धा गर्ने उद्देश्यअनुरूप एसिया ब्याडमिन्टनले यो कार्यक्रम नेपालमा राखेको हो। प्रतियोगिता १-५ भदौसम्म हुनेछ। जसमा यू-१५ र यू-१७ दक्षिण एसिया रिजनल च्याम्पियनसिपमा गर्ने संघले जनाएको छ।

च्याम्पियनसिपमा यू-१५ र यू-१७ उमेरसमूहमा दक्षिण एसियाका ६ डेभलपिङ राष्ट्र नेपालसहित भुटान, श्रीलंका, माल्दिभ्स, बंगलादेश र पाकिस्तानका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगिता एपिएफको मुख्यालयमा रहेको एपिएफ क्लबमा हुनेछ। यस च्याम्पियनसिपमा यू-१५ तर्फ महिला एकल, पुरुष एकल र पुरुष जोडी समावेश गरेको जनाएको छ। यू-१७ मा पनि महिला एकल, पुरुष एकलसँगै जोडी र मिक्स इभेन्ट्स समावेश भएको संघले बतायो।

ओलम्पिक छात्रवृत्तिको छनोट

यी दुवै उमेरसमूहमा टिम प्रतिस्पर्धा पनि छन्। आयोजक नेपालबाहेक पाँच राष्ट्रबाट समान आठ खेलाडीले च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न पाउने एसिया ब्याडमिन्टनकी इभेन्ट म्यानेजर एनजिएन मुनले जानकारी दिए। नेपाल आयोजक राष्ट्र भएकाले १६ खेलाडी खेलाउन पाउने भएको छ।मुनले एसियामा रहेका ब्याडमिन्डनको अल्पविकसित राष्ट्रमा यस किसिमका कार्यक्रम सुरु गरिएको बताए।

व्यक्तिगत स्पर्धामा आयोजक राष्ट्रबाट तीन खेलाडीले एउटा स्पर्धामा प्रतिस्पर्धा गर्न पाउनेछन्। अन्य राष्ट्रका भने दुई खेलाडीको प्रतिस्पर्धा गर्न पाउने प्रावधान बनाएको छ। नेपालमा यो पहिलो रहेको र आगामी कार्यक्रम कम्बोडियामा हुनेछ। यस च्याम्पियनसिपबाट ओलम्पिक छात्रवृत्तिका लागि पनि छनोट गरिनेछ। एसियाभरबाट २० जना छनोट हुने, जसमा प्रत्येक देशबाट समान एक पुरुष र महिला समावेश हुनेछन्।

छनोट भएका खेलाडीले ब्याडमिन्टनको पावरहाउसको रूपमा रहेको मलेसियामा अभ्यास गर्न पाउनेछन्। नेपाल ब्याडमिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठले प्रतियोगिता सुरुमा पाकिस्तानमा हुने तय भएको बताए। नेपालको आग्रहमा प्रतियोगिता आयोजना गर्ने अवसर पाएको उनले बताए। च्याम्पियनसिपबाट नेपाली खेलाडीले धेरै फाइदा लिने उनको भनाइ छ।

टोखा नगरपालिका
मैजुहिटी, काठमाडौं

करारमा नगर प्रहरी पदपूर्ति सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/०५/०१ गते

तपशिल बमोजिम पदका नगर प्रहरीहरु २०८१ असार मसान्त सम्मको लागी करारमा नियुक्त गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकहरु बाट दरखास्त आह्वान गरिएको छ। दरखास्त फारम कार्यालयको वेवसाईट तथा कार्यालय बाट कार्यालय समयमा प्राप्त गर्न सकिनेछ।

विज्ञापन नं.	पद	माग पद संख्या	पदपूर्तिको किसिम	आवश्यक न्युनतम शैक्षिक योग्यता	परिक्षा दस्तुर	छनोटको किसिम
०१/०८०/८१	नगर प्रहरी सहायक निरीक्षक	१ जना	खुल्ला प्रतिस्पर्धा	मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तिर्ण	रु. ५००	टोखा नगरपालिकामा नगर प्रहरी बल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम **शारिरीक तन्दुरुस्ती मूल्यांकन, लिखित परिक्षा र अन्तरवार्ता समेत**
०२/०८०/८१	नगर प्रहरी हवल्दार	२ जना	आन्तरिक प्रतिस्पर्धा		रु. ४००	
०३/०८०/८१	नगर प्रहरी जवान	खुल्ला ५ जना महिला ४ जना	खुला प्रतिस्पर्धा	कक्षा आठ उत्तिर्ण	रु. ३००	

दरखास्त तथा दस्तुर बुझाउने स्थान	उमेरको हद	दरखास्त दिने अन्तिम मिति
न.पा., राजस्व शाखा	दरखास्त दिने अन्तिम मिति सम्म नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दारको लागि २२ वर्ष उमेर पुरा भई ५० वर्ष ननाघेको तथा नगर प्रहरी जवानका लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको	२०८०/०५/१० गते सम्म (दरखास्त दिने अन्तिम दिन विदा पर्न गएमा कार्यालय सूचारु हुने अर्को दिन सम्म)

दरखास्त फारम साथ संलग्न गर्नु पर्ने कागजातहरु :

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
३. अनुभव सम्बन्धी कागजातहरुको प्रमाणित प्रतिलिपि
४. स्वीकृत चिकित्सक बाट प्रमाणित निरोगिताको प्रमाणपत्र

योग्यता तथा अनुभव :

- नगर प्रहरी सहायक निरिक्षक पदको लागी नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान वा नेपाली सेनाको कम्तिमा जुनियर अफिसर वा सो सरहको पदवाट सेवा निवृत्त भएको वा टोखा नगरपालिकामा नगर प्रहरी जवान वा नगर प्रहरी हवल्दार पदमा कम्तिमा २ वर्षदेखि निरन्तर रुपमा कार्यरत रहेको हुनुपर्नेछ।
- नगर प्रहरी हवल्दार पदमा टोखा नगरपालिकामा कम्तिमा २ वर्ष नगर प्रहरी जवान पदमा निरन्तर सेवा गरी कुनैपनि कारवाही नभोगेका न्युनतम शैक्षिक योग्यता पूरा गरेका उम्मेदवारहरु बिच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।
- सरकारी तथा प्रचलित कानुन बमोजिम दर्ता भई संचालित निजी तथा गैरसरकारी सँस्थामा सुरक्षाकर्मीको पदमा कार्य गरेको आधिकारीक अनुभवको प्रमाणपत्रलाई मात्र कार्य अनुभवमा गणना गरिनेछ।
- शारीरिक तन्दुरुस्ती मूल्यांकन परीक्षामा उत्तिर्ण उम्मेदवारहरुलाई मात्र दोस्रो चरणको लिखित परिक्षामा समावेश गरिनेछ। परिक्षा मिति पछी निर्धारण गरिनेछ।

विस्तृत जानकारीको लागि टोखा नगरपालिकाको वेबसाईट www.tokhamun.gov.np मा टोखा नगरपालिकामा नगर प्रहरी बल गठन तथा संचालन सम्बन्धी कार्यविधि, २०७९ हेर्नुहुन अनुरोध छ ।

सूचना

नेपालको पहिलो गैरसरकारी बाल अस्पतालमा सबै प्रकारका खोपहरु हरेकदिन बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म लगाईन्छ। साथै पाठेघरको क्यान्सर विरुद्धको HPV Vaccine पनि लगाईन्छ र INFLUENZA, RABIES, TT, DT २४सै घण्टा लगाईन्छ।



विस्तृत जानकारीका लागि ०१-४९५९५६० मा सम्पर्क गर्नुहोला

२४ सै घण्टा नवजात तथा बाल रोग, नवजात तथा बाल शल्य, स्त्री तथा प्रसूति र हाडजोर्नी विशेषज्ञहरुबाट सम्बन्धित सेवाहरु उपलब्ध रहेको सहर्ष जानकारी गराउँदछौं।

SERVICES AVAILABLE

- Neonatal, Pediatric Surgery
- Pediatric Urology
- Pediatric Laparascopic Surgery
- Gastro Surgery
- Obstetrics & Gynecology
- Orthopedic Surgery
- ENT Surgery
- Dental Surgery
- Ophthalmology
- Neonatal, Pediatric Medicine
- Pediatric Hematology-Oncology
- Pediatric Gastroenterology
- Pediatric Pulmunology
- Pediatric Nephrology
- Pediatric Cardiology
- Pediatric Neurology
- Pediatric & Adolescent Psychiatry
- Dermatology & Venerology
- Physiotherapy & Rehabilitaion
- ICU (NICU, PICU) & HDU
- Ambulance

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
Tokha-5, Basundhara, KTM, Tel: **01-4954537**, **Website:** www.ishanhospital.com.np

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com